# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

**प्रदेश सरकार**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**गण्डकी प्रदेश, पोखरा, नेपाल**

## बिषयसूची


| सि.नं. | विवरण | पेज नं. |
| --- | --- | --- |
| क. | कार्यविधि सम्बन्धी परिचय | ३ |
| ख. | वन तथा वातावरणसँग सम्बन्धित कृयाकलापहरु | ३ |
| ग. | भू तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरु | ४८ |
| घ. | वातावरण संरक्षणसँग सम्बन्धित कृयाकलापहरु | ८४ |
| ङ. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग सम्बन्धित कृयाकलापहरु | ८९ |
| च. | उद्योग, वाणिज्य तथा आपूर्तिसँग सम्बन्धित कृयाकलापहरु | १०० |


मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
पोखरा, नेपाल

## क. कार्यविधि सम्बन्धी परिचय :

गण्डकी प्रदेश अन्तर्गतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, निर्देशनालयहरु, केन्द्र र कार्यालयहरुबाट स्वीकृत बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दा विद्यमान ऐन, नियम, मार्गदर्शन अनुसार सञ्चालन गरी कार्यक्रमले राखेको उद्देश्य, आशातित उपलब्धी तथा प्रभाव प्राप्त गर्नु आजको आवश्यकता हो । एउटै कार्यक्रम र कृयाकलाप सबै कार्यालयहरुले सम्पादन गर्दा मिल्दाजुल्दा कृयाकलाप समान विधिबाट कार्यान्वयन होस् र कार्यान्वयन गर्ने कार्यालय, संस्था र व्यक्तिलाई सहज र सरल होस् भन्ने उद्देश्यले यो कार्यविधि विगतका अनुभवहरुलाई समेत मध्यनजर गरी तयार गरिएको छ ।

## ख. वन तथा वातावरणसँग सम्बन्धित कृयाकलापहरु :

वन तथा वातावरणसँग सम्बन्धित कार्यक्रमहरु डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, वन निर्देशनालय र मन्त्रालयबाट संचालन हुने कार्यक्रम र कृयाकलापहरु पर्दछन् । संघीय शसर्त कार्यक्रमहरु र प्रदेशबाट स्वीकृत कार्यक्रमहरु प्रदेश रेड बुकमा राखिएका छन् । वन क्षेत्रका कार्यक्रमहरुमा राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जडीबुटी विकास कार्यक्रम, सिमसार व्यवस्थापन कार्यक्रम, वन्यजन्तु उद्दार तथा संरक्षण कार्यक्रम, गल्छी पहिरो नियन्त्रण कार्यक्रम, खानेपानी तथा विद्युतीय जलाधार संरक्षण कार्यक्रम तथा वातावरण शिक्षा कार्यक्रम आदि अन्तर्गतका विभिन्न कृयाकलापहरु रहेका छन् ।

संचालन गरिने कृयाकलापहरुको कार्यविधि बुँदागत रुपमा यो कार्यविधिमा उल्लेख गरिएको छ । यस कार्यविधिमा भएका उपभोक्ता समितिबाट संचालन हुने कार्यक्रमहरुमा कार्य सम्पन्न भएपछि अनिवार्य रुपमा जनलेखापरीक्षण समेत गर्नु पर्ने हुन्छ ।

### १. फलफूल विरुवा उत्पादन र वितरण तथा वृक्षारोपण समेत हजारमा /फलफूल तथा बहुउपयोगी विरुवा खरिद वितरण

**उद्देश्य :** नेपाल सरकारले २०७१/ ०७२ देखि २०८० सम्मको अवधिलाई वन दशकको रुपमा मनाउने तथा आ.व. ०७६/७७ लाई वृक्षारोपण वर्ष घोषणा गरेको सन्दर्भमा यो कार्यक्रम राखिएको हो । स्थानीय कृषकहरुको आयआर्जनमा वृद्धि गरी हरियाली प्रवर्धन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप :** विरुवा उत्पादन, खरिद, ढुवानी, वितरण तथा वृक्षारोपण ।

**कार्यान्वयन प्रक्रिया :** यस कार्यक्रमबाट सम्बन्धित कार्यालयले आफ्नै नर्सरीमा उपयुक्त प्रजातिका फलफूलको विरुवा उत्पादन गर्ने अथवा प्रचलित जिल्ला दररेट अनुसार सिजन अनुसारका फलफूल तथा बहुउपयोगी विरुवा खरिद गरी कृषकहरुलाई वृक्षारोपण गर्न वितरण गर्नुपर्नेछ ।

- कृषि ज्ञान केन्द्र वा जिल्लास्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासँगको समन्वयमा फलफूल उत्पादन कृषक पकेट क्षेत्र पहिचान गरी क्लष्टर गठन गर्ने ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- यसरी गठन गरिने क्लष्टर कृषि समूह वा सामुदायिक वन उपभोक्ता समूह वा कबुलियती वन उपभोक्ता समूहबाट गर्ने र कृषक वा उपभोक्ता सदस्यलाई निजी जग्गामा वृक्षारोपण गर्ने व्यवस्था गर्ने ।
- नर्सरीमा उत्पादित विरुवा वा खरिद गरिने विरुवा हिउँदे र वर्षे दुवै हुन सक्नेछ ।
- विरुवा खरिद र ढुवानी गरी बजेट बाँकी रहेमा वृक्षारोपण कार्यमा खर्च गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** विरुवा प्राप्त गर्ने कृषक वा समूहको सम्पर्क फोन नं. र ठेगाना समेतको विवरण समावेश गरी राख्नुपर्नेछ र वृक्षारोपण क्षेत्रको अनुगमन गरी फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धि :** कृषकहरुले फलफूल तथा बहुउपयोगी गुणस्तरीय विरुवा प्राप्त गरी वृक्षारोपण गरिएको हुनेछ।

## २. वृक्षारोपण तथा विरुवा उत्पादन हजारमा (वृक्षारोपण वर्ष)/विभिन्न प्रजातिका बहुउद्देशीय विरुवा उत्पादन/विरुवा उत्पादन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति स्थानीय माग र अनुकुलता समेत)

**उद्देश्य :** नेपाल सरकारले आ.व. २०७६/०७७ लाई वृक्षारोपण वर्ष घोषणा गरेको सन्दर्भमा यो कार्यक्रम राखिएको हो । वन क्षेत्रलाई जैविक विविधतायुक्त बनाउन तथा वैकल्पिक आयस्रोतको रुपमा विकास गर्न विरुवा उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरित गर्ने र यस्ता विरुवाको आपूर्ति र उत्पादनमा अभिवृद्धि भई आयआर्जनमा सुधार पुऱ्याउने यो कृयाकलापको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** नर्सरी नाइकेको व्यवस्था, विरुवा उत्पादन, ढुवानी, बृक्षारोपण ।

**कार्यान्वयन प्रक्रिया :** जिल्लामा खाली रहेका सबै प्रकारका वन क्षेत्र, निजी जग्गा, नदी उकास क्षेत्र र विभिन्न दिवस समारोहमा वृक्षारोपण गर्न यस कार्यक्रमबाट जिल्ला स्थित कार्यालयहरुको नर्सरीबाट विरुवा उत्पादन र वितरण गर्न सकिनेछ । विरुवा उत्पादन र वितरण कार्य गर्दा निम्न कार्यविधि अनुसरण गर्नुपर्नेछ ।

- विरुवा उत्पादन गर्दा उच्च मूल्य, बजारमा माग भएको र स्थानीय किसानको रुचि अनुसारको प्रजातिहरुको प्राथमिकता सर्भेक्षण गरी माग बमोजिम र वृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने विरुवा संख्या र प्रजाति एकीन गरी सोही अनुसार विरुवा उत्पादनको लागि कार्ययोजना (समय तालिका) तयार गर्नुपर्नेछ ।
- कार्यालयको कार्यक्रममा वृक्षारोपण कार्यको लागि छुट्टै बजेट नभएको अवस्थामा मात्र कम्तीमा ३० प्रतिशतसम्म बजेट वृक्षारोपणमा र बाँकी विरुवा उत्पादन कार्यमा खर्च गर्न सकिनेछ ।
- बिरुवा उत्पादन गर्दा बिरुवा संख्या ३० हजार वा बढी भएमा कार्यालयले बाह्रै महिना नर्सरी नाईके राख्नुपर्नेछ ।
- कार्यादेशमा कुन कुन प्रजातिका विरुवा कहिले सम्म उत्पादन गर्नुपर्ने हो सो स्पष्ट खुलाउनुपर्नेछ ।
- गुणस्तरयुक्त तथा स्थानीयस्तरमा सफल भएका रुखविरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ । उपलब्ध भएसम्म विभागबाट प्रमाणित गरिएको बीऊ खरिद वा संकलन गर्नुपर्नेछ ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- विरुवा उत्पादन तथा वितरणको लागि सर्भे, स्थलगत निरीक्षण, कार्ययोजना तयारी तथा रिपोर्टिङ लगायतका काममा आवश्यक पर्ने दैनिक तथा भ्रमण खर्चमा यो शीर्षक अन्तर्गतको कन्टिन्जेन्सी दुई प्रतिशतसम्म खर्च गर्न सकिनेछ। सो को लागि पहिला नै लागत इस्टिमेटमा खुलाउनुपर्नेछ।
- यस शिर्षकबाट वृक्षारोपणलाई छुट्याईएको रकम खर्च गर्दा संघीय मन्त्रालयको नर्मश अनुसार लागत ईष्टिमेट स्वीकृत गराई खर्च गर्नु पर्नेछ।

**अनुगमन र प्रगति प्रतिवेदन :** विरुवा उत्पादन तथा वितरण गर्दा नर्सरी रजिष्टर तथा विरुवा वितरण रजिष्टर दुरुस्त राख्नुपर्नेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा विरुवा उत्पादन तथा बृक्षारोपण कृयाकलापहरुको फोटो र वृक्षारोपण क्षेत्रको जि.पि.एस. नक्सा तथा फिल्ड बुक समावेश गर्नुपर्नेछ। नर्सरी भएको स्थानमा साईन बोर्ड, स्थानीय नाम र वैज्ञानिक नाम खुल्ने गरी विरुवाको Tag राख्नुपर्नेछ।

**अपेक्षित उपलब्धी :** गुणस्तरीय बिरुवा उत्पादन भई वृक्षारोपण भएको हुनेछ।

## ३. साझेदारी र चक्ला वनमा वैज्ञानिक वन व्यवस्थापन (साझेदारी वन व्यवस्थापन, वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वियन)

यस कार्यक्रम नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा रहेका साझेदारी र चक्ला वनमा संचालन हुनेछ। यस शिर्षकमा स्वीकृत बजेट बांडफाँड गरी साझेदारी वन व्यवस्थापन र चक्ला वन व्यवस्थापनको कार्ययोजना कार्यान्वयनमा खर्च गर्नु पर्नेछ।

### ३.१ साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापन

**उद्देश्य :** वनको दिगो व्यवस्थापन, वनको उत्पादकत्व वृद्धि तथा वन पैदावारको उत्पादन गरी स्थानीयरोजगारी सिर्जना गर्ने र समूहको आम्दानी तथा राजश्व वृद्धिमा टेवा पुऱ्याउने।

**समेट्नु पर्ने कृयाकलाप :** स्वीकृत वन कार्यायोजना अन्तर्गतका वन संरक्षण, अग्निरेखा निर्माण तथा मर्मत र वन व्यवस्थापनका कृयाकलापहरु (रुख छपान, लगत संकलन, कटान, थिनिङ्ग, सुधार कटान, घाटगद्दि व्यवस्थापन, कटान प्लटमा हाँगाबिँगा सरसफाई, खहरे व्यवस्थापन, पोखरी तथा पानी मुहान संरक्षण आदि), वन व्यवस्थापनका लागि उपकरण र गस्तीका लागि साधन खरिद र अनुगमन (इन्धन र सवारी मर्मत) लगायतका कार्यहरु।

**कार्यान्वयन प्रक्रिया :**

- यस कार्यक्रम संचालन गर्दा साझेदारी वनको स्वीकृत वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, साझेदारी वन सम्बन्धी कार्यविधि/निर्देशिका, स्वीकृत वन कार्ययोजना तथा प्रचलित नर्मस् बमोजिम गर्नुपर्नेछ। यस कार्यक्रमको लागि आवश्यक पर्ने मानवीय श्रोत, प्राविधिक सहयोग डिभिजन वन कार्यालयमा कार्यरत जनशक्ति वा परामर्श सेवा मार्फत लिन सकिनेछ।
- स्वीकृत वन व्यवस्थापन योजनालाई आधार मानी वैज्ञानिक वन व्यवस्थापन एवं कार्यान्वयन गर्नका लागि सम्बन्धित सव डिभिजन वन कार्यालयको सहयोगमा कार्यान्वयन इकाईले वार्षिक योजना (वार्षिक



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

कार्यक्रम) तयार गरी समूह बैठकबाट अनुमोदन गराएर डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । उपलब्ध बजेटको परिधि भित्र रही पेश हुन आएको बार्षिक कार्यक्रमलाई डिभिजन वन कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ । बजेट खर्च तथा कार्यक्रमको प्रगति सहितको प्रतिवेदन समूहले नियमित रुपमा डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । स्वीकृत कार्यक्रमको कार्यान्वयन समूह, समिति, वन कर्मचारी वा सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

- साझेदारी वन समूहको प्रशासनिक खर्च र ढलापडा काठ, दाउरा संकलन कार्यमा लाग्ने बजेट समूहको आन्तरिक कोषबाट व्यवस्था गर्नुपर्नेछ ।
- वन व्यवस्थापन कार्यमा पहिलो वर्ष पछि समूहको लगानी वृद्धि गर्दै जाने र सरकारको लगानी कम गर्दै जानुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयबाट हुनेछ । काठ दाउरा उत्पादन, लाभान्वित घरधुरी, राजश्व, कार्यान्वयन गरिएको वनको क्षेत्रफल आदि सहितको प्रतिवेदन तयार गरी मन्त्रालय र निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** वनको दिगो व्यवस्थापन, वनको उत्पादकत्व वृद्धि, वन पैदावारको उत्पादन गरी स्थानीयरोजगारी सिर्जना गर्दै समूहको आम्दानी तथा राजश्व वृद्धिमा टेवा पुऱ्याएको हुनेछ ।

### ३.२ चक्ला वनको वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन

**उद्देश्य :** वनको हैसियतमा सुधार ल्याउने, जैविक विविधता अभिवृद्धि गर्ने, वन पैदावारको उत्पादकत्व वृद्धि गरी स्थानीय रोजगारी सिर्जना गर्दै राजश्व वृद्धिमा टेवा पुऱ्याउने गरी डिभिजन वन कार्यालय मार्फत यी कृयाकलापहरु सञ्चालन गरिनेछ ।

**समेट्नु पर्ने कृयाकलाप :** रुखको लगत संकलन, माउ रुख पहिचान, रुख छपान र मूल्याङ्कन, कटान मुछान, ढुवानी, गस्ती परिचालन, हेरालु व्यवस्थापन, डढेलो तथा आगलागी नियन्त्रण, अग्निरेखा सरसफाई, गत बर्ष कटान भएका प्लटहरुमा सरसफाई (गोडमेल, झारपात तथा घाँस काट्ने), पुनरुत्पादन कटान, पुनरुत्पादन अभिबद्धि, सव कम्पार्टमेन्ट छुट्टयाउने कार्य, अग्निरेखा मर्मत सम्भार, घाटगद्दी सुदृढिकरण तथा विस्तार, खहरे तथा पानी निकास व्यवस्थापन, प्रचार प्रसार, चाक्लामा रहेको शसत्र वन रक्षक क्याम्प मर्मत सुधार, उपकरण औजार ( वन व्यवस्थापन, सफ्टवेयर र गस्तीका लागि साधन) खरिद, तालिम, फिल्ड गियर, अनुगमन (ईन्धन), सवारी साधन मर्मत, प्राविधिक तथा परामर्श सेवा खरिद लगायतका कृयाकलापहरु

**कार्यान्वयन प्रक्रिया :**

- सरकारद्वारा व्यवस्थित चक्ला वनमा स्वीकृत वैज्ञानिक वन व्यवस्थापन कार्याविधि, स्वीकृत कार्ययोजना तथा प्रचलित नर्मश् बमोजिम कार्यक्रम संचालन गरिनेछ ।
- कार्यक्रम कार्यान्वयनका लागि सहायक वन अधिकृतको नेतृत्त्वमा कार्यान्वयन टोली गठन गरी उक्त टोलीले स्वीकृत वन व्यवस्थापन कार्ययोजना अन्तर्गतका कृयाकलापहरु कार्यान्वयनका लागि लागत



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

अनुमान तयार गरी डिभिजनल वन अधिकृत समक्ष पेश गर्नेछ र डिभिजनल वन अधिकृतले स्थलगत निरीक्षण समेत गरी आर्थिक ऐन नियम अनुसार स्वीकृत गर्ने गराउनेछ ।

- उल्लेखित कार्यक्रम संचालन डिभिजन वन कार्यलयमा कार्यरत जनशक्ति परिचालन तथा प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार गर्न गराउन सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय र डिभिजन वन कार्यालयबाट हुनेछ । काठ दाउरा उत्पादन, लाभान्वित घरधुरी, राजश्व, कार्यान्वयन गरिएको वनको क्षेत्रफल आदि सहितको प्रतिवेदन तयार गरी मन्त्रालय, विभाग, निर्देशनालयमा पेश गर्नुपर्नेछ ।**अपेक्षित उपलब्धी :** वनको दिगो व्यवस्थापन, वनको उत्पादकत्व वृद्धि, वन पैदावारको उत्पादन गरी स्थानीयरोजगारी सिर्जना गर्दै समूहको आम्दानी तथा राजश्व वृद्धिमा टेवा पुऱ्याएको हुनेछ ।

## ४. सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन र कार्ययोजना कार्यान्वयन

**उद्देश्य :** यस कार्यक्रमले सामुदायिक वनको दिगो व्यवस्थापन, वनको उत्पादकत्व वृद्धि तथा वन पैदावारको उत्पादन गरी स्थानीयरोजगारी सिर्जना गर्ने र समूहको आम्दानी तथा राजश्व वृद्धिमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ । यो शिर्षकको बजेटबाट वैज्ञानिक वन व्यवस्थापन गर्न वन कार्ययोजना तयार गर्ने र गत आ.व.हरुमा तयार भएका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्ने कार्यमा समूह मार्फत खर्च गर्ने व्यवस्था गरिनेछ ।

### ४.१ नयाँ कार्ययोजना तयार गर्ने

**समेट्नु पर्ने कृयाकलाप :** वन छनौट, अभिमुखीकरण, सरोकारवालाहरुसँग अन्तरक्रिया, समूहको निर्णय, अनुगमन, कार्ययोजना तयारी र स्वीकृती ।

**कार्यान्वयन प्रक्रिया :**

- वैज्ञानिक वन व्यवस्थापन कार्यविधि अनुसार जिल्लामा कार्यरत वा कम्तिमा वन विज्ञानमा स्नातक गरेका वन प्राविधिकको टोलीले स्थलगत निरिक्षण गरी उपयुक्त क्षेत्रफल भएका सामुदायिक वन छनौट गर्ने ।
- समूह भेलाबाट निर्णय गरी वन कार्यालयमा माग पेश गर्ने ।
- समूह कोषमा रु पाँच लाख भन्दा बढी रकम भए सरकार र समूहको सहलगानीमा कार्ययोजना तयार गर्ने व्यवस्था गर्ने ।
- समूहले वन कार्यालयका वन प्राविधिक अभाव भएमा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार परामर्शदाता लिने व्यवस्था गरी सव-डिभिजन वन कार्यालयका अधिकृतको रोहवरमा कार्य सम्पन्न गर्ने सम्झौता गर्ने ।
- वन प्राविधिक वा परामर्शदाताले वैज्ञानिक वन व्यवस्थापन कार्यविधि अनुसार कार्ययोजना तयार गरी डिभिजन वन कार्यालयबाट प्राविधिक चेक गराएपछि समूहमा पेश गर्ने ।
- समूह भेलाको निर्णय सहित कार्ययोजना स्वीकृतिको लागि डिभिजन वन कार्यालयमा पेश गर्ने ।
- मस्यौदा कार्ययोजना सम्बन्धित सरोकारवालासँग अन्तरक्रिया गर्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

- समूहले भुक्तानी लिन बिल भरपाई सहितका कागजातहरु डिभिजन वन कार्यालयमा पेश गर्ने र स्वीकृति भएपछि अन्तिम भुक्तानी दिने ।
- प्राविधिक सहजीकरणका साथै अनुगमन गर्न दश प्रतिशतमा नबढ्ने गरी राख्नुपर्नेछ । यसमा विनियोजित बजेटको नियमानुसार कन्टिन्जेन्सी रकम छुट्याई कार्यक्रम सञ्चालनका लागि व्यवस्थापकीय कार्यमा खर्च गर्ने सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** कार्ययोजना तयारी चरण तथा मस्यौदा कार्ययोजना तयार भएपछि कार्यान्वयन क्षेत्रको अनुगमन गर्नुपर्नेछ । स्वीकृत वन कार्ययोजना र सम्बन्धित कागजातहरु सहित पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** वन संवर्धन प्रणालीमा आधारित कार्ययोजना तयार भएको हुनेछ ।

**४.२ वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन सहयोग**

**समेट्नु पर्ने कृयाकलाप :** स्वीकृत वन कार्यायोजना अन्तर्गतका वन संरक्षण, अग्निरेखा निर्माण तथा मर्मत, वन डढेलो रोकथाम तथा नियन्त्रण र वन व्यवस्थापनका कृयाकलापहरु (रुख छपान, लगत संकलन, कटान, थिनिङ्ग, सुधार कटान, घाटगद्दि व्यवस्थापन, कटान प्लटमा हाँगाबिँगा सरसफाई, खहरे व्यवस्थापन, पोखरी तथा पानी मुहान संरक्षण आदि), वन व्यवस्थापन उपकरण तथा अनुगमन (इन्धन र सवारी मर्मत) लगायतका कार्यहरु ।

**कार्यान्वयन प्रक्रिया :**

- स्वीकृत कार्ययोजनामा रहेका कृयाकलापहरु संचालन गर्न समूह निर्णय सहितको योजना सव डिभिजन वन कार्यालयको सिफारिस सहित डिभिजन वन कार्यालयमा पेश गर्ने ।
- कार्यक्रममा पुनरुत्पादन. कटान, अग्निरेखा निर्माण, तयारी कटान, काठ दाउरा ढुवानी र घाटगद्दि व्यवस्थापन, अग्नि नियन्त्रण, छटनी र वृक्षारोपण कृयाकलापहरु राख्नुपर्ने ।
- समूहलाई बैज्ञानिक वन व्यवस्थापन तालिम, स्थलगत अभ्यास लगायतका क्षमता विकासका कार्यमा समेत खर्च गर्न सक्नेछ ।
- माउरुखको अन्तिम छनौट, समूहलाई सहजीकरण र उल्लेखित कार्यहरुको अनुगमन र प्राविधिक परिक्षण डिभिजनल वन अधिकृत स्वयम् वा कार्यालयको योजना र व्यवस्थापनमा कार्यरत अधिकृतले गर्नु पर्नेछ । खटाउनु पर्नेछ । प्राविधिक सहजीकरण, माउरुखको अन्तिम छनौट र अनुगमन गर्न १०% मा नबढ्ने गरी राख्नुपर्नेछ । यसमा विनियोजित बजेटको नियमानुसार कन्टिन्जेन्सी रकम छुट्याई कार्यक्रम संचालनका लागि व्यवस्थापकीय कार्यमा खर्च गर्ने सकिनेछ ।
- सबै कृयाकलापहरु संचालन गर्दा स्वीकृत नर्मश अनुसार खर्च गर्नुपर्नेछ । नर्मशमा उल्लेख नभएको कृयाकलापहरु जिल्ला दररेट अनुसार खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि समूहले बिल भरपाईहरु र प्रगति प्रतिवेदन पेश गरेपछि अन्तिम भुक्तानी गरिनेछ ।
- दोश्रो वर्ष र त्यसपछिका वर्षहरुमा अनुदान पाउने समूहहरुले पुनरुत्पादनको अवस्थाको विश्लेषण सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

**अनुगमन र प्रगति प्रतिवेदन :** वन संवर्धनका कृयाकलापहरु सञ्चालन गर्दा, घाटगद्दी व्यवस्थापन र वन पैदावार बिक्री वितरणको अनुगमन सब डिभिजन र डिभिजन वन कार्यालयबाट नियमित रुपमा गर्नुपर्नेछ र सो को प्रतिवेदन डिभिजन वन कार्यालय र वन निर्देशनालयमा पेश गर्नुपर्नेछ । काठ दाउरा उत्पादन, लाभान्वित घरधुरी, रोजगारी सिर्जना, राजश्व, कार्यान्वयन गरिएको वनको क्षेत्रफल आदि सहितको प्रतिवेदन तयार गरी मन्त्रालय, विभाग तथा निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** वनको दिगो व्यवस्थापन भई उत्पादित काठ दाउराको परिमाण, राजश्व र सिर्जित रोजगारीको विवरण प्राप्त भएको हुनेछ ।

## ५. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन

**उद्देश्य :** वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजनामा उल्लेखित कृयाकलापहरु कार्यान्वयन गर्ने ।

**समेट्नुपर्ने कृयाकलाप :** वन डढेलो रोकथाम तथा नियन्त्रण कार्ययोजना तयार, संजाल गठन र परिचालन, प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण, Fire fighting team परिचालन, वन डढेलो नियन्त्रण सामग्री खरिद तथा वितरण, वन डढेलो नियन्त्रण ।

**कार्यान्वयन प्रक्रिया :**

- वन डढेलोको नियन्त्रण गर्न जिल्लाको पंचवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित कार्ययोजना र सो नभए, सरोकारवालाहरुको सहभागितामा वन डढेलो संवेदनशील क्षेत्र पहिचान गरी कार्ययोजना तयार गर्नु पर्ने छ । कार्ययोजनामा भएका कृयाकलापहरु संचालन गर्न यो शिर्षकबाट खर्च गरिनेछ । यसका लागि विनियोजन भएको रकम नियन्त्रित डढेलो लगाउने, अग्नि नियन्त्रण संजाल गठन तथा परिचालन, वन क्षेत्रमा भएको प्रज्वलनशिल सुख्खा पदार्थ व्यवस्थापन, आदि कार्यहरुमा खर्च गर्न सकिनेछ ।
- सामुदायिक वनहरुमा समूह परिचालन गरी अग्निरेखा निर्माण तथा सुधार र डढेलो नियन्त्रण कार्य गर्न सकिनेछ ।
- डढेलो लाग्ने महिना अगावै प्रचारप्रसारका सामग्री तयार गर्ने, जनचेतना अभिवृद्धि, संचारका माध्यमबाट प्रकाशन र प्रशारण गर्न सकिनेछ ।
- डढेलो नियन्त्रण संजालहरु गठन गरी वा अग्नि समन टोली (Fire fighting team) बाट डढेलो नियन्त्रणका कार्यहरु गर्न सकिनेछ ।
- आकष्मिक डढेलो लागेको सूचना प्राप्त गरेमा कर्मचारी र सुरक्षाकर्मी घटनास्थलमा गई नियन्त्रण गर्न जाँदा खाजा, खाना, पानी, इन्धन लगायतका शिर्षकहरुमा यसबाट खर्च गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ :-

- संचालन भएको कार्यक्रमहरुको सम्पन्न प्रतिवेदन, फोटो समेत
- लागत तथा खर्चको विवरण,
- वन डढेलो नियन्त्रणको प्रभावकारीता (बचाइएको अनुमानित वनको क्षेत्रफल) संलग्न व्यक्ति तथा संघसंस्था, क्षतिको विवरण, भविष्यमा अपनाउनुपर्ने रणनीति आदि ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा

**अपेक्षित उपलब्धी :** वन डढेलो नियन्त्रण कार्ययोजना कार्यान्वयन भई वन डढेलोको घटनामा कमी आई यसबाट हुने क्षतिमा कमी आएको हुनेछ ।

## ६. योजना तर्जुमा गोष्ठी

**उद्देश्य :** वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालय स्तरमा तयार भएको योजनाहरुमा विस्तृत छलफल गरी प्राथमिकता तोकी प्राप्त बजेट सिलिङ भित्र रहि वार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो ।

**समेट्नु पर्ने कृयाकलाप :** गोष्ठी संचालन

**कार्यान्वयन प्रक्रिया :**

- प्रदेश स्तरीय योजना तर्जुमा गोष्ठीमा डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुका प्रमुख एवं कार्यक्रमसँग सम्बन्धित परियोजनाका प्रमुख एवं प्रतिनिधिहरु, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका पदाधिकारीहरु एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागितामा संचालन गर्न सकिनेछ । वन तथा वातावरणसँग सम्बन्धित अन्य कार्यक्रम र सरोकारवालाहरुको समेत सहभागिता गराउनु पर्दछ ।
- जिल्लास्थित कार्यालयहरुमा योजना तर्जुमा गोष्ठी भएमा जिल्ला भित्र रहेका सव डिभिजन वन कार्यालयहरु, वन उपभोक्ता महासंघ तथा सम्बन्धित सरोकारवालाहरु समेतको सहभागितामा योजना तर्जुमा गर्नुपर्नेछ ।
- यस शर्षकको रकम गोष्ठीमा सहभागीको दैनिक तथा भ्रमण भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रहि लागत ईष्टिमेट स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा भएको उपस्थिति विवरण तथा माइन्युट फोटो एवं खर्च बिल भरपाइ र बनेको कार्यक्रमको सूची सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । कार्यक्रमको अनुगमन वन निर्देशनालयका प्रमुखबाट गरिनेछ ।

**अपेक्षित उपलब्धी :** वन निर्देशनालय, डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयस्तरमा तयार भएको योजनाहरुमा विस्तृत छलफल भई प्राथमिकता तोकी प्राप्त बजेट सिलिङभित्र रही वार्षिक योजना निर्माण भएको हुनेछ ।

## ७. प्रगति समिक्षा गोष्ठी

**उद्देश्य :** वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट संचालन भएका कार्यक्रमहरुमा भएको प्रगतिको बारेमा छलफल गरी कार्यक्रम कार्यान्वयनका सवल र दुर्वल पक्षहरुको बारेमा छलफल गरी आगामी बर्षमा गरिने कार्यक्रमहरुलाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग पुग्ने अभिप्रायले प्रत्येक चौमासिक अवधि र वार्षिक रुपमा प्रगती समिक्षा गोष्ठी संचालन गरिनेछ ।

**समेट्नुपर्ने क्र्याकलाप :** गोष्ठी संचालन ।

**कार्यान्वयन प्रक्रिया :**

- प्रदेश स्तरिय चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठीमा डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुका प्रमुख एवं कार्यक्रम सँग सम्बन्धित परियोजनाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता गराउनु पर्दछ ।
- जिल्लास्थित कार्यालयहरुमा प्रगति समीक्षा गोष्ठीको कार्यक्रम भएमा जिल्ला भित्र रहेका सव डिभिजन वन कार्यालयहरु, वन उपभोक्ता महासंघ तथा सम्बन्धित सरोकारवालाहरु समेतको सहभागितामा प्रगति समिक्षा गोष्ठी गर्नुपर्नेछ ।
- यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रहि लागत ईस्टिमेट स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** वन् निर्देशकले कार्यकम संचालन हुदै गर्दा अनुगमन गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा भएको उपस्थीती विवरण तथा माइन्युट, फोटो एवं खर्च भएका बिल भर्पाइ सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पदछ ।

**अपेक्षित उपलब्धी :** प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न पृष्ठपोषण (समस्या, अवसर, अवस्था भावी कार्यदिशा) र प्रगति प्राप्त भएको हुनेछ ।

## ८. प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण /वन डढेलो सम्बन्धी प्रचार प्रसार (सामग्री प्रकाशन, रेडियो टिभिमा विज्ञापन)/ वन्यजन्तु सम्बन्धी प्रचार प्रसार

**उद्देश्य :** यस कार्यक्रममा विभिन्न किसिमका प्रचारप्रसार सामग्रीहरु उत्पादन, प्रसारण, प्रकाशन तथा वितरण गरी वन डढेलो रोकथाम तथा नियन्त्रण, जैविक विविधता संरक्षण, वातावरण संरक्षण, प्रदुषण नियन्त्रण, जलवायु परिवर्तन तथा प्रकोप न्यूनीकरण, वन तथा वन्यजन्तु संरक्षण, मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, जलाधार व्यवस्थापन तथा वृक्षारोपण सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने उद्देश्य लिइएको छ ।

**समेट्नुपर्ने क्र्याकलाप :** यस अन्तर्गत होर्डिङ बोर्ड निर्माण, ब्रोसर, स्टिकर, पम्प्लेट, अनुकरणीय सफलताका कथा पुस्तिका तयारी, प्रकाशन तथा वितरण, भित्ते लेखन, विद्यालय शिक्षण, संरक्षण सँग सम्बन्धित छोटो भिडियो, वृतचित्र, रेडियो तथा पत्रपत्रिकाबाट सूचना तथा सन्देशमूलक सामाग्री उत्पादन, प्रशारण तथा वितरण लगायतका कार्यहरु संचालन गर्नु पर्नेछ ।

**कार्यान्वयन प्रक्रिया :**

- कार्यालयबाट सूचना तथा सन्देश तयार गरी (आवश्यक परे वृतचित्र समेत) सो को उत्पादन, प्रकाशन, Display, प्रशारण तथा वितरण गर्ने व्यवस्था गर्ने ।
- प्रकाशन प्रशारण सम्बन्धी प्रचार प्रसार मिडियासँग सम्झौता गर्ने ।
- कार्यक्रम सम्पन्न भएपछि प्रचार प्रसार सम्बन्धी प्रमाण संलग्न गरी भुक्तानी माग गर्नुपर्नेछ ।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय प्रदेश सरकार गण्डकी प्रदेश पोखरा, नेपाल

- Leaflet र पुस्तिकाहरु तयारी, छपाई र वितरण गर्न सकिनेछ ।
- वन्यजन्तु संरक्षणको लागि बाटोको दायाँ बायाँ, सेवा ग्राहीहरुको बढी आवतजावत हुने ठाउँ, कार्यालयको कम्पाउण्ड भित्र र Wall को बाहिरी भाग आदिमा वन, वन्यजन्तु तथा चराचुरुङ्गी र पारस्थितिकीय प्रणालीको बारेमा चेतनामुलक सन्देश, नारा, आर्ट आदिको भित्ते लेखन र पेन्टिङ गर्ने कार्य समेतगर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** सम्बन्धित कार्यालयका प्रमुखले यस कार्यक्रमको अनुगमन गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा सम्पन्न गरिएका कृयाकलापहरु (होर्डिङ बोर्ड, ब्रोसर, पम्प्लेट, भिडियो वृतचित्र, होर्डिङ बोर्ड, पर्चा आदि) को विवरण फोटो, सि.डि. एवं आवश्यक बिल भरपाईहरु संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ । उत्पादन गरिएका सामग्रीहरु कार्यालयको सूचनाबोर्डमा समेत डिस्प्ले गरी राख्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** प्रचारप्रसार सामग्रीहरु उत्पादन गरी प्रचारप्रसार तथा वितरण गरी वन डढेलो रोकथाम तथा नियन्त्रण, जैविक विविधता संरक्षण, वन तथा वन्यजन्तु संरक्षण, जलाधार व्यवस्थापन, वृक्षारोपण, जस्ता सचेतना कार्यक्रमहरु संचालन भएका हुनेछन् ।

## ९. उजुरी छानविन (अ.दु.अ.आ.बाट प्राप्त समेत)

**उद्देश्य :** विभिन्न निकाय तथा व्यक्तिहरुबाट विभिन्न माध्यमबाट प्राप्त हुने उजुरी तथा गुनासोहरुको छानविन तथा सो को व्यवस्थापन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप/कार्यान्वयन प्रक्रिया :** उजुरी तथा गुनासो प्राप्त गर्ने, उजुरी छानविन तथा अनुसन्धानको लागि कर्मचारी वा टिम गठन गरी खटाउने, प्रतिवेदन प्राप्त गर्ने तथा सम्बन्धित निकायमा पठाइ कार्यालयमा समेत दुरुस्त राख्ने ब्यवस्था गर्ने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** उजुरो तथा गुनासो छानविन गरी प्रतिवेदन पेश गर्ने तथा प्राप्त प्रतिवेदनहरुको व्यवस्थापन गर्ने ।

**अपेक्षित उपलब्धी :** उजुरी र गुनासो छानविन तथा व्यवस्थापन भई सुशासनमा थप टेवा पुगेको हुनेछ ।

## १०. प्रदेशस्तरिय संगठन संरचनाको पूर्वाधार निर्माण तथा सुधार कार्यक्रम : सव डिभिजन वन कार्यालयको लागि भवन/भवन निर्माण

**उद्देश्य :** देशमा संघीयताको कार्यान्वयन सँगै मौजुदा वन सँगठनको पुन:संरचना भई हाल कायम हुन आएका डिभिजन तथा सव डिभिजन वन कार्यालयहरुको कार्यालय भवन नयां निर्माण तथा पुराना भवनमा कोठा, तला, छाना थप गर्ने माटोको छाना हटाइ टिनको छाना वा ढलान थप्ने गरी सुधार गर्न र आबश्यकतानुसार मर्मत गर्न यो कार्यक्रमको व्यवस्था भएको हो ।

**समेट्नु पर्ने कृयाकलाप :** स्थान छनौट, डिजाइन, नक्सा तथा लागत अनुमान, टेण्डर आव्हान, कार्यादेश, मूल्याङ्कन तथा सम्झौता, निर्माण कार्य, कार्य सम्पन्न पश्चातको नक्सा तयारी, अनुगमन, जाँचपास ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

**कार्यान्वयन प्रक्रिया :**

- यो कार्यक्रम सम्पन्न गर्न तत्कालिन वन विभागले तोकेको डिजाइन अनुसार वा बजेटको सिमा भित्र रही प्राविधिकबाट design तथा estimate गरी स्वीकृत design तथा estimate का आधारमा सार्वजनिक खरिद ऐन नियम बमोजिम कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।
- आवश्यक प्रक्रिया पूरा गरी निर्माण गरेको कार्यालयको लागि फर्निसिङ सहितको कार्य समेत गर्न सकिनेछ ।
- यस कार्यक्रम कार्यान्वयनका लागि डिभिजन तथा सव डिभिजन वन कार्यालयको पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी डिजाइन तथा लागत इष्टिमेट इन्जिनियरिङ प्राविधिकले गर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** निर्माण कार्यको अनुगमन डिभिजन वन कार्यालय तथा सम्बन्धित प्राविधिकले गर्नेछ । इन्जिनियरिङ प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन, जाँचपास तथा Work completion report का आधारमा कार्यालयबाट अन्तिम भुक्तानी हुनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ :-

- स्वीकृत design तथा estimate
- कार्य सम्पन्न प्रतिवेदन (Work completion report)
- निर्माण तथा सुधार कार्यमा लागेको जम्मा खर्चको विवरण
- कार्य संचालन अघि र सम्पन्न पछिको फोटो तथा नक्सा

**अपेक्षित उपलब्धी :**

- डिभिजन तथा सव डिभिजन वन कार्यालयहरुको कार्यालय भवन निर्माण तथा सुधार भएका हुनेछन् ।
- भौतिक संरचनाको निर्माण तथा सुधारबाट कार्यालयद्वारा प्रदान हुने सेवामा प्रभावकारीता बढ्नेछ ।

## ११. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी तथा वन हस्तान्तरण प्रक्रियामा सहजिकरण

**उद्देश्य :** पहिचान भएका वन क्षेत्र तथा समुदायबाट माग भएका वन क्षेत्रहरुको समूह गठन, विधान तथा कार्ययोजना तयार गरी वन हस्तान्तरण गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप :** बैठक, भेला, वन सर्भेक्षण, विधान तथा कार्ययोजना तयारी, हस्तान्तरण ।

**कार्यान्वयन प्रक्रिया :**

- यो कार्यक्रम प्रचलित वन ऐन तथा वन नियमावली तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर सम्पन्न गर्नुपर्नेछ ।
- विधान तथा कार्ययोजना तयारी कार्यको सहजीकरण सव डिभिजन वन कार्यालयका कर्मचारीबाट र सिफारिस गर्ने काम कम्तीमा फरेष्टर तहका वन प्राबिधिकबाट हुनुपर्नेछ । यसका लागि सामुदायिक वन श्रोत सर्भेक्षण मार्गदर्शन, २०६१ अनुसार वन श्रोत सर्भेक्षण गर्ने तथा GPS बाट सीमा सर्भेक्षण तथा



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

Permanent sample plot layout (GPS point समेत राखी) गरी sample plot को केन्द्रको GPS point देखिने नक्सा तथा फिल्ड बुक र सामुदायिक वनको बिस्तृत नक्शा समेत पेश गर्नुपर्नेछ ।

- दलित, महिला, गरिब लक्षित समुदायको लागि आयआर्जन कार्यक्रम तथा जलवायु परिवर्तन अनुकूलन योजना समावेश गर्नुपर्नेछ ।
- यसमा उपलब्ध बजेटबाट वन श्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार र बिधान तथा कार्ययोजना तयारीको लागि टाईपिङ, प्रिन्टिङ र बाईन्डिङमा खर्च गर्नुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** कार्यक्रम सम्पन्न भए पछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ :

- सामुदायिक वनको नाम ठेगाना र हस्तान्तरण गरिएको क्षेत्रफल,
- लाभान्वित घरधुरी संख्या र जनसंख्या,
- कार्य समितिको स्वरुप (संख्या तथा समावेशी प्रतिनिधित्व) र
- अन्य आवश्यक कुराहरु

**अपेक्षित उपलब्धी :**

- यो कार्यक्रम संचालनबाट सामुदायिक वन उपभोक्ता समूहको विधान र कार्ययोजना निर्माणमा सहयोग भई वनको स्थानीय समूहद्वारा दिगो व्यवस्थापन भएको हुनेछ ।
- थप राष्ट्रिय वन क्षेत्र समुदायबाट व्यवस्थित भएको हुनेछ ।

## १२. सा.व.उ.स. को कार्ययोजना नवीकरण सहयोग (गरिब, महिला र दलित लक्षित जलवायु परिर्वतन अनुकूलन योजना)

**उद्देश्य :** स्वीकृत अवधि पुरा भएका सामुदायिक वन कार्ययोजनाहरुको नवीकरण गरी वन व्यवस्थापनमा सहजीकरण गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप :** बैठक, भेला, वन सर्भेक्षण, कार्ययोजना तयारी र स्वीकृती ।

**कार्यान्वयन प्रक्रिया :**

- प्रचलित वन ऐन तथा वन नियमावली तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर सम्पन्न गर्नुपर्नेछ ।
- कार्ययोजनाको अवधि समाप्त भएका र कार्ययोजना पुनरावलोकन र संशोधनको लागि समूहबाट माग भई आएका सा.व.को कार्ययोजना पुनरावलोकन गर्ने कार्यमा सरकारको तर्फबाट ब्यहोर्नु पर्ने खर्चको लागि यो शिर्षकको रकम खर्च गर्नुपर्नेछ ।
- समूहको कोषमा रकम नभएका समूहहरुलाई प्राथमिकता दिनुपर्नेछ ।
- यो कार्यक्रम डिभिजन वन कार्यालयका कर्मचारी र सेवा प्रदायकबाट संचालन गर्न सकिनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

➤ कार्ययोजना पुनरावलोकन गर्दा सामुदायिक वन स्रोत सर्भेक्षण मार्गदर्शन, २०६१ अनुसार वन स्रोत सर्भेक्षण गर्ने तथा GPS बाट सीमा सर्भेक्षण तथा स्थाई प्लट राखी सो समेत खुल्ने गरी सामुदायिक वनको बिस्तृत नक्शा तथा फिल्ड बुक समेत पेश गर्नुपर्नेछ ।

➤ दलित, महिला, गरिब लक्षित समुदायको लागि आयआर्जन कार्यक्रम तथा जलवायु परिवर्तन अनुकूलन योजना समावेश गर्नुपर्नेछ ।

➤ यस शिर्षकको बजेट रकम वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल तथा समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार, टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ ।

➤ कार्यक्रम सम्पन्न भए पछि कार्ययोजना र विधान, समूहको निर्णय, साधारण भेलाको उपस्थितीको विवरण, नक्सा, छलफल र गोष्ठीमा उपस्थित सहभागीहरुको उपस्थितीको विवरण, लगायतका खर्च बिलभरपाइ सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ । यो कार्य संचालनको लागि डिभिजन र सवडिभिजन वन कार्यालयका वन प्राविधीकहरु परिचालित हुनेछन् ।

**अनुगमन र प्रगति प्रतिवेदन :** कार्यक्रमको अनुगमन डिभिजनल बन अधिकृतले गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ ।

- सामुदायिक वनको नाम, ठेगाना र हस्तान्तरण गरिएको क्षेत्रफल,
- लाभान्वित घरधुरी संख्या र जनसंख्या,
- कार्य समितिको स्वरुप (संख्या तथा समावेशी प्रतिनिधित्व) र
- अन्य आवश्यककुराहरु

**अपेक्षित उपलब्धी :**

➤ यो कार्यक्रम संचालनबाट सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजना निर्माणमा सहयोग भई वनको स्थानीयसमूहद्वारा दिगो व्यवस्थापन भएको हुनेछ ।

## १३. सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास तथा तालिम

**उद्देश्य :** समूहको सहभागितामा वन संवर्धनका कृयाकलापहरुको वन क्षेत्रमा नै तालिम संचालन गरी वनको हैसियतमा सुधार ल्याउने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप :** वन संवर्धनका कृयाकलापहरु : झाडी सफाई, थिनिङ, एक्लाउने, प्रुनीङ, इम्प्रुभमेन्ट फेलिङ, वृक्षारोपण, गोडमेल, विउ संकलन आदि ।

**कार्यान्वयन प्रक्रिया :**

➤ वन संवर्धन नभएका समूहहरु छनौट गर्ने ।

➤ नजिकका २-३ वटा समूहहरुको क्लष्टर बनाउने ।

➤ सव डिभिजन वन कार्यालयबाट बिषयबस्तु सहितको प्रशिक्षण योजना २-३ दिनको बनाई स्थलगत रुपमा प्रशिक्षण गर्ने ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

➢ यस कृयाकलापबाट खाजा, स्टेशनरी र सहजीकरण गर्ने कर्मचारीलाई प्रशिक्षण भत्तामा खर्च गर्न सकिनेछ।

➢ कार्यक्रम सम्पन्न भएपछि प्रशिक्षण अनुसार कार्यान्वयन गर्न समूहको योजना बनाउन लगाउने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** तालिमको एक महिना भित्र डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट समूहहरुले कार्यान्वयन गरे नगरेको अनुगमन गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धी :** वन संवर्धनको नमुना प्लट समूहमा स्थापना भएको हुनेछ ।

## १४. एक सामुदायिक वन एक संरक्षण पोखरी

**उद्देश्य :** वन डढेलो जोखिम न्यूनीकरण, पानी मुहान संरक्षण, भूमिगत जल पुनर्भरण (Ground Water Recharge ) र वन्यजन्तुको लागि पानीको श्रोत (Waterhole) उपलब्ध गराउने उद्देश्य यो कार्यक्रमको रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप :** पोखरी निर्माण तथा सुधार, मुहानबाट पानी पोखरीमा ल्याउन पाइप तथा water channel को निर्माण ।

**कार्यान्वयन प्रक्रिया :**

➢ पोखरी निर्माणका लागि स्थान छनौट गर्दा परम्परागत साना पोखरी भएका क्षेत्र तथा सम्भव भए सम्म रुखविरुवा नभएको सामुदायिक वनको खाली क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ ।

➢ निर्माण क्षेत्रको नक्साङ्कन, लगत ईष्टिमेट तयार तथा स्वीकृत गरी उपभोक्ता समूहको योगदानलाई समेत सुनिश्चित गरी पानी पोखरी निर्माण तथा सुधारमा तथा मुहानबाट पानी पोखरीमा ल्याउन पाइप तथा Water channel को निर्माण तथा मर्मतमा खर्च गर्न सकिनेछ ।

➢ यसमा विनियोजित बजेटको नियमानुसार कन्टिन्जेन्सी रकम छुट्याई कार्यक्रम संचालनका लागि व्यवस्थापकीय कार्यमा खर्च गर्ने र बाँकी रकम समूहसँग सम्झौता गरी समूहलाई उपलब्ध गराउने ।

➢ कार्यसम्पन्न भएपछि आवश्यक कागजात बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन, होर्डिङ बोर्ड सहितको फोटो, आदि समावेश गरी भुक्तानीको लागि डिभिजन वन कार्यालयमा पेश गर्ने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** यस कार्यक्रमको अनुगमन डिभिजन र सब डिभिजन वन कार्यालयले गर्नेछ । पोखरीको होर्डिङ बोर्ड सहितको फोटो, साइज, जि.पि.एस. पोइन्ट आदि समावेश गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** सामुदायिक वनमा पोखरी निर्माण तथा सुधार भएको हुनेछ ।

## १५. सामुदायिक वनमा उद्यमशिलता अभिवृद्धि/उद्यमशिलता विकास तालिम

**उद्देश्य :** सामुदायिक वन उपभोक्ता समूह र संरक्षण क्षेत्रको हकमा संरक्षण क्षेत्र व्यवस्थापन समिति मार्फत वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन गरी आयआर्जन गर्न इच्छुक व्यक्ति वा समूहलाई तालिम तथा

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

आवश्यक मेशीन उपलब्ध गराई मूल्य श्रृङ्खलामा वृद्धि गरी स्थानीय रुपमा रोजगारीको सृजना गर्दै प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन सहयोग पुग्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ ।

**समेट्नु पर्ने कृयाकलाप :** तालिम/प्रशिक्षण, सामग्री र मेसीन खरिद गरी हस्तान्तरण ।

**कार्यान्वयन प्रक्रिया :**

- उद्यमशिलता संचालन हुन सक्ने दलित, गरिब, महिला बढी भएको समूह छनौट गर्ने र प्रस्ताव आव्हान गर्ने ।
- छनौट भएका समूहबाट उद्यमशिलता दिनु तालिम लिन चाहने सदस्यको नामावली माग गर्ने ।
- उद्यमशिलता तालिम दिँदा सकभर वन श्रोतमा आधारित उद्यम संचालन गर्न प्राथमिकता दिने ।
- छनौट भएका समूह सदस्यलाई तालिमको व्यवस्था गर्ने, तालिम प्याकेज सहितको लागत अनुमान तयार गरी तालिम पश्चात वस्तु तथा मेसीन दिन सकिने ।
- उपयुक्त श्रोत व्यक्ति छनौट गरी तालिम संचालन तथा तालिम पश्चात उत्पादित वस्तुको बजारीकरण समेत गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन र सव डिभिजन वन कार्यालयबाट अनुगमन गर्ने । तालिमका सहभागीहरुको नामावली, वितरण भएका वस्तु तथा मेसीन सहितको फोटो समेतको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गर्ने ।

**अपेक्षित उपलब्धी :** तालिम प्राप्त सहभागीहरुले व्यवसाय सुरु गरेका हुनेछन् ।

## १६. पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण/कार्यालयको लागि भवन

प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कार्यसम्पादन (भवन निर्माण, भवन मर्मत) गर्नुपर्नेछ ।

## १७. वृक्षारोपण सहयोग/वृक्षारोपण क्षेत्रमा पर्खाल निर्माण बार बन्देज

**उद्देश्य :** सामुदायिक वन तथा कवुलियती वनका खाली क्षेत्र, सार्वजनिक पर्ति तथा अन्य खाली क्षेत्र र नदी उकास क्षेत्रहरुमा विभिन्न उपभोक्ता समूह मार्फत वृक्षारोपण गरी हरियाली वृद्धि गर्नुका साथै आवश्यक परेमा पर्खाल निर्माण तथा बारबन्देज गरी संरक्षण गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** विरुवा ढुवानी, वृक्षारोपण, संरक्षण (हेरालु), घेरबार, ढुंगाको पर्खाल, जैविक बार, होर्डिङ्ग बोर्ड ।

**कार्यान्वयन प्रक्रिया :**

- खाली वन क्षेत्र भएका समूहबाट वृक्षारोपणका लागि माग गरेको निवेदन लिने ।
- सव डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयबाट सर्भे नक्सा तयार गरी क्षेत्रफल अनुसार लागत अनुमान तयार गर्ने ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- विभागीय नर्मश अनुसार कार्य सम्पन्न गरी सम्बन्धित समूहसँग प्रति हेक्टर उपलब्ध हुन सक्ने रकम उपलब्ध हुने गरी सम्झौता गर्ने ।
- वृक्षारोपण क्षेत्रलाई तारबार, जैविक बारबाट संरक्षण गर्नु परेमा जिल्ला दररेट तथा नर्मश अनुसार लागत अनुमान तयार गर्ने र उपभोक्ता समूहसँग सम्झौता गरी कार्यसम्पन्न गर्नुपर्नेछ ।
- मनाङ र मुस्ताङ जिल्लामा वृक्षारोपण गर्दा ठूला कटिङ्ग विरुवा लगाउनु पर्ने हुँदा उक्त स्थानहरुमा मेस जाली वा ढुंगाको पर्खाल, लगाई संरक्षण गर्न सकिनेछ । मेस जाली वा ढुंगाको पर्खाल निर्माण गर्दा नर्मश वा जिल्ला दररेट अनुसार गर्नुपर्नेछ ।
- जैविक बार लगाउनु परेमा स्थानीयरुपमा उपलब्ध जैविक सामग्रीहरु जस्तै: सजिवन, निलकाँडा, बाँस जस्ता सजिलै सर्ने खालका वनस्पतीको प्रयोग गर्नुपर्छ ।
- सामुदायिक र कवुलियती वन बाहेका क्षेत्रहरुमा उपभोक्ता समूह गठन गरी वृक्षारोपण व्यवस्थापन कार्ययोजना बनाई डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनुपर्नेछ ।
- कार्यसम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदन (क्षेत्रफल, फोटो) सहितका बिल भरपाइ सव डिभिजन वन कार्यालयको सिफारिश र कार्यालयले तोकेको अधिकृतबाट जाँचपास प्रतिवेदन लिने ।
- डिभिजनल वन अधिकृत वा तोकेको अधिकृतबाट कार्यक्रमको अनुगमन भए पछि भुक्तानी दिने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन र सव डिभिजन वन कार्यालयले यस कार्यक्रमको अनुगमन गर्नेछ । प्रगति प्रतिवेदनमा पर्खाल र बारबन्देजको लम्बाई, चौडाई तथा उचाई समेत उल्लेख गर्ने, वृक्षारोपण क्षेत्रको स्थान, प्रजाति, क्षेत्रफल, नक्सा, फोटो, लाभान्वित घरधुरी, संलग्न राखी पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** तोकिएको क्षेत्रफलमा वृक्षारोपण तथा संरक्षण भएको हुनेछ ।

## १८. लोपोन्मुख प्रजातिको संरक्षण अध्ययन अनुसन्धान समेत

**उद्देश्य :** लोपोन्मुख अवस्थामा पुगेका वन्यजन्तु तथा वनस्पतीहरुको अध्ययन अनुसन्धान गरी सो को संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्नु यो कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप :** पहिचान, अध्ययन, अनुसन्धान र संरक्षण (In-situ conservation and Ex-situ conservation) तथा व्यवस्थापन ।

**कार्यान्वयन प्रक्रिया :**

- वन क्षेत्रका प्रमुख लोपोन्मुख प्रजातिहरु छनौट गरी सो पकेट क्षेत्र नक्सांकन गर्ने, लोपोन्मुख प्रजातिका वन्यजन्तुहरु संरक्षणको लागि अध्ययन अनुसन्धान गर्ने र संरक्षणका लागि आवश्यक कार्यहरु सम्बन्धित कार्यालयबाट जनशक्ति परिचालन गरी सम्पन्न गर्नुपर्नेछ । कार्यालयको जनशक्तिबाट सम्पादन गर्न संभव नभएमा अध्ययन अनुसन्धान कार्य परामर्शदाताबाट गराउन सकिनेछ ।
- अध्ययन कार्य प्रचलित नर्मश र जिल्ला दररेट तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई संचालन गर्नुपर्दछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

➢ प्रजातिहरुको संरक्षणका लागि समुदाय स्तरमा भएका सामुदायिक वन उपभोक्ता समूह, संरक्षित वन परिषद भएका क्षेत्रहरुमा भए सोही समूहहरु मार्फत संरक्षण र व्यवस्थापनका कार्यहरु गर्नुपर्नेछ । सम्बन्धित समूहहरुसँग सम्झौता गरी लागत अनुमान र संरक्षणको कार्य सम्पादनको आधारमा यस शिर्षकमा विनियोजित रकमबाट समेत भुक्तानी दिन सकिनेछ ।

➢ संरक्षण र व्यवस्थापनमा स्व-स्थानीयसंरक्षण (In-situ conservation) लाई प्राथमिकता दिनुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन वन कार्यलयले यस कार्यको अनुगमन गर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात अनुगमन प्रतिवेदनमा संरक्षण भएको प्रजाति तथा संख्या, स्थान, संरक्षण भएको क्षेत्रको नक्सा सहितको क्षेत्रफल, संरक्षण तरिका, उपलब्धी (सूचक सहित) र कार्यक्रमको प्रभावकारिता उल्लेख गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :**

- अध्ययन, अनुसन्धानको प्रतिवेदन प्राप्त भएको हुनेछ ।
- लोपोन्मुख अवस्थामा रहेका विभिन्न वनस्पति तथा वन्यजन्तुहरुको संरक्षणमा टेवा पुगेको हुनेछ ।
- महत्वपूर्ण लोपोन्मुख प्रजातिको नेपाली नाम, वैज्ञानिक नाम, स्थानीयनाम र उपयोगिता सहितको जानकारी प्राप्त भएको हुनेछ ।

## १९. पञ्चबर्षीय वन व्यवस्थापन कार्ययोजना तयारी IEE सहित

**उद्देश्यः** प्रचलित वन ऐन तथा वन नियमावली उल्लेख भए बमोजिम वन विकास, सदुपयोग तथा संरक्षण कार्यक्रम संचालन गर्दा वन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रावधान अनुरुप डिभिजन वन कार्यालयहरुले पाँच वर्षका लागि प्रारम्भिक वातावरणिय परीक्षण सहित वन कार्ययोजना तयार गर्नुपर्दछ । पाँच वर्षको म्याद सकिएका कार्ययोजनालाई पुनः अध्यावधिक गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** व्यवस्थापन योजना तयार गर्न डिभिजन वन कार्यालयले कार्यसूची (TOR) वनाई स्वीकृत गराउने, विद्यमान वातावरण ऐन, नियमावली अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) कार्ययोजना पूर्व नै स्वीकृत गराउने, कार्ययोजना तयारीका लागि व्यवस्था भएको बजेटबाट सूचना प्रकाशन, सरोकारवालासँग छलफल, अन्तरकृया, श्रोत सर्वेक्षण, अति आवश्यक फिल्ड सामग्री खरिद, स्टेशनरी, नक्सा फोटो खरिद, टाइपिङ प्रिन्टिङ, IEE तयारीका कार्य, IEE तथा कार्ययोजना सम्बन्धी निर्देशनालयमा हुने समिक्षा तथा प्रस्तुतीकरण लगायतका कार्यहरु गर्ने ।

**कार्यान्वयन प्रक्रिया :** डिभिजन वन कार्यालयबाट तयार भएको कार्ययोजना र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतीको लागि टिप्पणी साथ वन निर्देशनालयमा पेश गर्नुपर्नेछ । मस्यौदा प्रति अध्ययन गरी थप संशोधन गर्नुपर्ने विषय समावेश गर्न निर्देशनालयको प्राविधिक समितिको वैठकले जानकारी गराउनेछ । प्रस्तुतिकरणमा प्राप्त उपयुक्त राय सुझावहरुलाई समावेश गरी अन्तिम मस्यौदा कार्ययोजना स्वीकृतिको लागि पेश गर्नुपर्नेछ । यो कार्यक्रम डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी वा सेवाप्रदायकबाट समूह र समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुसँगको समन्वयमा संचालन गर्नुपर्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

**अनुगमन र प्रगति प्रतिवेदन :** कार्ययोजना तथा प्रारम्भिक वातावरणीय प्रतिवेदनको तयारी चरणमा डिभिजन वन कार्यालयबाट नियमित रुपमा अनुगमन गरी सुझावहरु उपलब्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :**कार्ययोजना तथा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत भई कार्यान्वयनमा आएको हुनेछ ।

## २०. एक कलष्टर एक उत्पादन : अम्रिसो, भुँईकटहर, अलैची, बाँस तथा अन्य गैह्र काष्ठ वन पैदावार

**उद्देश्य :** गरिवी न्यूनिकरणका लागि कवुलियती वनका उपभोक्ताहरुलाई आयमूलक कृयाकलापहरु संचालन गरी आय वृद्धि गरी जीवन स्तर सुधार गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप :** फलफूल तथा गैरकाष्ठ वन पैदावार रोपण, संरक्षण तथा जीविकोपार्जन सुधार योजनाले औल्याएका कृयाकलापहरु ।

**कार्यान्वयन प्रक्रिया :**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारीहरुको प्राबिधिक सहयोग लिएर कवुलियती वन उपभोक्ता समूहले यो कार्यक्रम संचालन गर्नु पर्नेछ । कवुलियती वन नभएका जिल्लाहरुमा सामुदायिक वन उपभोक्ता समूह मार्फत पनि यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- पहिले नै स्थापित भएका क्लष्टरहरु र एक आपसमा जोडिएका, पायक पर्ने (सामान्यतया दशसम्म) कबुलियती वन समूहहरुलाई एक क्लष्टर मानी एकै किसिमका पैदावार उत्पादन हुने गरी आयमूलक कार्यक्रम अन्तर्गत आवश्यक बिरुवा उत्पादन र खरिद गरी रोपण तथा संरक्षण गर्न अनुदान प्रदान गरिनेछ ।
- यस कार्यक्रममा विनियोजित बजेट क्लष्टरमा बढी भन्दा बढी क्षेत्र ढाक्ने गरी र उपभोक्ताहरुको आय आर्जनमा टेवा पुग्ने कार्यक्रममा खर्च गरिनुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :**

यस कार्यको अनुगमन कबुलियती वनका सुपरभाइजर वा सहजकर्ता र डिभिजनल वन अधिकृतले तोकेका अधिकृतले गर्नुपर्नेछ । प्रगति प्रतिवेदन तयार गर्दा निम्न कुराहरुमा ध्यान दिनुपर्नेछ :

- एक क्लष्टर एक उत्पादनको योजना, औचित्य
- सम्झौता गरेको कबुलियती वन समूहको नाम, ठेगाना तथा छिमेकी समूहहरुको अवस्था
- सम्झौता भएको विरुवा संख्या, उत्पादित/रोपण गरिएका विरुवा संख्या र जात
- संलग्न घरधुरी संख्या

**अपेक्षित उपलब्धी :** कवुलियती वन क्लस्टरमा कुनै एक प्रजातिको खेति विस्तार हुनेछ र कवुलियती वन समूहमा आम्दानीको स्रोत बढ्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

## २१. कम्प्युटर डाटाबेस व्यवस्थापन तालिम [वान ड्राइभ (One Drive), एम एस एक्सेल]

**उद्देश्य :** जिल्लामा कार्यान्वयन हुने वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत रुख छपान, कटान, घाटगद्दि र बिक्री वितरणको अध्यावधिक डाटाबेस तयार गर्न, जिल्लाको व्यवस्थापन सुचना प्रणाली तयार गर्न । कर्मचारीहरुको क्षमता विकास गर्न सफ्टवेयर खरिद, कार्यालयको कम्प्यूटर, लेपटपहरुमा सफ्टवेयर अद्यावधिक गरी तालिम संचालन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप :** तालिमको पूर्व तयारी, सफ्टवेयर खरिद, कार्यालयको कम्प्यूटरमा अद्यावधिक, बार्षिक मर्मत सम्भार र तालिम संचालन ।

**कार्यान्वयन प्रक्रिया :**

- तालिम दिइने निर्देशनालय, डिभिजन तथा सव डिभिजनमा कार्यरत कर्मचारीको सूची तयार गर्ने ।
- यो तालिम कार्यालयकै कर्मचारी वा सो नभएमा सेवा प्रदायक संस्थाबाट सम्झौता गरी समेत संचालन गर्न सकिनेछ ।
- तालिमको लागत अनुमान नर्मश अनुसार तयार गरी स्वीकृत गरी लागु गर्नुपर्नेछ ।
- डिभिजन वन कार्यालयको कम्प्यूटर, ल्यापटपहरुमा सफ्टवेयर अद्यावधिक गर्ने, बार्षिक मर्मत सुधार गर्ने र तालिम संचालन गर्ने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** तालिम संचालन अवधि र तालिम सम्पादन पछि कार्यान्वयन स्थलमा कार्यालय प्रमुखले अनुगमन गर्नुपर्नेछ । तालिमको प्रतिवेदन फोटो सहित तयार गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी : कार्यालयमा** तोकिएका संख्याका कर्मचारीले तालिम प्राप्त गरी कार्यान्वयनमा लागेका हुनेछन् ।

## २२. लैंगिक तथा सामाजिक समावेशिकरण प्रवर्धन तालिम

**उद्देश्य :** कर्मचारी तथा सरोकारवालाहरुलाई वन क्षेत्रका कार्यक्रमहरुमा लैंगिक सशक्तिकरण गरी सामाजिक समावेशिता वृद्धि गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** लैंगिक तथा सामाजिक समावेशीकरण तालिम संचालन, जेन्डर अडिट, सहजकर्ता परिचालन ।

**कार्यान्वयन प्रक्रिया :**

- सामुदायिक वनका कर्मचारी, कवुलियती वनका सहजकर्ता, कार्यालयका कर्मचारीहरुलाई तालिम योजना तयार गरी कर्मचारी वा बाह्य सहजकर्ता मार्फत प्रशिक्षण गर्ने ।
- कुनै सामुदायिक वन समूह वा कवुलियती वन क्लष्टर छनौट गरी जेन्डर अडिट गर्ने (जेन्डर अडिटबाट प्राप्त विश्लेषण कर्मचारी बैठक वा समूहको बैठकमा प्रस्तुत गरी सशक्तिकरण योजना बनाउने, जेन्डर निर्दीष्ट बजेट राख्ने योजना बनाउने) ।
- समूहहरुको बैठकमा/क्लष्टर बैठकमा सशक्तिकरण योजना बनाई कार्यान्वयन गर्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

**अनुगमन र प्रगति प्रतिवेदन :**

तालिमको अनुगमन कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतले गर्नु पर्नेछ । तालिममा तोकिएका अधिकृतबाट सहभागी महिला तथा दलितको सहभागिता आँकलन गर्नुपर्नेछ । सम्पन्न तालिमको ब्यानर सहितको फोटो प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** तालिम प्राप्त कर्मचारी र सरोकारवालाहरुले समावेशीकरणको अवधारणा समूहमा लागू गरेका हुनेछन् ।

## २३. वन अपराध नियन्त्रण/सहभागितामूलक अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण/अतिक्रमण तथा चोरी शिकारी नियन्त्रणका लागि गस्ती परिचालन

**उद्देश्य :** जिल्लामा हुन सक्ने विभिन्न वन अपराध जस्तै वन अतिक्रमण, चोरी शिकारी, चोरी कटानी, चोरी निकासी लगायतको नियन्त्रण र त्यस्ता कार्यमा संलग्न अपराधीहरुको सूचना संकलन तथा गस्ती (परिचालन समेत गरी वन र वन्यजन्तु हानी नोक्सानी हुन नदीनु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** वन गस्ती, वन अतिक्रमण, चोरी शिकारी तथा चोरी कटानी नियन्त्रण, वन अपराधी पक्राउ र अभियोजन, सरोकारवाला बीच समन्वय बैठक, सुराकी परिचालन र सुरक्षाकर्मी परिचालन, गाडी मर्मत तथा ईन्धन ईत्यादी ।

**कार्यान्वयन प्रक्रिया :**

- वन तथा वन्यजन्तुसँग सम्बन्धित अपराधहरु नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि प्रचार प्रसार, गस्ती परिचालन, सुराकी परिचालन गर्नुपर्नेछ ।
- वन अपराध नियन्त्रणको लागि आवश्यक सुरक्षा सामाग्रीहरु, इन्धन/गाडी भाडा, खाना, खाजा, सुरक्षा निकायसँग समन्वय, मसलन्द खर्च लगायतका शिर्षकहरुमा खर्च गर्न सकिने तर दैनिक भ्रमण भत्ताका लागि खर्च गर्न सकिनेछैन ।
- अपराध अनुसन्धान तथा मुद्दा दायरी, अनुसन्धानको कार्यअघि बढाउने क्रममा आवश्यक सूचना सङ्कलन तथा संचारमा लाग्ने खर्चका साथै साक्षीहरुको सवारी भाडामा समेत खर्च गर्न सकिनेछ ।
- डिभिजन वन कार्यालयहरु मार्फत स्थानीयप्रशासन, प्रहरीको सहयोगमा वन अपराध तथा अतिक्रमण नियन्त्रण गरिनुका साथै सो सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्नुपर्नेछ ।
- पक्राउ पर्ने मालवस्तु र सवारी साधन तथा वन पैदावारलाई सुरक्षित स्थानसम्म ढुवानी गर्न लाग्ने खर्च यस शिर्षकबाट गर्न सकिनेछ ।
- कार्यक्रम सम्पन्न पश्चात गरिएका कृयाकलापहरु समेटी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** यस कार्यक्रमको अनुगमन डिभिजनल वन अधिकृत र योजना तथा व्यवस्थापन शाखाका अधिकृतले गर्नुपर्नेछ । सम्पादन भएका कृयाकलापहरुको फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** वन अपराधमा कमी आई वन तथा वन्यजन्तुहरुको संरक्षण भएको हुनेछ ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

## २४. सामुदायिक तथा कबुलियती वन सुधार कार्यक्रम

**उद्देश्य :** सामुदायिक वन तथा कवुलियती वन उपभोक्ता समूहको सुशासन तथा वनको व्यवस्थापन कार्यहरु सम्पादन गरी उपभोक्ताको जीवनस्तर तथा वनको सुधारमा टेवा पुऱ्याउने ।

**समेट्नुपर्ने कृयाकलाप :** उपभोक्ता समूह गठन, विधान तयारी, वन कार्ययोजना तयारी र हस्तान्तरण, वन कार्य योजना नवीकरण तथा वार्षिक रुपमा समूहहरुको अनुगमन गरी अनुगमन पुस्तिका तयार गर्ने, कबुलियती वनको जीविकोपार्जन सुधार योजना तयार तथा सहयोग गर्ने किसिमका वृक्षारोपण, गोडमेल, बारबन्देज, आगलागी नियन्त्रण तथा वन संवर्द्धन लगायतका वन सुधारका कृयाकलाप समेत गर्नुपर्नेछ ।

**कार्यान्वयन प्रक्रिया :**

- संघीय स्वीकृत नर्मश अनुसार सम्पादन गर्नु पर्ने कृयाकलापहरुको लागत अनुमान तयार गरी कार्यादेश दिने ।
- सामुदायिक तथा कबुलियति वन सुधार कार्यक्रमका लागि छुट्याइएको रकम जिल्लामा विगत देखि सञ्चालनमा आएका सामुदायिक तथा कबुलियती वन विकासका कार्यक्रमलाई निरन्तरता दिन वा आवश्यक नयाँ कृयाकलापहरु सञ्चालन गर्नका लागि एकमुष्ठ रुपमा विनियोजित बजेटलाई break down गरी प्रचलित नर्मश् बमोजिम लागत ईस्टिमेट तयार गरी वन निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।
- उपभोक्ता समूह गठन, विधान तयारी, वन कार्ययोजना तयारी र हस्तान्तरण तथा वन कार्य योजना नवीकरण गर्ने ।
- वार्षिक रुपमा समूहहरुको अनुगमनको लागि नर्मश अनुसारको लागत अनुमान तयार गरी सव डिभिजनहरुलाई कार्यादेश दिने, प्राप्त अनुगमन फारमहरु विश्लेषण गरी योजना शाखाले अनुगमन पुस्तिका तयार गर्ने ।
- वृक्षारोपण, गोडमेल, बारबन्देज, आगलागी नियन्त्रण तथा वन संवर्द्धन लगायतका वन सुधारका कृयाकलाप समेत गर्नुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** सम्पादन भएका कृयाकलापहरुको डिभिजन वन कार्यालयले अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्ने छ । समूहको अनुगमन सम्बन्धी विश्लेषणहरु वार्षिक अनुगमन पुस्तिकामा राख्नुपर्नेछ । वनमा गरिएका कार्यहरुको विस्तृत विवरण प्रतिवेदनमा समावेश गनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** समूहको विधान, कार्य योजना, वार्षिक अनुगमन पुस्तिका र समूहमा शुसाशन तथा वनको सुधार भएको हुनेछ ।

## २५. वन डढेलो सम्बन्धी स्कुल शिक्षा कार्यक्रम

**उद्देश्य :** वन क्षेत्रमा लाग्ने वन डढेलो सम्बन्धी घटना न्यूनिकरण गर्न विद्यालयका विद्यार्थीहरुलाई सचेतना अभिवृद्धि गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

**समेट्नुपर्ने कृयाकलाप :** प्रस्तुती तयारी, विद्यालयमा अतिरिक्त कक्षा संचालन, वक्तृत्वकला, हाजिरी जवाफ तथा आवस्यकता अनुसार अन्य सृजनात्मक कृयाकलाप संचालन गर्न सकिनेछ ।

**कार्यान्वयन प्रक्रिया :**

- स्थानीयतहहरु सगं समन्वय गरी वन डढेलोको जोखिम बढी भएका विद्यालयहरुको छनौट गर्ने ।
- वन डढेलो लाग्नुको कारण प्रभाव र जलवायु परिवर्तन सम्बन्धी प्रस्तुतीकरण तयार गर्ने ।
- छनौट भएका विद्यालयमा विज्ञान तथा भूगोल शिक्षकसँग समन्वय गरी कक्षा संचालन गर्ने ।
- यस शिर्षकको रकम बाट विद्यायलयका विद्यार्थीहरुलाई चिया, खाजा र प्रशिक्षकहरुलाई प्रशिक्षण भत्ता उपलब्ध गराउन सकिने ।
- यो कार्यक्रम सव डिभिजन वन कार्यालयका प्रमुख मार्फत संचालन गर्नुपर्ने ।
- प्रभावकारीता हेरी वक्तृत्वकला तथा हाजिरी जवाफ प्रतियोगिता संचालन गर्न सकिने ।
- वन डढेलो नियन्त्रण सम्बन्धी स्कूलहरुमा सृजनात्मक चेतनामूलक कार्यक्रम संचालन गर्ने र सो का लागि लाग्ने यातायात तथा भ्रमण खर्च तथा अन्य मसलन्द सामग्री खरिद गर्न सकिने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** कार्यक्रम संचालन हुँदा डिभिजन वन कार्यालयले अनुगमन गर्नेछ । पाठ्यक्रम, फोटो, सहभागीको नामावली तथा विद्यालयको विवरण र प्रभावकारीता सम्बन्धि कागजात सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** वन डढेलोको घटनाहरुमा कमि आएको हुने र नियन्त्रणमा विद्यार्थीहरुको सहभागिता बढेको हुनेछ ।

## २६. बाह्य मिचाहा प्रजातिको नियन्त्रण

**उद्देश्य :** बाह्य मिचाहा प्रजाति नियन्त्रण गरि जैविक विविधता संरक्षण गर्ने र वनको उत्पादकत्व बढाउने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** स्थानीय समुदायसँग अन्तरक्रिया कार्यक्रम, जनचेतनाका कार्यक्रम, प्रचार प्रसार सामग्री प्रकाशन तथा वितरण, मिचहा प्रजाति हटाउने कुनै प्रविधि सम्बन्धी स्थलगत अभ्यास, औषधी तथा औजार खरिद तथा मिचाहा प्रजातिको नियन्त्रण ।

**कार्यान्वयन प्रक्रिया :**

- मुख्य बाह्य मिचाहा प्रजातिहरु पहिचान गरी हटाउने योजना बनाउने ।
- समुदायमा आधारित वन प्रणालीमा भए समूहसँग संझौता गरी अनुदान दिने ।
- सरकारी वन क्षेत्रमा भए प्रचलित नर्मश अनुसार अमानत वा टेण्डरबाट हटाउने ।
- कार्यालयबाट नियमानुसारको कन्टिन्जेन्सी छुट्याई प्रजाति तथा क्षेत्र पहिचान गर्ने र अनुगमन गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** मिचाहा प्रजाति हटाउनु पूर्व र हटाए पश्चात्को फोटो सहित देहाएको विवरण खुलाइएको प्रतिवेदन पेश गर्नुपर्नेछ,



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

- मुख्य मिचाहा प्रजातिको नाम
- कार्यक्रम संचालन भएको क्षेत्रको नाम र ठेगाना
- नियन्त्रणका लागि अपनाईएको मुख्य विधि
- संचालन गरिएका मुख्य कार्यक्रमहरुको विवरण

**अपेक्षित उपलब्धी :** तोकिएको निश्चित क्षेत्रमा मिचाहा प्रजाति हटाइएको हुनेछ ।

## २७. हाइटेक वन नर्सरी स्थापना र सञ्चालन/ हाइटेक वन नर्सरी स्थापना र पुरानो नर्सरीको स्तरोन्नती

**उद्देश्य :** स्थानीय उपभोक्ताबाट बढि माग गरिएका, Commercial Species, बीउ सजिलै उपलब्ध हुन नसक्ने, बीउबाट बेर्ना उमार्न कठिन हुने, बीउको बाँच्न सक्ने क्षमता र अंकुरण प्रतिशत कम भएका प्रजातिहरुको उच्च प्रविधि प्रयोग गरी Large Scale मा नर्सरीमा विरुवा उत्पादन गरी छिमेकी जिल्लाहरुमा समेत विरुवा वितरण गर्ने श्रोत केन्द्र (Seedling Resouce Centre) को रुपमा विकास गर्दै लैजाने अभिप्रायले यो कार्यक्रमको व्यवस्था भएको हो ।

**समेट्नुपर्ने कृयाकलाप :** हाइटेक नर्सरी स्थापना, Shade House तथा बेड निर्माण, आधारभूत प्रविधि थप गरी स्तरोन्नती गर्ने, कर्मचारीलाई संचालनको लागि प्रशिक्षण, बीउ र विरुवा उत्पादन तथा खरिद गर्ने ।

**कार्यान्वयन प्रक्रिया :**

- नर्सरी स्थायी रुपले बहुसंख्यक जनताहरुलाई पायक पर्ने र अन्य प्राविधिक दृष्टिकोणले उपयुक्त हुने ( यातायातको सुविधा, पानीको भरपर्दो र सुलभ प्रवन्ध आदि) स्थानमा राख्नुपर्नेछ ।
- यस किसिमको नर्सरीमा स्थायी नर्सरी वेड तथा घेराबार, सामान्य वातानुकूलीत सुविधासहितको ग्रिनहाउस, भण्डारण कोठा, पानीको स्थायी व्यवस्था तथा टंकी लगायत आधुनिक वन नर्सरीमा हुनुपर्ने न्यूनतम सुविधाहरु समावेश गरी निर्माण गर्नुपर्नेछ ।
- यस शिर्षकमा विनियोजित रकम उच्च प्रविधियूक्त बहुवर्षीय नर्सरी स्थापनाका लागि आवश्यक पूर्वाधारहरु निर्माण, सोसंग सम्बन्धित सामग्रीहरु खरिद, तिनको जडान गर्ने, हाईटेक नर्सरी संचालनमा संलग्न हुने नर्सरी नाईके तथा प्राविधिकलाई तालिम, उच्च प्रविधिको विशेषज्ञता परामर्श सेवा खरिद, बिरुवा उत्पादनका लागि आवश्यक उच्च प्रविधि सम्वन्धी मेशिन तथा उपकरण खरिद तथा जडान, संचालन तथा अनुगमन मुल्याङ्कन सम्वन्धी कृयाकलापहरुमा खर्च गर्न सकिनेछ ।
- यसका लागि सेवा प्रदायकबाट समेत सेवा लिन सकिनेछ ।
- सोको संचालनका लागि स्विकृत नर्म्स अनुसार प्राविधिकबाट लागत अनुमान गरी स्वीकृत गराइ स्विकृत डिजाइन र ईस्टिमेटको आधारमा प्रचलित खरिद ऐन नियम बमोजिम स्थापना तथा संचालन गर्नुपर्नेछ ।
- स्तरोन्नती गर्ने कृयाकलापहरु जस्तै : बेड थप्ने, ग्रिनहाउस निर्माण गर्ने, तापक्रम रेगुलेट गर्ने जस्ता उपकरणहरु जडान गर्न सकिनेछ ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालय तथा सव डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु वा छुट्टै नर्सरी सहायक (कम्तिमा फरेष्ट्रिमा प्रविणता प्रमाण पत्र वा सो सरह पास गरेको) नियुक्त गरी गर्न सकिनेछ । यसका अलवा विरुवा उत्पादन सम्बन्धी उच्च प्रविधिको विशेषज्ञ परामर्श सेवा समेत खरिद गर्न सकिनेछ ।
- यसमा बहुवर्षीय विरुवाहरु समेत उत्पादन गर्न सकिन्छ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** हाइटेक नर्सरीको अनुगमन सम्बन्धित कार्यालय, निर्देशनालय र मन्त्रालयबाट समेत हुनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा स्वीकृत डिजाईन र लागत ईस्टिमेट, खरिद भई जडान गरिएका उच्च प्रविधि सम्बन्धी मेशिन तथा उपकरणको विवरण, तालिम दिएको भए सोको विवरण, उत्पादन भएका विरुवाहरुको जात, साईज, संख्या, वितरण भएको संख्या, मौज्दात रहेको संख्या आदि सहितको कार्यसम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** जिल्लामा हाईटेक नर्सरी स्थापना तथा स्तरोन्नती गरी बिरुवा उत्पादन भएको हुनेछ ।

## २८. बहुवर्षीय नर्सरी स्थापना/ डिभिजन वन नर्सरी

**उद्देश्य :** वृक्षारोपण गर्ने स्थानहरुमा ३ फिट भन्दा अग्ला विरुवा उत्पादन गरी/हुर्काइ बिरुवा आपूर्ति गरी वृक्षारोपण गरिएका विरुवाको छिटो वृद्धि तथा Mortality मा कमी ल्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** ६" X८", ८" X१०", १०" X१२" साइजका पोलिब्याग खरिद, विरुवा उत्पादन तथा खरिद र ठूलो पोलिब्यागमा रोपण, स्थायी बेड, छहारी र Sprinkle सिँचाई, Overhead पानी ट्याङ्की स्थापना, ग्रिनहाउस, टनेल, बाह्रै महिना नर्सरी नाइके ।

**कार्यान्वयन प्रक्रिया :**

- सानो विरुवा रोप्दा असफल हुने र ठूलो विरुवा बनाई रोपण गर्ने खासगरी सडक किनारा वृक्षारोपण, नमूना वृक्षारोपण प्लट, विभिन्न दिवस तथा समारोहमा गरिने वृक्षारोपण, उद्यान तथा पार्कमा रोपिने सौन्दर्यमूलक विरुवाका प्रजातिको सूचि बनाई सानो विरुवा उत्पादन वा नर्सरीमा उत्पादन नभएमा निजी नर्सरीबाट खरिद गरी ढुवानी गर्ने ।
- बहुवर्षीय नर्सरी स्थापना, साना विरुवा, बेड, सिँचाई, छहारीको डिजाइन लगायतका कार्यहरु स्वीकृत नर्मश अनुसार तयार गरी स्वीकृत गराउने र कार्यादेश दिने ।
- बहुवर्षीय नर्सरीमा प्रजाति अनुसार ६" X८", ८" X१०", १०" X१२" साइजका पोलिब्यागमा विरुवा रोपण गरी पुराना साना पोलिब्याग विरुवा भए १ वर्ष र बिउबाट उम्रेको विरुवा भए २ वर्ष वा सो भन्दा बढी समय स्याहार गरी हुर्काइ ३ फिट भन्दा अग्ला विरुवा तयार गर्नुपर्नेछ ।
- नर्सरी संचालन कार्यविधिं अनुसार ग्रेडिङ तथा अन्य कार्यहरु गर्नुपर्नेछ ।
- नर्सरीमा प्रजातिको नाप, उमेर भएका नाप तथा होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** बहुवर्षीय नर्सरीको अनुगमन सम्बन्धित कार्यालय, निर्देशनालय र मन्त्रालयबाट समेत हुनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा स्वीकृत डिजाईन र लागत ईस्टिमेट, खरिद भई जडान गरिएका



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

उच्च प्रविधि सम्वन्धी मेशिन तथा उपकरणको विवरण, तालिम दिएको भए सोको विवरण, उत्पादन भएका बिरुवाहरुको जात, साईज, संख्या, वितरण भएको संख्या, मौज्दात रहेको संख्या आदि सहितको कार्यसम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** तोकिएका संख्यामा गुणस्तरीय बहुवर्षे विरुवा उत्पादन भएका हुनेछन् ।

## २९. नर्सरी मर्मत/नयाँ नर्सरी स्थापना (जडीबुटी नर्सरी समेत)

**उद्देश्य :** नर्सरीको क्षमता अभिवृद्धि गरी गुणस्तरिय विरुवा उत्पादन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** नर्सरीमा सिंचाईको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारबार वा पर्खाल, ओभरहेड वाटर ट्याङ्की, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, हरेक बेडमा पाईप जडान गरी स्पिरिङ्कल सिचाईको व्यवस्था, प्रजातिको नेम प्लेर्ट, होर्डिङ्ग बोर्ड तथा यस्तै अन्य मर्मत तथा स्तरोन्नती सम्बन्धि कार्यहरु ।

**कार्यान्वयन प्रक्रिया :**

- डिभिजन वन कार्यालयहरु तथा मातहत कार्यालयमा विगतका आर्थिक वर्षहरु देखि नै संचालनमा रहेका नर्सरीमा हुने सामान्य मर्मत तथा त्यस नर्सरीको क्षमता अभिवृद्धि गर्ने कृयाकलाप संचालन गरिनेछ ।
- नयाँ नर्सरी स्थापना गर्ने कार्यक्रम भएमा उपयुक्त स्थान छनौट (मोहडा, पानी सिंचाई, विरुवा ढुवानी गर्ने बाटो) गर्नुपर्नेछ ।
- खर्च अनुमान गर्दा वन तथा वातावरण मन्त्रालयको प्रचलित स्वीकृत नर्मश तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ ।
- कार्यतालिका तयार गरी समयमै बजेट तथा अख्तियारी प्राप्त भएको अवस्थामा प्रथम चौमासिकको अवधिमा नर्सरी मर्मत को कार्यहरु गर्नुपर्नेछ ।
- अस्थायी नर्सरी सञ्चालन् भएकोमा सोको स्तरोन्नति गरी स्थायी गर्नुपर्नेछ ।
- यो कार्य अमानत वा सार्वजनिक खरिद ऐन मार्फत गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** कार्यक्रमको अनुगमन डिभिजन, निर्देशनालय तथा मनत्रालयबाट गर्न सकिनेछ । कार्य सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ :

- नर्सरी मर्मत गरिएको स्थान, फोटो तथा नक्शाहरु
- नर्सरीको पहिलेको क्षमता र अभिवृद्धि गरिएको भए हालको क्षमता
- मर्मत गर्दा लागेको खर्च

**अपेक्षित उपलब्धी :** नर्सरीको अवस्थामा सुधार तथा नयाँ नर्सरी स्थापना भई गुणस्तरिय बिरुवा उत्पादनमा भएको हुनेछ ।



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## ३०. निजी नर्सरी निर्माण/स्थापभा तथा बिरुवा उत्पादन/अनुदान

**उद्देश्य :** बिरुवा उत्पादन कार्यमा निजी नर्सरी उद्यमीको सहभागिता वृद्धि गरी थप रोजगारीको सृजना गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** नर्सरी स्थापना, बेड तयारी, हरित गृह निर्माण, सिंचाई, बिरुवा उत्पादन तथा आवश्यक नर्सरी सामाग्रीहरु ।

**कार्यान्वयन प्रक्रिया :**

- नर्सरी नभएको क्षेत्र, कृषक वा संस्था पहिचान गर्ने ।
- स्वीकृत विभागीय नर्मस् अनुसारको बिरुवा उत्पादन कार्यको समय निर्धारण गरी सम्झौता गर्ने ।
- कार्य प्रारम्भ गर्न सम्झौता अनुसार पेश्की उपलब्ध गराउने ।
- नर्सरी निर्माण कार्यको लागत अनुमान र आवश्यक निर्माण सामग्रीहरुको आंकलनसहित प्राविधिक सहयोग सम्बन्धित सव डिभिजन कार्यालयले गरिदिनुपर्ने ।
- उत्पादित बिरुवाहरुको प्रजाति, गुणस्तर, साइज र संख्या अनुगमन गरी फोटो सहितको प्रतिवेदन प्राप्त भएपछि डिभिजन वन कार्यालयले अन्तिम भुक्तानी दिने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** कार्यक्रमको अनुगमन डिभिजन वन कार्यालय र निर्देशनालयबाट हुनेछ ।

**अपेक्षित उपलब्धी :** विरुवाको माग बढी भएको क्षेत्रमा निजी नर्सरीबाट बिरुवा उपलब्ध भएको हुनेछ ।

## ३१. स्थानीय वन समूहहरु, सा.व.उ.स. मार्फत विरुवा उत्पादन सहयोग अनुदान

**उद्देश्य :** सामुदायिक वन तथा कबुलियती वन समूहहरुको सहभागितामा गुणस्तरिय विरुवा उत्पादन गरी वृक्षारोपण गरी हरियाली प्रवर्धन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलाप :** बिरुवा उत्पादन ।

**कार्यान्वयन प्रक्रिया :**

- धेरै वृक्षारोपण गर्नुपर्ने र खाली स्थान भएका समूहहरुको पहिचान र छनौट ।
- डिभिजन वन कार्यालयले वृक्षारोपण योजना अनुरुप वृक्षारोपण गर्न स्थानीय हावापानी सुहाँउदो प्रजातिका बिरुवा सामुदायिक वनहरुसँग सम्झौता गरी त्यस्ता सामुदायिक वन उपभोक्ता समूहहरुले उत्पादन गर्नुपर्नेछ । सम्झौता बमोजिमका बिरुवा उत्पादन भएपछि बिरुवाको गुणस्तर चेकजाँच गरी बिरुवा कसलाई वितरण गरियो र कहाँ रोपिएका हुन् सोको अभिलेख समेत राख्नुपर्दछ ।
- स्वीकृत विभागीय नर्मस् अनुसारको विरुवा उत्पादन कार्यको प्रजातिको साईज र संख्या उपलब्ध गराउनु पर्ने समय निर्धारण गरी सम्झौता गर्ने ।
- कार्य प्रारम्भ गर्न सम्झौता अनुसार नियमानुसार पेश्की उपलब्ध गराउने ।
- नर्सरी निर्माण कार्य समूहले आफ्नै खर्चमा गर्नुपर्ने ।



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

- उत्पादित विरुवाहरुको प्रजाति गुणस्तर र संख्याको अनुगमन सव डिभिजन वन कार्यालयले गरी फोटो सहितको प्रतिवेदन प्राप्त भए पछि डिभिजन वन कार्यालयले सम्झौता अनुसार भुक्तानी दिने ।

**अनुगमन र प्रगति प्रतिवेदन:** कार्यक्रमको अनुगमन डिभिजन वन कार्यालयबाट हुनेछ ।

**अपेक्षित उपलब्धी:** विरुवाको माग बढी भएको क्षेत्रमा समूहबाट विरुवा उपलब्ध भई वृक्षारोपण भएको हुनेछ ।

## ३२. सामाजिक परिचालन सेवा (समूह परिचालनको अनुदान सहयोग)

**उद्देश्य :** कबुलियती तथा साझेदारी वन समूहमा महिला तथा विपन्न वर्गको सशक्तिकरण गरी सहभागिता वृद्धि तथा सकृयता बढाउने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** सुपरभाइजर तथा सहजकर्ता वा समूह उत्प्रेरकलाई पारिश्रमिक उपलब्ध गराउने ।

**कार्यान्वयन प्रक्रिया :**

- यो कार्यक्रम कबुलियती वन क्लष्टर तथा साझेदारी वन व्यवस्थापनमा सामाजिक समावेशीकरण तथा सकृयता वृद्धि गर्नुपर्ने स्थानहरुमा लागु गरिनेछ ।
- समूह उत्प्रेरकहरुको हकमा कम्तीमा दश कक्षा उतीर्ण गरेको महिला हुनुपर्नेछ । विगतदेखि कार्यरत सुपरभाइजर र उत्प्रेरक वा सहजकर्तालाई प्राथमिकता दिई नियुक्ती गर्ने र सम्झौता गरी सेवा र सुविधा विभागीय नर्मसले तोके अनुसार दिनुपर्नेछ । नयाँ स्थान वा क्लष्टरमा समूहको सिफारिसमा छनौट गरिनेछ । जिल्ला सुपरभाइजरको हकमा नयाँ नियुक्ति गर्दा न्यूनतम प्रमाण पत्र तह वा सो सरह उर्तीण भएका सोहि जिल्लाबासी महिलाहरु मध्येबाट प्रतिस्पर्धा गराई नियुक्ति गर्नुपर्नेछ ।
- छनौट भएका उत्प्रेरक तथा जिल्ला सुपरभाइजरलाई डिभिजन वन कार्यालयका योजना तथा व्यवस्थापन शाखामा कार्यरत अधिकृतले कार्य विवरण तयार गरी निजहरुले काम गर्नुपर्ने कार्यहरुको मासिक कार्य योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था र परिचालन गर्नुपर्नेछ ।
- जिल्ला सुपरभाइजरले सहजकर्ता तथा उत्प्रेरकले सम्पादन गरेका कार्यको प्रत्येक महिनामा बैठक बसी समिक्षा गर्नुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** उत्प्रेरकहरुको अनुगमन सव डिभिजन प्रमुखहरु बाट र सुपरभाईजरले गर्नुपर्नेछ भने सुपरभाइजरको अनुगमन डिभिजन वन अधिकृतले गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** समूहमा सामाज़िक समावेशीकरण सशक्तिकरण भई कार्यक्रम कार्यान्वयन भएको हुनेछ ।



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## ३३. कृषि वन प्रवर्द्धन कार्यक्रम/कृषि वन सम्बन्धी अभिमुखिकरण/कृषि वन विकासका लागि क्षेत्र, घरधुरी छनौट सञ्जालिकरण/कृषि वन विकास तथा विस्तार कार्यक्रम/कृषि वन खेती विस्तार तालिम

**उद्देश्य :** निजी जग्गा जमीनको उत्पादकत्वमा सुधार ल्याउन तथा स्थानीयजनताको आयआर्जनमा सहयोग पुऱ्याउनका लागि निजी जग्गा धनी तथा सहकारीको माध्यमबाट त्यस्ता क्षेत्रहरुमा हावापानी सुहाउँदो कृषि वन प्रणाली लागु गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलपहरू :**

कृषकहरूको समूह बनाई सञ्जाल निर्माण गर्ने, प्याकेज तालिम दिने, कृषिवन विस्तार गर्न समूह मार्फत विरुवा उपलब्ध गराउने, विरुवा ढुवानी र वृक्षारोपणको लागि अनुदान दिने ।

**कार्यान्वयन प्रकृया :**

- अगुवा किसानहरु, कृषि सहकारी मार्फत सम्भव भए तिनको क्लस्टर अनुसार स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क (सञ्जाल) गठन गर्नुपर्नेछ ।
- कृषि वन सम्बन्धी फिल्ड स्तरिय कोचिङ्ग, प्याकेज सहितको तालिम नर्मश अनुसार संचालन गर्ने तथा उपलब्ध भए स्थानिय स्तरमा विद्यमान कृषक समूहसंग समन्वय गरी कार्य गर्नुपर्नेछ ।
- निजी जग्गामा कृषि वन प्रवर्धन गर्न आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका विरुवा तथा बहुवर्षीय रुखहरु अमला, लप्सी, वेल आदि तथा आँप, लिचि, कटहर जस्ता फलफूल प्रजातिका बिरुवाहरु साथै अम्रिसो दिन सकिनेछ ।
- यसरी उपलब्ध गराउने बिरुवाहरू नर्सरीदेखि समूहसम्म लैजानको लागि ढुवानी र बजेट उपलब्ध भएमा प्रतिविरुवा रोपणको लागि अधिकतम रू. १० सम्म खर्च गर्न सकिनेछ ।
- यो कृयाकलाप सम्पन्न गर्नका लागि आवश्यक परेमा स्थानीय कृषि ज्ञान केन्द्र तथा अन्य निकायसँग पनि समन्वय गर्न सकिनेछ ।
- रोपण भएका विरुवाहरूको लगत र विवरण सम्बन्धित सव डिभिजनले तयार गर्नुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट कार्य सञ्चालन भएको अवस्थामा भए गरेको कामको अनुगमन गरी सुझावहरु दिनुपर्छ । कार्यसम्पन्न भएपछि सम्पादित कामको फोटो, क्षेत्रफल ( जि.पि.एस. को-अर्डिनेट), रोपिएका बिरुवा संख्या, प्रजाति कार्यक्रम संचालन गरेको समय, मिति, सहभागी र सहयोगको विवरण उल्लेख गरी प्रतिवेदनमा उल्लेख गरी राख्नुपर्दछ ।

**अपेक्षित उपलब्धी :**

- निजी जग्गामा हरियाली प्रवर्धन भएको हुनेछ ।
- विभिन्न प्रजातिका डालेघाँस, जडीबुटी तथा फलफूलको प्रवर्धनबाट स्थानीय व्यक्ति र समुदायको आयआर्जनमा टेवा पुग्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

## ३४.निजी तथा कृषि वन विकास कार्यक्रम

**उद्देश्य :** यस कार्यक्रमको माध्यमबाट निजी जग्गा जमीनको उत्पादकत्वमा सुधार ल्याई निजी जग्गाहरुमा हावापानी सुहाउँदो कृषि वन प्रणाली लागु गरी स्थानीय जनताको आयआर्जनमा सहयोग पुऱ्याउने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नु पर्ने कृयाकलपहरू :**

कृषकहरूको समूह बनाई सञ्जाल निर्माण गर्ने, तालिम दिने, निजी तथा कृषि वन विकास गर्न समूह मार्फत बिरुवा उपलब्ध गराउने, बिरुवा ढुवानी र वृक्षारोपणको लागि खर्च गर्ने ।

**कार्यान्वयन प्रकृया :**

- जिल्लामा निजी तथा कृषि वनको अभ्यास एवं सुरुवात गर्नुपर्नेछ । अगुवा किसानहरु, कृषि सहकारी मार्फत सम्भव भए तिनको क्लस्टर अनुसार स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क गठन गर्नुपर्नेछ ।
- निजी तथा कृषि वन विक्रास गर्न आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका विरुवा तथा वहुवर्षीय रुखहरु अमला, लप्सी, बेल आदि, आँप, लिचि, कटहर जस्ता फलफूल प्रजातिका बिरुवाहरु साथै अम्रिसो र, एभोकाडा आदिका विरुवा वा उन्नत विउबिजन, प्राङ्गारिक जैविक मल आदि खरिद गर्न सकिनेछ ।
- निजी तथा कृषि वन सम्बन्धी फिल्ड स्तरिय कोचिङ्ग तथा उपलब्ध भए स्थानीयस्तरमा विद्यमान कृषक समूहसंग समन्वय गरी कार्य गर्नुपर्नेछ ।
- यो कृयाकलाप सम्पन्न गर्नका लागि आवश्यक परेमा स्थानिय कृषि ज्ञान केन्द तथा अन्य निकायसंग पनि समन्वय गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट कार्यसञ्चालन भएको अवस्थामा भए गरेको कामको अनुगमन गरी सुझावहरु दिनुपर्छ । कार्यसम्पन्न भएपछि सम्पादित कामको फोटो, क्षेत्रफल ( जि.पि.एस. को-अर्डिनेट), रोपिएका बिरुवा संख्या, प्रजाति कार्यक्रम सञ्चालन गरेको समय, मिति, सहभागी र सहयोगको विवरण उल्लेख गरी प्रतिवेदनमा उल्लेख गरी राख्नुपर्दछ ।

**अपेक्षित उपलब्धी :**

- निजी जग्गामा निजी तथा कृषिवन विकास भई हरियाली प्रवर्धन भएको हुनेछ ।
- विभिन्न प्रजातिका डालेघाँस, जडीबुटी तथा फलफूलको प्रवर्धनबाट स्थानीय व्यक्ति र समुदायको आयआर्जनमा टेवा पुग्नेछ ।

## ३५. निजी वन दर्ता गर्न लाग्ने राजश्व खर्च अनुदान

**उद्देश्य :** निजी वन दर्ताका लागि प्रोत्साहन गरी निजी जग्गा छुट्याउने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** जग्गा नांप जांच गर्ने कार्यका लागि राजश्व बुझाउने

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, पोखरा, नेपाल

**कार्यान्वयन प्रक्रिया :**

- निजी वन दर्ताको माग संकलन गर्ने ।
- एकै भेग मिलाई सिमाना छुट्टयाउने कार्यमा नापी कार्यालयबाट अमिन माग गर्ने ।
- नियमानुसारको कित्ता छुट्टयाउन जाँदा नियमानुसारको राजश्व उपलब्ध गराउने ।
- अमिन जाँदा सम्बन्धित सव डिभिजनका कर्मचारी, जग्गाधनी र स्थानीय तहका जनप्रतिनिधि रोहवरमा काम हुनु पर्ने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** सम्बन्धित सव डिभिजन वन कार्यालय र नापी कार्यालयबाट खटिएका अमिन कर्मचारीको संयुक्त प्रतिवेदन लिनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** निजी वन दर्ताको लागि क्षेत्रफल र कित्ता छुट्याएको नक्सा प्राप्त भएको हुनेछ ।

## ३६. शहरी वन तथा हरियाली प्रवर्धन कार्यक्रम/ हरियाली प्रवर्धन कार्यक्रम

**उद्देश्य** : यस कार्यक्रमका देहाय बमोजिका उद्देश्य रहेका छन् :

- द्रुत गतिमा बढ्दो शहरीकरण र विकासले ल्याएका वातावरणीय समस्याहरुलाई न्यून गर्न प्रदूषण घटाउने, प्राकृतिक विविधता बढाउने, सौन्दर्य बढाउने तथा मनोरन्जन स्थलहरु उपलब्ध गराउने ।
- सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, साझेदारी वनका साथै सार्वजनिक, पर्ति, निजी जग्गाहरुमा वृक्षारोपण गर्दै हरियाली बढाउने ।

**समेट्नु पर्ने कृयाकलाप :** सम्बन्धित स्थानीय तह, उपभोक्ता समूह र सरोकारवालाहरुसँग छलफल, स्थान पहिचान, सर्भेक्षण, विरुवा खरिद वृक्षारोपण तथा संरक्षण ।

**कार्यान्वयन प्रक्रिया :**

- शहरी वनको लागि नगरपालिका तथा शहरोन्मुख गाउँपालिकाका सार्वजनिक खाली क्षेत्र, सडक किनार, नदी किनार लगायतका स्थानहरुमा कार्यक्रम कार्यान्वयन गर्न सकिने ।
- हरियाली प्रवर्द्धन कार्यक्रमका लागि निजी, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, स्थानीय तहले तोकेको टोल सुधार संस्था र अन्य संघ संस्थाहरुको साझेदारीमा वृक्षारोपण साथै सार्वजनिक पर्ति अतिक्रमण हटाईएको जग्गामा वृक्षारोपण तथा संरक्षण गर्न सकिने ।
- यस कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयले स्थानीय तह, स्थानीय वन समूहहरू, सामाजिक संस्थाहरू र निजी क्षेत्र समेतको सहकार्यमा संचालन गर्न सकिनेछ । सहकार्य गर्दा स्थानीय तह वा उपभोक्ता समूहसंग कार्यसम्पादन गर्न सम्झौता गर्नुपर्नेछ । प्रचलित नियमानुसार पेश्की उपलब्ध गराउन सकिने र कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन प्राप्त भए पछि अन्तिम भुक्तानी उपलब्ध गराइनेछ ।
- सम्बन्धित स्थानीय तह र वन कार्यालयको सह लगानीमा यो कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

- यस कार्यक्रमको लागि बहुवर्षीय ठूला विरुवा रोपण गर्नुपर्नेछ ।
- सम्बन्धित सरोकारवालाहरु तथा स्थानीय तहसंग छलफल गरी संरक्षणको व्यवस्था मिलाउनुपर्दछ ।
- स्वीकृत बार्षिक कार्यक्रम अनुसारका कृयाकलापहरु प्रचलित नर्मश, जिल्ला दररेट, सार्वजनिक खरिद ऐन, नियम, कार्यविधि अनुसार कार्यान्वयन गरी खर्च गर्नुपर्नेछ ।
- प्रचलित नियमानुसारको कन्टिन्जेन्सी छुट्याई सो रकमबाट अनुगमन कार्य गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट कार्य सञ्चालन भएको अवस्थामा भए गरेको कामको अनुगमन गरी सुझावहरु दिनुपर्छ । कार्य सम्पन्न भएपछि होर्डिङ बोर्ड राखी सम्पादित कामको फोटो, क्षेत्रफल (जि.पि.एस. को-अर्डिनेट), रोपिएका बिरुवा संख्या, प्रजाति (सहरी वनको हकमा Tag समेत लगाई), कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरु पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** शहरी क्षेत्रमा हरियाली अभिवृद्धि भई सौन्दर्यता बढेको हुनेछ ।

## ३७. सहरी सडक किनारा वृक्षारोपण तथा हरित प्रवर्धन कार्यक्रम

**उद्देश्य** : सहरी सडक किनारा वृक्षारोपण तथा हरित प्रवर्धन कार्यक्रमद्वारा द्रुत गतिमा भईरहेको शहरीकरणबाट सृजित वातावरणीय समस्याहरुलाई न्यून गर्दै प्रदूषण घटाउने, प्राकृतिक विविधता बढाउने, सौन्दर्य बढाउने तथा शहरी क्षेत्रहरुमा मनोरन्जन स्थलहरु उपलब्ध गराउने ।

**समेट्नु पर्ने कृयाकलाप :** सम्बन्धित सरोकारवालाहरुसँगं छलफल, सर्भेक्षण, स्थान छनौट, बिरुवा खरिद, ढुवानी, सडक किनार क्षेत्रमा वृक्षारोपण र Tree guard राख्ने, स्याहार संभार ।

**कार्यान्वयन प्रक्रिया :** यो कार्यक्रमबाट सहरी सडक किनारा वृक्षारोपण गरी हरियाली बढाई वातावरण संरक्षण तथा हरित क्षेत्रको विस्तार गरिनेछ । यस कार्यको लागि डिभिजन वन कार्यालय र स्थानीयतह, सडक कार्यालय र सरोकारवालाहरुको संलग्नतामा बहुउपयोगी रुखजन्य तथा बजार क्षेत्रमा असर नपर्ने खालका बिरुवा रोपण गरिनेछ । सडक किनारमा सदाबहार, सौन्दर्यात्मक र मझौला खालका बिरुवाहरु रोप्ने योजना बनाई आवश्यक परेमा बिरुवा खरिद समेत गरि रोपण गर्नुपर्नेछ । विरुवा रोपण गर्दा बहुवर्षीय ठूला विरुवा रोपण गर्नुपर्नेछ । बजेटको उपलब्धता अनुसार स्थानीय रुपमा पाईने सामग्रीबाट निर्मित वा फलामको Tree guard द्वारा वृक्षारोपणको स्याहार संभार गर्न सकिनेछ । स्वीकृत बार्षिक कार्यक्रम अनुसारका कृयाकलापहरु प्रचलित नर्मश, जिल्ला दररेट, सार्वजनिक खरिद ऐन, नियम कार्यविधि अनुसार कार्यान्वयन गरी खर्च गर्नुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट कार्य सञ्चालन भएको अवस्थामा भए गरेको कामको अनुगमन गरी सुझावहरु दिनुपर्नेछ । होडिङबोर्ड राखी वृक्षारोपण गरिएको क्षेत्रको जि.पि.एस. को-अर्डिनेट, रोपिएका बिरुवा संख्या, प्रजाति (Tag समेत लगाइ), सोको फोटो, अन्य उपलब्धी र प्रभावकारिता सहितको प्रगती प्रतिवेदन समावेश गर्नुपर्नेछ । प्रचलित नियमानुसारको कन्टिन्जेन्सी छुट्याई सो रकमबाट अनुगमन कार्य गर्नुपर्दछ ।

**अपेक्षित उपलब्धी :** सडक किनारामा हरियाली वृद्धि भई प्रदुषण कम गर्न टेवा पुगेको हुनेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

## ३८. विद्यालयमा इको बाल उद्यान निर्माण

**उद्देश्य :** विद्यालयस्तरमा वन र वातावरण सम्बन्धी सचेतना वृद्धि गर्दै बाल उद्यान निर्माण गर्ने ।

**समेट्नुपर्ने कृयाकलाप :** इको क्लव गठन, इको क्लव परिचालन, विद्यालय परिसरमा साना उद्यान स्थापना ।

**कार्यान्वयन प्रक्रिया :**

- विद्यालय छनौट गर्ने ।
- विद्यार्थिहरुको बीचमा इको क्लव गठन गर्ने ।
- सानो उद्यान स्थापना सहितको इको क्लवको कार्य योजना वनाउन लगाउने ।
- इको क्लवका विद्यार्थिलाई वन र वातावरण सम्बन्धी कक्षा सञ्चालन गर्ने ।
- कार्ययोजना कार्यान्वयन गर्न विरुवा र उद्यान निर्माण अनुदान उपलब्ध गराउने ।
- यस शिर्षकको रकम बाट इको क्लवका विद्यार्थिहरुलाई चिया, खाजा र प्रशिक्षण गर्ने शिक्षक कर्मचारीलाई प्रशिक्षण भत्ता उपलब्ध गराउन सकिने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** सव डिभिजन वन कार्यालय प्रमुखले अनुगमन गरी भए गरेका कृयाकलापहरुको फोटो तथा GPS location सहितको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** छनौट भएको विद्यालयमा इको क्लव गठन भइ सानो उद्यान स्थापना भएको हुनेछ ।

## जडीबुटी विकाससँग सम्बन्धित कृयाकलापहरु :

## ३९. जडीबुटी/गैरकाष्ठ वन पैदावार विरुवा उत्पादन

**उद्देश्य :** जडीबुटी/गैरकाष्ठ वन पैदावारको आपूर्ति र उत्पादनमा अभिबृद्धि भई आयआर्जन तथा जीविकोपार्जनमा सुधार पुऱ्याउने र वनक्षेत्रलाई जैविक विविधतायुक्त बनाउने, बैकल्पिक आयस्रोतको रुपमा विकास गर्न जडीबुटी तथा गैरकाष्ठ प्रजातिका बिरुवा उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरित गर्ने उद्देश्य यस कार्यक्रमको रहेको छ ।

**सम्पन्न गर्नुपर्ने कृयाकलापहरु :** जडीबुटी/गैरकाष्ठ वन पैदावार बिरुवा उत्पादन ।

**कार्यान्वयन प्रक्रिया :** जडीबुटी/गैरकाष्ठ प्रजाति उत्पादन गर्दा उच्च मूल्य, बजारमा माग भएको र स्थानीय किसानको रुचि अनुसारको प्रजातिहरुको सर्भेक्षण गरी सोको सूची बनाई उत्पादन गर्नुपर्नेछ । नर्सरीमा बिरुवा उत्पादन गर्दा स्थानीयआवश्यकता अनुसार तथा व्यवसायिक महत्वपूर्ण जडीबुटी प्रजाति, सुगन्धित घाँस तथा बाँस कलमी बिरुवा उत्पादन गर्नुपर्छ । जडीबुटी/गैरकाष्ठ वन पैदावार विरुवा उत्पादन गर्दा निम्न विधि अपनाउनु पर्नेछ :

- जिल्लाको अवस्था, भू-बनोट, हावापानी र प्रदेशको जडीबुटी/गैरकाष्ठ वन पैदावार सम्बन्धी सम्भाव्यता अध्ययनले सिफारिश गरेका प्रजाति र पकेट क्षेत्र पहिचान गर्नुपर्नेछ ।
- जडीबुटी विकास कार्यक्रमको हकमा प्रदेशको जडीबुटी/गैरकाष्ठ वन पैदावार सम्बन्धी सम्भाव्यता अध्ययनले सिफारिस गरेका र फोकल टिमले अन्तिम छनौट गरेको जडीबुटी प्रजातिको बिरुवा उत्पादन

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

गर्नुपर्नेछ । जिल्ला भित्र माग भएका तर जिल्ला भित्र बीउ श्रोतहरु नभएका प्रजातिहरुका विरुवा बाहिरबाट खरिद गरी नर्सरीमा ल्याएर, हुर्काएर मात्र वितरण गर्नुपर्नेछ ।

- विरुवा उत्पादन, नर्सरी व्यवस्थापन र हेरचाह नर्मश अनुसार ईष्टिमेट गरी अन्य प्रजातिको विरुवा उत्पादनको कार्यविधि अनुसार गर्नुपर्नेछ ।

**अनुगमन र प्रतिवेदन :** यस कार्यको अनुगमन डिभिजन वन कार्यालय र निर्देशनालयले समेत गर्नेछ । उत्पादित जडीबुटी विरुवाको वितरण र वृक्षारोपणको रेकर्ड समेत अन्य रुख प्रजातिको जस्तै व्यवस्थापन गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

## ४०. जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना

**उद्देश्य :** संकलित जडीबुटीहरुको प्रशोधन, भण्डारण गरी गुणस्तर वृद्धि गर्नुका साथै मुल्य अभिवृद्धि गर्ने ।

**समेट्नुपर्ने कृयाकलाप :** Shade House निर्माण, ड्रायरको खरिद तथा स्थापना, प्रशोधनका लागि आवश्यक पर्ने मेसिन र उपकरणहरुको खरिद र आवश्यक पूर्वाधार निर्माण गर्ने ।

**कार्यान्वयन प्रक्रिया :** प्रदेशको जडीबुटी/गैरकाष्ठ वन पैदावार सम्बन्धी सम्भाव्यता अध्ययनले सिफारिस गरेका प्रजाति र यस प्रदेशका उच्च पहाडी जिल्लाहरु, पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने र खेती गरिने जडीबुटीहरु जस्तै टिमुर, सतुवा, सुगन्धवाल, तेजपात, अलैंची आदि र नबलपुरमा सुगन्धित वनस्पति जस्तै मेन्था, लेमनग्रास जस्ता वनस्पतिहरु भण्डारण र प्रशोधन गर्न यो कार्यक्रमबाट खर्च गर्न सकिनेछ । भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गर्दा निम्न बुदाँहरु अपनाउनुपर्नेछ :

- यस प्रदेश अन्तर्गतका जिल्लाहरुमा पहिचान भएका प्रशस्त मात्रामा पाइने र खेती गरिने जडीबुटीहरु साथै सुगन्धित वनस्पतिहरुको पकेट क्षेत्रको सार्वजनिक स्थान वा निजी जग्गामा जडीबुटी भण्डारण र प्रशोधनका लागि Distillation Unit को स्थापना डिभिजन वन कार्यालय, स्थानीय तह र सरोकारवालाहरुको सहयोगमा गर्ने ।
- डिभिजन वन कार्यालयले पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालयहरु र पकेट क्षेत्रका स्थानीय तहमा १५ देखि ३० दिने सूचना प्रकाशन गरी भण्डारण तथा प्रशोधन केन्द्र स्थापनाका लागि व्यक्ति, समूह र सहकारीहरुबाट प्रस्ताव आह्वान गर्नुपर्नेछ ।
- इच्छुक व्यवसायी, उद्यमी, सहकारी, सामुदायिक तथा कवुलियती वन समूह, वा जडीबुटी तथा गैरकाष्ठ व्यवसायमा संलग्न किसानले प्रकाशित सूचना बमोजिम ब्यवसायिक योजना सहित, प्लान्ट स्थापना गर्ने क्षेत्रको चारकिल्ला सहित प्राविधिक तथा आर्थिक प्रस्ताव म्यादभित्र डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।
- प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावहरुको नियमानुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गर्नुपर्नेछ । प्रस्तावहरुको मूल्याङ्कन गर्दा कच्चा पदार्थ उपलब्धताको सुनिश्चितता, जडीबुटीको पकेट क्षेत्रमा उत्पादित पैदावारको प्रशोधन, लाभप्रद व्यावसायिक योजना, प्रस्तावकको कुल लगानी, वातावरणीय प्रभाव, जनसहभागिता, स्थानीय रोजगारीको सुनिश्चितता, मूल्य अभिवृद्धि क्षमता,

प्रस्तावकको लगानीको प्रतिशत र सुनिश्चितता, कार्यक्रमको नवीनता तथा श्रृजनशिलता आदिको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ ।

- प्रस्ताव मुल्याङ्कन गर्दा आवश्यकता अनुसार विज्ञहरु र प्राविधिक समिति गठन गरी डिभिजनल वन अधिकृतले प्रस्तावना मुल्याङ्कन गराउन सक्नेछ ।
- प्रस्तावकले न्यूनतम २० प्रतिशत वा सो भन्दा बढी लगानी गर्नुपर्नेछ ।
- कार्य सञ्चालन गर्न प्रचलित नियमानुसार पेश्की तथा भुक्तानी गर्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक मुल्याङ्कन, जाँचपास र निर्मित भौतिक संरचनाको तस्वीरहरुको आधारमा भुक्तानी गर्ने ।
- अनुदान प्राप्त व्यक्ति, संस्था, निजी कम्पनी र सहकारी छनौट भई नगद अनुदान लगेकोमा सम्झौता बमोजिम कार्य तोकिएको समय भित्र सम्पन्न नभएमा त्यस्तो रकम सरकारी बाँकी सरह उठाइनेछ ।

**अनुगमन र प्रतिवेदन :** यस कार्यक्रमको अनुगमन सम्बन्धित सव डिभिजन र डिभिजन वन कार्यालयले गर्नुपर्नेछ । कार्य सम्पन्न भएपछि प्रगतिमा निम्न कुराहरु समावेश गरिनुपर्नेछ ।

- ✓ उद्यम संचालन गर्ने समूह, व्यक्ति, संस्था, सहकारीको नाम,
- ✓ स्थापना गरिएको प्लाण्टको फोटो,
- ✓ उत्पादित सामग्रीको नमुना,
- ✓ लागत रकम,
- ✓ रोजगारी सिर्जना (श्रमदिन),
- ✓ प्लान्टको अवस्थिति, जग्गाको कि.नं., जि.पि.एस. लोकेशन ।

**अपेक्षित उपलब्धी :** जडीबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना भई जडीबुटीको गुणस्तरमा वृद्धि हुने र मुल्य अभिवृद्धि भएको हुनेछ ।

## ४१. सहकारी मार्फत जडीबुटी उत्पादन, खेती विस्तार, भण्डारण, प्रशोधन र बजारीकरण

**उद्देश्य :** कृषि र जडीबुटी सहकारी, सा.व. वा कवुलियती वन सहकारीहरुलाई जडीबुटी विरुवा उत्पादन वा खरिद गरी पकेट क्षेत्रमा वृक्षारोपण गर्न र कच्चा पदार्थ भण्डारण तथा साधारण प्रशोधन गर्ने संरचना निर्माण तथा बजारीकरण गर्ने ।

**समेट्नुपर्ने कृयाकलापहरु :** फोकल टिमको बैठक, प्रस्ताव आह्वान, सहकारी छनौट, जडीबुटी विरुवा उत्पादन, खरिद, वृक्षारोपण, Shade House निर्माण, ड्रायरको खरिद तथा स्थापना, प्रशोधनका लागि आवश्यक मेसिन र उपकरणहरुको खरिद र आवश्यक पूर्वाधार निर्माण गर्ने, बजारीकरण गर्ने ।

**कार्यान्वयन प्रक्रिया :** यस कार्यक्रमका लागि छुट्याईएको रकम डिभिजन वन कार्यालयको कार्यक्षेत्रको फोकल टिमको सुझाव समेतको आधारमा निम्न विधि अपनाई गर्नुपर्ने छ :

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- ➢ जडीबुटी पकेट क्षेत्र र स्थापित जडीबुटीसँग सम्बन्धित सहकारीहरुको पहिचान वन कार्यालयका कर्मचारी र उपभोक्ता महासंघबाट लिने ।
- ➢ सहकारीको छनौट गरी जडीबुटीको बिरुवा उत्पादन गर्ने ।
- ➢ छनौट भएका सहकारीसँग सम्झौता गरी लागत ईष्टिमेट स्वीकृत गरी नियमानुसार पेश्की र कार्यसम्पन्न भएपछि जाँच पास र कार्यसम्पन्न प्रतिवेदनका साथ अनुगमन गर्ने ।
- ➢ अनुगमन पश्चात फोकल टिमको बैठकमा छलफल र निर्णय गरी बाँकी रकम भुक्तानी दिने ।
- ➢ पकेट क्षेत्रमा सहकारी नभएको अवस्थामा नयाँ सहकारी स्थापना समेत गरी यो कार्य संचालन गर्न सकिनेछ ।
- ➢ उत्पादित वस्तुहरुको बजारीकरणको लागि नजिकको बजारमा नमुना पसल समेत स्थापना गर्ने र संचालन गर्ने कार्य समेत गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** यस कार्यक्रमको अनुगमन सम्बन्धित सव डिभिजन र डिभिजन वन कार्यालयले गर्नुपर्नेछ । कार्य सम्पन्न भएपछि प्रगतिमा निम्न कुराहरु समावेश गरिनुपर्नेछ ।

- ✓ उद्यम संचालन गर्ने सहकारीको नाम,
- ✓ स्थापना गरिएको प्लान्टको फोटो,
- ✓ उत्पादित सामग्रीको नमुना,
- ✓ लागत रकम,
- ✓ रोजगारी सिर्जना (श्रमदिन),
- ✓ प्रशोधन गरिने जडीबुटीको नाम र प्रशोधन विधि, जग्गाको कि.नं., जि.पि.एस. लोकेशन ।

**अपेक्षित उपलब्धी :** सहकारी मार्फत जडीबुटी उत्पादन, खेती विस्तार, भण्डारण, प्रशोधन र बजारीकरण भई जडीबुटीको गुणस्तरमा वृद्धि हुने र मुल्य अभिवृद्धि भएको हुनेछ ।

## ४२. जडीबुटी उत्पादन खेती विस्तार भण्डारण

निजी हकभोगको जग्गा, कवुलियती वन तथा सामुदायिक वनमा व्यवसायिक जडीबुटी उत्पादन तथा खेती विस्तार गर्नुपर्नेछ ।

## ४३. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार/विकास, प्रवर्धन, उत्पादन, भण्डारण र प्रशोधन/जडीबुटी खेतीका लागि अनुदान

**उद्देश्य :** जिल्ला भित्र मुख्य गरी पाईने जडीबुटीहरुको पकेट क्षेत्र पहिचान गरी सो क्षेत्र वरपर रहेका सामुदायिक वन, राष्ट्रिय वन तथा निजी वनको हैसियत सुधार गर्ने तथा जडीबुटी सम्बन्धि पेशामा रहेका समूह/उद्यमी/जनताहरुको आय श्रोत बढाई गरिबी न्यूनीकरण गर्न योगदान पुऱ्याउने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

**समेट्नुपर्ने कृयाकलापहरु :** पकेट क्षेत्र छनौट, प्रस्ताव आह्वान, जडीबुटी विरुवा उत्पादन/खरिद, वृक्षारोपण, स्याहार संभार, संरक्षण ।

**कार्यान्वयन प्रक्रिया :** यसका लागि नियमानुसार उपभोक्ता समितिसँग सम्झौता गरी जडीबुटी खेति विस्तार, विकास र प्रवर्धनसम्बन्धी विधि कार्यहरु संचालन गर्नका लागि स्थानीय FM रेडियो, पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालय र पकेट क्षेत्रका वडा कार्यालयहरुमा नियमानुसार सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने ।

- इच्छुक उद्यमी, सामुदायिक तथा कवुलियती वन समूह वा किसानले प्रकाशित सूचना बमोजिम डिभिजन वन कार्यालयमा प्रस्ताव पेश गर्ने ।
- व्यवसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिई यस्ता मापदण्डका आधारमा उत्कृष्ट प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालयले खेती विस्तार तथा अनुदानका लागि सम्झौता गर्ने।
- कार्य सञ्चालन गर्न पेश्की रकम र कार्यसम्पन्न भए पश्चात सोको भुक्तानी गर्ने ।
- यस कार्यक्रममा क्षमता अभिवृद्धि लगायत, जडीबुटी विरुवा खरिद तथा उत्पादन, रोपण कार्य, उद्यम स्थापना तथा बजारीकरण लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- जडीबुटी रोपण गरिएको क्षेत्रमा तल उल्लेखित विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नु पर्नेछ

**अनुगमन र प्रगति प्रतिवेदन :** अनुगमन निरीक्षणमा उपलब्ध भएसम्म फोकल टिमका कम्तीमा २ जना सदस्यलाई संलग्न गराउनुपर्नेछ । कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ ।

- कृयाकलाप संचालन भएको क्षेत्र वा समूहको नाम, ठेगाना
- जग्गाको कित्ता नं., फिल्डबुक, नक्सा, क्षेत्रफल, GPS waypoints
- लाभान्वित घरधुरी,
- लागत
- खेती विस्तार गरिएको जडीबुटीको प्रजाति र संख्या
- कार्यस्थलको फोटो
- कार्यक्रम सञ्चालन गर्दा देखा परेका समस्याहरु

**अपेक्षित उपलब्धी :** पकेट क्षेत्र पहिचान भई सो क्षेत्र वरपर रहेका सामुदायिक वन, राष्ट्रिय वन तथा निजी वनको हैसियत सुधार भई जडीबुटी सम्बन्धि पेशामा रहेका समूह/उद्यमी/जनताहरुको आय श्रोत वृद्धि भई गरिबी न्यूनीकरण गर्न योगदान पुगेको हुनेछ ।

## ४४. जडीबुटी/गैरकाष्ठ वन पैदावार प्रशोधन वा लघुउद्यम विकास सहयोग कार्यक्रम

**उद्देश्य :** जडीबुटी/गैरकाष्ठ वन पैदावारको गुणस्तरमा वृद्धि ल्याउनुका साथै रोजगारी अभिवृद्धि गर्ने ।

**समेट्नुपर्ने कृयाकलाप :** प्रशोधन सम्बन्धी तालिम, उपकरण र पूर्वाधार ।

**कार्यान्वयन प्रक्रिया :**

- जडीबुटी/गैरकाष्ठ वन पैदावार भएका समूह, संजाल सदस्यहरुबाट सहभागी छनौट गरी प्रचलित नर्मश अनुसार प्रशोधन सम्बन्धि तालिम योजना तयार गरी संचालन गर्ने ।
- कार्यालयबाट प्रशिक्षक उपलब्ध हुन नसकेमा बाहिरी स्रोत व्यक्ति मार्फत सञ्चालन गर्न सकिनेछ ।
- सहभागीहरुलाई लघु उद्यम स्थापना गर्न व्यवसायिक योजना तयार गर्न लगाई चाहिने उपकरणहरु समेत दिन सकिनेछ ।
- उपकरण तथा सामग्री दिँदा संस्थागत रुपमा समूहमा दिनुपर्नेछ ।
- उद्यम संचालन गर्दा स्थानीयतह, अन्य संघ संस्थाको सहकार्यमा गर्न प्रेरित गर्नुपर्नेछ ।
- तालिम, उपकरण खरिद वितरण गर्दा तोकिएको क्षेत्रमा सार्वजनिक खरिद ऐन नियमअनुसार सम्बन्धित विषयका सेवा प्रदायक संस्था मार्फत प्रस्ताव माग गरी गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** सम्बन्धित कार्यालयले उपलब्ध भएसम्म स्थानीय निर्वाचित जनप्रतिनिधिको समन्वयमा तालिम सञ्चालन, लघु उद्यम स्थापना र कार्यान्वयन अवस्थाबारे अनुगमन गर्नुपर्नेछ । प्रगति प्रतिवेदनमा तालिमको प्रतिवेदन, उद्यमको योजना, स्थापना भएको फोटो र लाभान्वित घरधुरी विवरण समेत राखी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** प्रशोधन केन्द्र वा लघु उद्यम स्थापना भई जडिबुटीको गुणस्तरमा सुधार हुने र रोजगारी वृद्धि भएको हुनेछ ।

## ४५. जडीबुटी उत्पादक संकलक तथा व्यापारी बीच अन्तरक्रिया गोष्ठी

**उद्देश्य :** जडीबुटी उत्पादन, संकलन तथा बिक्रीवितरण सम्बन्धी नीति ऐन नियम तथा अवस्था बारे जानकारी आदानप्रदान गर्ने ।

**कृयाकलापहरु :** बैठक/गोष्ठी ।

**कार्यान्वयन प्रकृया :**

- जिल्लामा भएका उद्योग वाणिज्य संघ, जडीबुटी सम्बन्धी सरोकारवाला संघ संस्था, जडीबुटी उत्पादक संकलक तथा व्यापारी, जडीबुटीको संरक्षणमा आवद्ध अन्य सरकारी निकाय, डिभिजन वन कार्यालय तथा सव डिभिजन वन कार्यालयहरु समेतको लिस्ट तयार गरी बैठक/गोष्ठी आयोजना गर्न सकिनेछ ।
- अन्तरक्रिया कार्यक्रममा जडीबुटी सम्बन्धि विद्यमान ऐन नियम, नीतिका साथै यसको उत्पादन, संकलन तथा व्यापारको क्रममा देखा परेका समस्या र तिनको समाधानको उपायहरु बारेमा छलफल गर्न सकिनेछ ।
- बैठक सञ्चालन गर्ने भए कार्यालय समय भन्दा अतिरिक्त समय र गोष्ठी सञ्चालन गर्ने भए कार्यपत्र तयार गरी कार्यालय समयमा समेत सञ्चालन गर्न सकिनेछ ।
- कार्यक्रमको बजेटबाट प्रचलित नर्मश अनुसार लागत अनुमान तयार गरी खर्च गर्नुपर्नेछ ।
- अन्तरक्रिया बैठक वा गोष्ठीको निर्णय सरोकारवालाहरुलाई पठाउनुपर्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

**अनुगमन तथा प्रगति प्रतिवेदन :** यस कार्यक्रमको अनुगमन डिभिजन वन कार्यालयबाट हुनेछ र बैठक/गोष्ठीको फोटो सहित राखी प्रभाव र उपलब्धी समेतको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** जडीबुटी उत्पादन, संकलन तथा बिक्रीवितंरण सम्बन्धी नीति ऐन नियम तथा अवस्था बारे जानकारी आदानप्रदान भएको हुनेछ ।

## ४६. संकटापन्न अवस्थामा पुगेका जडीबुटी प्रजातिको वासस्थान संरक्षण

नेपालमा करिब ७००० को हाराहारीमा फूल फुल्ने वानस्पतिक जैविक विविधता रहेको छ । सो मध्ये करिब ७०० प्रजातिहरुको औषधिजन्य महत्व रहेको छ । औषधिजन्य महत्व रहेका मध्ये ५१० प्राकृतिक रुपमा, १२० खेती विस्तारमा र ६० Exotic रहेका छन् । विविध कारणहरुले गर्दा दिनानुदिन यिनीहरुको संख्या घट्दै गईरहेको वर्तमान अवस्थामा संकटापन्न तथा लोपोन्मुख वनस्पतिहरुको संरक्षणको लागि उचित कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

**उद्देश्य:**

- हराउने तथा नासिने अवस्थामा पुगेका जडीबुटीहरुको दिगो संरक्षण तथा व्यवस्थापन गर्नका लागि जडीबुटीको प्राकृतिक बासस्थान विशेष संरक्षण कार्यक्रमहरु सञ्चालन गरी यस प्रदेशबाट लोप हुन लागेका वनस्पतिहरुको संरक्षण गर्ने ।
- वहुमूल्य, लोपोन्मूख तथा व्यवसायीक जडीबुटी प्रजातिको वासस्थान संरक्षण तथा व्यवस्थापन गर्नुका साथै अध्ययन स्थलको रुपमा स्थापित गराउने ।

**समेट्नुपर्ने कृयाकलाप :** प्रजातिहरुको सूची तयार गर्ने, प्राथमिकीकरण गर्ने, हर्वेरियम तयार गर्ने, स्रोत सर्वेक्षण, सम्झौता, स्व-स्थानीयवा पर-स्थानीयतरिकाले Seed orchard वा seed stand स्थापना, तारवार, वृक्षारोपण, टेन्डिङ अपरेशन, सचेतना गोष्ठी, वन हेरालु, झाडी सफाई आदि ।

**कार्यान्वयन प्रक्रिया :**

- सम्बन्धित वन कार्यालयबाट आफ्नो कार्य क्षेत्र भित्र पाईने बोटबिरुवाहरु मध्ये लोपोन्मुख तथा संकटापन्न प्रजातिहरुको पहिचान गरी सूची तयारी गर्ने,
- सूची तयार गर्दा प्रजातिको प्राकृतिक बासस्थानमा उपलब्धता, त्यस प्रजातिको दोहनको अवस्था र उपयोगी गुणको आधारमा प्राथमिकरण गर्ने,
- प्राथमिकता प्राप्त वनस्पति प्रजातिको Hotspots पहिचान गरी प्राकृतिक बासस्थानमा नै स्व-स्थानीयसंरक्षण योजना (In-Situ Conservation Plan) तयार गरी सम्बन्धित डिभिजन वन कार्यालयबाट नै स्वीकृत गरी डिभिजन कार्यालय मार्फत सञ्चालन गर्ने,
- संकटापन्न प्रजातिहरुको संरक्षणका साथै ती प्रजातिहरुको बीउको उत्पादन र उपलब्धतालाई दिगो बनाउनका लागि त्यस्ता प्रजातिहरु पहिचान गरी स्व-स्थानीय वा पर-स्थानीय तरिकाले Seed orchard वा Seed stand स्थापना गरिनेछ,

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- योजनामा In-situ conservation गरिने प्रजातिको स्रोत सर्वेक्षण, अवस्थाको मूल्यांकन, पाईने क्षेत्रको नक्शांकन, संरक्षणका चुनौतीहरु, संरक्षण व्यवस्था, बासस्थान सुधार, वन पैदावारहरुको संकलन तथा नियमन कार्यक्रम आदि समावेश हुनुपर्ने,
- सामुदायिक वनक्षेत्र भित्र पर्ने भएमा सम्बन्धित समूहहरुसँग प्रचलित कानूनको अधिनमा रहि सम्झौता गरी कार्य सञ्चालन गर्ने,
- बासस्थान संरक्षण कार्यका लागि सचेतना गोष्ठी, तारबार, वनहेरालु, झाडी सफाई आदि जस्ता कृयाकलापहरु सञ्चालन गर्ने,
- दुर्लभ वनस्पतिको फैलावटका लागि बिरुवा उत्पादन गरी सो क्षेत्र लगायत अन्य स्थानमा समेत रोपण गर्ने,
- स्वीकृत नर्मश तथा जिल्ला दररेट बमोजिम ईष्टमेत स्वीकृत गराई नमूना प्लट स्थापना गर्नुपर्ने,
- स्वीकृत बार्षिक कार्यक्रम अनुसारका कृयाकलापहरु सार्वजनिक खरिद ऐन, नियम, कार्यविधि अनुसार उल्लेखित मिल्दाजुल्दा कार्यक्रममा उल्लेख भएको प्रकृया अनुसार कार्यान्वयन गरी खर्च गर्नुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट कार्य सञ्चालन भएको अवस्थामा भए गरेको कामको अनुगमन गरी सुझावहरु दिनुपर्दछ । कार्यक्रम सम्पन्न भएपछि प्लट स्थापना गरिएको क्षेत्रको क्षेत्रफल (जि.पि. एस. कोअर्डिनेट), रोपीएको वा संरक्षण गरिएको बिरुवा संख्या, Tagging, सो को फोटो, होर्डिङ वोर्ड, गरिएका कृयाकलापहरुको विवरण तथा उपलब्धी र प्रभावकारिता सहितको प्रगती प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ । प्रचलित नियमानुसारको कन्टिन्जेन्सी छुट्याई सो रकमबाट अनुगमन कार्य गर्नुपर्दछ ।

**अपेक्षित उपलब्धी :** संकटापन्न अवस्थामा पुगेका जडीबुटीहरुको वासस्थान संरक्षण भएको हुनेछ ।

## ४७. जडीबुटी बिरुवा खरिद तथा वितरण

**उद्देश्य :** वैकल्पिक आयस्रोतको रुपमा विकास गर्न बिरुवा उत्पादन गर्दा उच्च मुल्यका (High value) जडीबुटी विरुवा खरिद गरी वितरण गर्ने र वृक्षारोपणद्वारा उत्पादनमा अभिवृद्धि ल्याई आयआर्जन तथा जीविकोपार्जनमा सुधार पुऱ्याउने उद्देश्यबाट यो कृयाकलाप सञ्चालन गरिनेछ ।

**समेट्नु पर्ने कृयाकलाप :** माग सर्भेक्षण, सूची तयारी, खरिद, ढुवानी, वितरण, बृक्षारोपण, स्याहार सम्भार ।

**कार्यान्वयन प्रक्रिया :**

- उच्च मूल्य तथा बजार सम्भावना भएको, स्थानीयवातावरणमा हुर्कन सक्ने, स्थानीयआवश्यकता तथा रुचि र व्यवसायिक महत्व भएको जडीबुटी प्रजातिहरुको सर्भेक्षण गरी सूची तयार गर्ने ।
- सूची तयार पार्दा जडीबुटीको आर्थिक, सामाजिक तथा वातावरणीय एवं जैविक विविधताको महत्वका साथै नेपालको आर्थिक विकासको लागि प्राथमिकता प्राप्त जडीबुटी प्रजातिहरुलाई बिशेष ध्यान दिने ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- बृक्षारोपण गरिने भौगालिक क्षेत्र/ पकेट क्षेत्र तोकी सार्वजनिक सुचनाद्वारा माग सकंलन गर्ने ।
- ब्यक्ति, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह तथा सहकारीहरुले निवेदन दिनसक्ने ।
- बहुबर्षिय तथा गुणस्तरीय बिरुवालाई प्राथमिकता दिई खरिद गरी ढुवानी गर्नुपर्ने ।
- माग र उपलब्ध गराउन सकिने विरुवा संख्याको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्ने ।
- बिरुवा खरिद गर्दा प्रचलित बजार भाउ/ जिल्ला दररेट अनुसार खरिद गर्न सकिने ।
- बृक्षारोपण तथा स्याहार सम्भारका लागि उपलब्ध बजेट अनुसार हुने ।
- स्वीकृत बार्षिक कार्यक्रम अनुसारका कृयाकलापहरु सार्वजनिक खरिद ऐन, नियम, कार्यविधि अनुसार उल्लेखित मिल्दाजुल्दा कार्यक्रममा उल्लेख भएको प्रकृया अनुसार कार्यान्वयन गरी खर्च गर्नुपर्ने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट कार्य सञ्चालन भएको अवस्थामा भए गरेको कामको अनुगमन गरी सुझावहरु दिनुपर्दछ । कार्यक्रम सम्पन्न भएपछि खरिद गरिएको विरुवाको जात, संख्या, वृक्षारोपण गरिएको स्थान, रोपिएका बिरुवा संख्या, सोको फोटो, सूचक सहितका अन्य उपलब्धी र प्रभावकारिता सहितको प्रगती प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ । प्रचलित नियमानुसारको कन्टिन्जेन्सी छुट्याई सो रकमबाट अनुगमन कार्य गर्नुपर्दछ ।

**अपेक्षित उपलब्धी :** गुणस्तरिय जडीबुटी विरुवा खरिद, वितरण तथा वृक्षारोपणद्वारा उत्पादनमा अभिवृद्धि भई आयआर्जन तथा जीविकोपार्जनमा सुधार भएको हुनेछ ।

## ४८. जडीबुटी खेती सम्बन्धी तालिम

**उद्देश्य :** उच्च मूल्य तथा बजार सम्भावना भएको, स्थानीय वातावरणमा हुर्कन सक्ने, स्थानीय आवश्यकता तथा रुचि भएको, आर्थिक, सामाजिक तथा वातावरणीय एवं जैविक विविधताको महत्व भएको जडीबुटी प्रजातिको खेति सम्बन्धी तालिमद्वारा लक्षित समूहलाई खेती गर्न सिकाउने तथा सक्षम जनशक्ति विकास गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** सहभागिहरुको छनौट, प्रशिक्षण, अभ्यास, सहभागिहरुको प्रतिबद्धता/कार्य योजना ।

**कार्यान्वयन प्रक्रिया :**

- सहभागीहरु छनौट गर्दा जडीबुटी खेती तथा ब्यवसायमा संलग्न किसानहरु (उत्पादक), संकलकहरु, ब्यवसायीहरुका साथै सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरु मध्येबाट रुची र ईच्छा भएकाहरुलाई प्राथमिकता दिनुपर्नेछ ।
- उच्च मूल्य तथा बजार सम्भावना भएको, स्थानीय वातावरणमा हुर्कन सक्ने, स्थानीय आवश्यकता तथा रुचि र व्यवसायिक महत्व भएको नेपालको आर्थिक विकासको लागि प्राथमिकता प्राप्त जडीबुटी प्रजातिहरुको खेति सम्बन्धमा केन्द्रीकृत भएर तालिम संचालन गर्नुपर्नेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

- तालिम सञ्चालन गर्नु पूर्व सेशन प्लान तयार गरी स्वीकृत गराउनुपर्नेछ । सेसन प्लान तयार गर्दा जडीबुटी खेतीको लागि जग्गा तयारी, जडीबुटी प्रशारणका तरिकाहरु, जडीबुटीको रोपण तथा खेती, जडीबुटी दिगो संकलनका तरिकाहरु, जडीबुटीको भण्डारण, प्याकेजिङ्ग, लेभेलिङ्ग, बजारीकरण लगायतका विषयवस्तुहरु समेट्न सकिनेछ ।
- तालिम अवधि तथा सहभागि संख्या उपलब्ध बजेट अनुसार हुनेछ ।
- प्रचलित नर्मश अनुसार लागत ईष्टिमेट तयार गरी स्वीकृत गराइ तालिम संचालन गर्नुपर्नेछ । यस तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्ड गियर, तालिमका लागि आवश्यक भौतिक सामग्री खरीद तथा हस्तान्तरण, तालिम व्यवस्थापन समूहभत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, व्यानर तथा प्रमाणपत्र तयारी, उद्घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।
- जिल्ला भित्रका सहभागिहरुलाई गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ अनुसार सहभागी भत्ता उपलब्ध गराउन सकिनेछ ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि डिभिजन वन कायालयमा मौजुदा प्रशिक्षकहरुबाट मात्र सम्भव नभएको अवस्थामा सम्बन्धित विषयवस्तुको विज्ञहरुबाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ ।
- तालिम कार्यक्रमलाई प्रभात्रकारी ढंगले सञ्चालन गर्न तालिम सञ्चालन पूर्व र पश्चात मुल्यांकन छलफल श्रृंखलाबाट तालिम कार्यक्रमको मूल्यांकन गरी पृष्ठपोषण गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट तालिम सञ्चालन भएको अवस्थामा भए गरेको कामको अनुगमन गरी सुझावहरु दिनुपर्दछ । तालिम कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा स्वीकृत लागत इष्टिमेट, स्वीकृत पाठ योजना, तलिम कार्यकम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा बिल भर्पाइ, तालिम कार्यक्रम संचालनका फोटोहरु, तालिम मुल्यांकन फारम, सहभागीहरुको कार्ययोजना फारम तथा तालिमको विस्तृत प्रतिवेदन समाबेश गरी प्रतिवेदन दिनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** तालिमपछि जडीबुटी खेती सम्बन्धि ज्ञान तथा सिपमा अभिवृद्धि भई सक्षम जनशक्ति उत्पादन हुने र सहभागीहरुको जडीबुटीको उत्पादन, आयआर्जन तथा जीविकोपार्जनमा सुधार हुनेछ ।

## ४९. जडीबुटीको प्रर्दशनी प्लट स्थापना

**उद्देश्य :** बहुमूल्य, लोपोन्मुख तथा व्यवसायिक जडीबुटी प्रजातिको बासस्थान संरक्षण तथा व्यवस्थापन गर्नुका साथै अध्ययन स्थलको रुपमा स्थापित गराउने ।

**समेट्नुपर्ने कृयाकलाप** : छलफल, स्थान तथा प्रजाति छनौट, प्रर्दशनी प्लट स्थापना संरक्षण बारबन्देज ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

**कार्यान्वयन प्रक्रिया :**

- विज्ञ तथा सम्बन्धित सरोकारवालाहरुको छलफल, समन्वय तथा सहकार्यमा वहुमूल्य, लोपोन्मूख तथा व्यवसायिक जडीबुटी प्रजाति र उक्त प्रजातिको वासस्थान छनौट गर्ने ।
- छनौट गर्दा जडीबुटी प्रजातिको आर्थिक, सामाजिक तथा वातावरणीय एवं जैविक विविधताको महत्वका साथै नेपालको आर्थिक विकासको लागि प्राथमिकता प्राप्त जडीबुटी प्रजातिहरुलाई ध्यान दिने ।
- वृक्षारोपण गरी वा प्राकृतिक स्थानमा नमूना प्लट स्थापना गर्न सकिनेछ ।
- छुट्टै योजना स्वीकृत गराई नमूना प्लट स्थापना गर्नुपर्नेछ र उक्त योजनामा संरक्षण तथा दिगो संचालनको स्पष्ट व्यवस्था हुनुपर्नेछ ।
- नमूना प्लट अध्ययन स्थलको रुपमा समेत रहने हुँदा सके सम्म धेरै प्रजाति समेट्नु पर्नेछ ।
- विउ/बिरुवा खरिद गर्दा प्रचलित बजार भाउ/ जिल्ला दररेट अनुसार खरिद गर्न सकिनेछ ।
- स्वीकृत नर्मश बमोजिम डिजाईन तथा ईष्टमेट स्वीकृत गराई नमूना प्लट स्थापना गर्नुपर्नेछ ।
- स्वीकृत बार्षिक कार्यक्रम अनुसारका कृयाकलापहरु सार्वजनिक खरिद ऐन, नियम, कार्यविधि अनुसार कार्यान्वयन गरी खर्च गर्नुपर्नेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट कार्य सञ्चालन भएको अवस्थामा भए गरेको कामको अनुगमन गरी सुझावहरु दिनुपर्दछ । कार्यक्रम सम्पन्न पश्चात प्लट स्थापना गरिएको क्षेत्रको क्षेत्रफल (जि.पि.एस.को-अर्डिनेट), रोपिएको वा संरक्षण गरिएको बिरुवा संख्या, Tagging, सोको फोटो, होर्डिङ बोर्ड तथा उपलब्धी र प्रभावकारिता सहितको प्रगती प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ । प्रचलित नियमानुसारको कन्टिन्जेन्सी छुट्याई सो रकमबाट अनुगमन कार्य गर्नुपर्दछ ।

**अपेक्षित उपलब्धी :** बहुमूल्य, लोपोन्मूख तथा व्यवसायिक जडीबुटी प्रजातिहरुको वासस्थान संरक्षण तथा व्यवस्थापनका साथै अध्ययन स्थलको रुपमा स्थापित भएको हुनेछ ।

## ५०. सामुदायिक वनमा प्रमुख प्रजातिको जडीबुटी खेती विस्तार सम्भाव्यता अध्ययन

**उद्देश्य :** प्रचुर मात्रामा जडीबुटी भएका र संभावना भएका सामुदायिक वन क्षेत्रमा खेती विस्तार गर्न संभाव्यता अध्ययन गर्ने ।

**समेट्नुपर्ने कृयाकलाप :** अध्ययन र समूहहरुबीच अन्तरक्रिया बैठक ।

**कार्यान्वयन प्रक्रिया :**

- प्रचुर मात्रामा जडीबुटी भएका र विस्तार गर्न सकिने क्षेत्र भएका समूहहरुको सूची कर्मचारी बैठकबाट तय गर्ने ।
- प्राप्त बजेटको आधार समेतलाई विचार गरी प्रचलित नर्मस् अनुसार कर्मचारीबाटै अध्ययन गर्ने, लागत अनुमान तयार गर्ने सो हुन नसकेमा परामर्शदाता मार्फत सार्वजनिक खरिद ऐन नियमअनुसार कार्यविवरण तयार गरी प्रस्ताव आह्वान गर्ने र छनौट गर्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

- कर्मचारीबाट गरिने अध्ययन भएमा तथ्याङ्क एकिकृत र विश्लेषण गरी खेती विस्तार गर्ने योजना तयार गर्ने ।
- परामर्शदाता मार्फत अध्ययन गरिएमा हालको अवस्था, विस्तार गर्न सकिने क्षेत्र, लगानी र आम्दानी समेतको प्रक्षेपण सहितको प्रतिवेदन लिने ।
- प्राप्त प्रतिवेदनहरु सम्बन्धित उपभोक्ता समूहको बैठक आयोजना गरी छलफल गरी पृष्ठपोषण लिने ।
- सुझाव र पृष्ठपोषण सहितको अन्तिम प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गर्ने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृतले यस कार्यक्रमको अनुगमन गर्नेछन् । कार्यक्रम सम्पन्न भए पश्चात प्रगति प्रतिवेदनमा अध्ययन प्रतिवेदन, अध्ययन गरिएको स्थान र सामुदायिक वनहरुको नाम, अन्तरक्रिया बैठकमा सहभागी भएका व्यक्तिहरुको नाम उल्लेख गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** प्रचुर मात्रामा जडीबुटी भएका र संभावना भएका सामुदायिक वन क्षेत्रमा खेती विस्तार गर्न संभाव्यता अध्ययन भएको हुनेछ ।

## ५१. संकटापन्न तथा लोपोन्मुख वन्यजन्तु संरक्षण कार्यक्रम

**उद्देश्य :** जिल्लाको वन क्षेत्रमा पाईने सकंटापन्न तथा लोपोन्मुख अवस्थामा पुगेका वन्यजन्तु प्रजाति (हिउंचितुवा, सालक, कस्तुरी मृग, रेडपान्डा लगायतका अन्य समेत) को पहिचान गरी सोको संरक्षण (In-situ conservation and Ex-situ conservation) गर्ने ।

**समेट्नुपर्ने कृयाकलाप :** पकेट क्षेत्र नक्शांकन, लोपन्मुख प्रजातिहरु छनौट, सरोकारवालाहरुसँग छलफल, बासस्थान संरक्षण, बासस्थान सुधार, आहारको व्यवस्था, चोरी निकासी रोकथाम, जनचेतनामूलक तालिम/गोष्ठी, होडिङ्ग बोर्ड, पर्चा, पुरस्कार आदि ।

**कार्यान्वयन प्रक्रिया :** सम्बन्धित कार्यालयले सहभागितात्मक तरिकाले सरोकारवालाहरु समेटी संकटापन्न तथा लापोन्मुख प्रजाति पहिचान गरी प्रमुख लोपन्मुख प्रजातिहरु छनौट गरी सो पकेट क्षेत्र नक्शांकन गराई उक्त क्षेत्रमा लोपोन्मुख जातका वन्यजन्तु संरक्षणको लागि समुदायस्तरमा संरक्षण समूह मार्फत बासस्थान संरक्षण तथा चोरीनिकासी रोकथाम सम्बन्धि विभिन्न कृयाकलापहरु संचालन गर्न सकिनेछ । यस्ता लोपोन्मुख वन्यजन्तुहरु सामुदायिक वनक्षेत्र भित्र पर्ने भएमा सम्बन्धित समूहहरुसँग सम्झौता गरी संरक्षणको कार्यसम्पादनको आधारमा यस शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिन सकिनेछ । यस कार्यक्रम अन्तर्गत चेतनमुलक तालिम/गोष्ठी, प्रचार प्रसार, केज निर्माण, बासस्थान सुधार, पुरस्कार आदि आवश्यकता अनुसार विभिन्न कार्यक्रमहरु संचालन गर्न सकिन्छ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट कार्य सचांलन भएको अवस्थामा भए गरेको कामको अनुगमन गरी सुझावहरु दिनुपर्दछ । कार्यक्रम सम्पन्न भएपछि संरक्षण गरिएको वन्यजन्तुको विवरण, गरिएको मुख्य कामको विवरण, स्थान (जि.पि.एस.कोअर्डिनेट समेत), फोटो, होर्डिङ्ग बोर्ड तथा उपलब्धी र



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

प्रभावकारिता सहितको प्रगती प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ । प्रचलित नियमानुसारको कन्टिन्जेन्सी छुट्टयाई सो रकमबाट अनुगमन कार्य गर्नुपर्दछं ।

**अपेक्षित उपलब्धी :** सकंटापन्न र लोपोन्मुख अवस्थामा पुगेका वन्यजन्तु प्रजातिहरुको संरक्षण भई जैविक विविधता अभिबृद्धीमा टेवा पुगेको हुनेछ ।

## ५२. मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा वन्यजन्तु उद्दार/समस्याग्रस्त तथा हानिकारक वन्यजन्तुको व्यवस्थापन

वन क्षेत्रको संरक्षण र व्यवस्थापनमा भएको सफल प्रयासहरुबाट वन क्षेत्रको वृद्धिसँगै वन्यजन्तुहरुको संख्यामा वृद्धि भएको छ । कतिपय स्थानमा वन्यजन्तु आवतजावत गर्ने कोरिडोरहरु खण्डित भई वन्यजन्तुहरुको विचरण गर्ने वन क्षेत्रहरु साँगुरिएको अवस्था छ । यी दुवै कारणबाट बाघ, हात्ती, चितुवा, बाँदर, जगंली ब्वांसो, ध्वांसे चितुवा, बँदेल, मृग, भालु, हुँडार, जस्ता जनावरहरुले गाउं बस्तीहरुमा प्रवेश गरी स्थानीय जनताको जीउ-धन, पशु-धन, खेतीपाती र भौतिक सम्पत्तिको क्षति पुर्‍याउने काम गरेकोले तनाव उत्पन्न भई मानव र वन्यजन्तु वीचं द्वन्दका घटनाहरु बढ्दै आएको छ । यी जनावरहरुको समयमै उचित व्यवस्थापन हुन आवश्यक छ ।

**उद्देश्य :** समस्याग्रस्त र हानिकारक वन्यजन्तुहरुबाट सृजित मानव र वन्यजन्तु वीच दिन प्रतिदिन बढ्दै गएको द्वन्दका घटनालाई समयमै उद्दार, व्यवस्थापन तथा न्यूनीकरण गर्ने ।

**समेद्नुपर्ने कृयाकलाप :** वन्यजन्तुहरुको उद्दार, पुर्नस्थापना, आहारको व्यवस्था, मानव वन्यजन्तु द्वन्द स्टाटस सर्भेक्षण, प्रचारप्रसार कार्यक्रमहरु (जनचेतनामूलक कार्यक्रम, रेडियो तथा पत्रपत्रिकामा संरक्षणमूलक सन्देश प्रसारण, बुकलेट, पुस्तिका प्रकाशन तथा वितरण), जिल्ला वन्यजन्तु अपराध नियन्त्रण ईकाई (DWCCB) तथा द्रुत टोली परिचालन (RRT) बैठक तथा गोष्ठी संचालन, शिकार प्रतिरोध अपरेशन संचालन ।

**कार्यान्वयन प्रक्रिया :** यस शिर्षकमा विनियोजित रकमबाट समस्याग्रस्त तथा हानिकारक वन्यजन्तुहरुको उद्धार, पुर्नस्थापना, आहारको व्यवस्था, वन्यजन्तुहरु राख्ने तथा छोप्न प्रयोग हुने खोर निर्माण, मानव वन्यजन्तु द्वन्द व्यवस्थापन सम्बन्धी सरोकारवालाहरु बीच गोष्ठीहरु सञ्चालन, विद्यालय तथा कलेजस्तरमा संरक्षण क्रियाकलाप संचालन, रेडियो/एफएम/टिभि तथा पत्रपत्रिका, सूचना प्रसारण, वन्यजन्तुबाट सृजित आतंक नियन्त्रण सम्वन्धि सामग्रीको होडिङ्ग बोर्ड, पर्चा आदिबाट समेत प्रचारप्रसार गर्न सकिनेछ । जिल्ला वन्यजन्तु अपराध नियन्त्रण ईकाई (District Level Wildlife Crime Control Bureau) गठन नभएको जिल्लाहरुमा गठन गर्न तथा भएको जिल्लाहरुमा समन्वय बैठक संचालन गर्न, जिल्लास्तरमा चोरी शिकार नियन्त्रका लागि Rapid Response Team गठन तथा परिचालन गर्न सकिनेछ । मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनको क्रममा परिचालन हुने टोलीलाई फिल्डस्तरमा कार्य गर्नका लागि लाग्ने भत्ता, फिल्ड गियर, खाजा भत्ता, इन्धन आदिमा यस शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्न सकिन्छ । समस्याग्रस्त वन्यजन्तु व्यवस्थापन र मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

जिल्लामा गर्नुपर्ने सिफारिस समितिको बैठकमा समेत रकम खर्च गर्न सकिनेछ । वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (संशोधन समेत) मा समावेश भएको बाहेकका मानव, पशुधन, सम्पति क्षतिमा राहत वितरण गर्न तथा जिल्लामा मानव वन्यजन्तु द्वन्दका कारण सृजित समस्या समाधानका लागि आवश्यक पर्ने भैपरी आउने कृयाकलापहरु समेत यस शिर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । कार्यक्रम संचालन डिभिजन वन कार्यालय तथा सव डिभिजन वन कार्यालयका कर्मचारीहरु, वन समूह, वन तथा वातावरणमा आवद्ध संस्था समेत परिचालन गरी गर्न सकिनेछ । वन तथा भू संरक्षण विभाग र प्रदेश मन्त्रालय तथा वन निर्देशनालय लगायत अन्य निकायहरुबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :** डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट कार्य सचांलन भएको अवस्थामा भए गरेको कामको अनुगमन मन्त्रालय, विभाग तथा निर्देशनालयबाट हुनेछ । कार्यक्रम सम्पन्न भएपछि सञ्चालित कामको विवरण, समस्याग्रस्त तथा हानिकारक वन्यजन्तुको व्यवस्थापन तथा उद्दार गरिएका वन्यजन्तुहरुको नाम, संख्या, उद्दार गर्न परेको कारण फोटो उपलब्धी र प्रभावकारिता सहितको प्रगती प्रतिवेदनमा समावेश भएको हुनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** समस्याग्रस्त तथा हानिकारक वन्यजन्तुहरुको समयमै व्यवस्थापन तथा उद्धार भई मानव र वन्यजन्तु बीचको द्वन्दका घटनाहरु समयमै व्यवस्थापन हुनेछ ।

## ग. भू तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरु :

### ५३. सिंचाई कुलो/पानीका स्रोत/पानीका मुहान संरक्षण

सिंचाई कुलो संरक्षण भन्नाले परम्परागत रुपमा भैरहेका सिंचाई गर्ने साना कुलो (Channel) जसको माथिल्लो वा तल्लो भागमा भू-क्षय वा पहिरो जाने सम्भावना रहेको छ, त्यस्तो कुलोको संरक्षणलाई बुझाउँदछ । यस कार्यले ती सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) विधिहरु (Measures) लाई समेट्दछ जसले पानीको व्यवस्थापन तथा सदुपयोग गर्नुको साथै सिंचाई कुलोमा हुने थिग्रिकरण (Sedimentation)लाई घटाउनुको साथै कुलोसँग जोडिएका क्षेत्रहरुमा भू-क्षय (Erosion) कम गराउने कार्य गर्दछ ।

पानीका स्रोत/पानीका मुहान संरक्षण भन्नाले ती सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) विधिहरु (Measures) लाई समेट्दछ जसले मुल, कुवा, पोखरी जस्ता ग्रामीण पानीका श्रोतहरुको दिगो र उचित प्रयोग गर्न सहयोग पुऱ्याउँदछ । यसले पिउने पानीको श्रोतको संरक्षण र यसको वरपरको एकीकृत भू-संरक्षण कार्य समेतलाई समेट्दछ ।

**उद्देश्य :**

- पानीलाई खेर जान नदिई सिंचाइको लागि पानीको उपलब्धता बढाउने ।
- सिंचाई कुलोमा भू-क्षय, पहिरोद्वारा हुने क्षति कम गराई यसको दिगो प्रयोगमा सहयोग गर्ने ।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनद्वारा परम्परागत पिउने पानीको मात्रा र गुणस्तरमा अभिवृद्धि गर्ने ।

**समेटिने सम्भावित क्रियाकलापहरु :**

- सिंचाइ कुलो निर्माण तथा सुधार ।
- सिंचाइ कुलोको माथिल्लो र तल्लो भाग (upslope and down slope) को संरक्षण गर्न आवश्यक वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू-संरक्षण विधिहरु (erosion control measures) ।
- इन्टेक (intake), वितरण प्रणाली र सेडिमेन्ट ट्र्याप (Sediment trap) को निर्माण तथा सुधार कार्य ।
- जलाधार क्षेत्रमा भू-संरक्षण कार्यहरु ।
- कठिन भू-बनोट भै माटोको कुलो निर्माण संभव नभएको स्थानमा विभिन्न किसिमका पाइपहरुको प्रयोग।
- सिचांई कुलो तथा पानीको स्रोत संरक्षण कार्यलाई कन्टुर टेरेसिङ (Contour terracing), कन्टुर ट्रेन्चिङ (Contour trenching) र कन्टुर वन्डिङ (Contour bunding) जस्ता आवश्यक संरक्षणका विधिहरु अपनाई घांस, बांस लगाएतका विरुवाहरु रोपण गर्ने कार्यहरु सगं एकिकृत रुपमा गर्न सकिने ।
- साना गल्छी रोकथाम (Micro-gully plugging), कन्टुर वाटलिङ (Contour wattling), चेकड्याम (Check dam), रिटेनिंग वाल (Retaining wall) जस्ता आवश्यक भू-संरक्षणका संरचना निर्माण ।
- पानी संकलन ट्यांकी र पानीको वितरण प्रणालीको निर्माण ।
- सुरक्षित भल तर्काउने नाला (Diversion channel and safe drainage) को निर्माण ।
- पानी मुहानको संरक्षण/घेरावार (Fencing) ।
- जलाधार क्षेत्रमा उपयुक्त भू-उपयोग उपचार (Appropriate land use treatment) ।
- पानीको मुहानमा मानिस एवं जनावरजन्य मल, दिसा पिसाब, रोगव्याधी एवं फोहर र विषादीको मिसावट हुन नदिने कार्यहरु ।
- अन्य आवश्यक कार्यहरु ।

**कार्यान्वयन प्रक्रिया :**

- सिंचाइ कुलो, यसको माथिल्लो र तल्लो भाग (Upslope and down slope) र यसको इन्टेक (intake) सँग जोडिएको जलाधार क्षेत्रलाई कार्य इकाई (Working unit) को रुपमा लिइनेछ ।
- पानीका मुहान/पानीको श्रोत, यसको जलाधार क्षेत्र र पानीको वितरण प्रणालीलाई कार्य इकाई (Working unit) को रुपमा लिइनेछ ।
- आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू-संरक्षण विधिहरु (Erosion control measures) लाई प्याकेजको रुपमा उक्त कार्य इकाई भरि नै लागु गरिनेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरणसम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था (CBO) मार्फत कार्य संचालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संचालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET र कार्यालय /उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नु पर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र सम्बन्धित् उपभोक्ता समिति/समूहले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा (Periodic) अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नुपर्नेछ। ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलव्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :**

- सिंचित भूमिको उत्पादकत्व वृद्धि भएको हुनेछ ।
- सिंचाइ कुलोको प्रभावकारितामा अभिवृद्धी भएको हुनेछ ।
- महत्वपूर्ण पानीको श्रोतहरुको पहिचान तथा संरक्षण भएको हुनेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

## ५४. खोला, नदी तथा पहिरो नियन्त्रणका लागि तटबन्ध कार्यक्रम/ बायो इन्जिनियरिङ प्रविधिबाट पहिरो, भूक्षय, खहरे तथा खोला किनारा संरक्षण कार्यक्रम/ पोखराको मर्दिखोलाको किनारामा तटबन्धन निर्माण

खोला, नदी किनार भन्नाले खोला/नदीको किनारमा अवस्थित जमिनलाई बुझाउँदछ जहाँ खोला/नदी कटान सक्रिय भै बस्ती, कृषियोग्य जमिन, वन क्षेत्र तथा अन्य महत्वपूर्ण पूर्वाधारहरुलाई क्षति पुऱ्याइरहेको छ । खोला, नदी तथा पहिरो नियन्त्रणका लागि तटबन्ध कार्यक्रम /बायो इन्जिनियरिङ प्रविधिबाट पहिरो, भूक्षय, खहरे तथा खोला किनारा संरक्षण कार्यक्रम/ पोखराको मर्दिखोलाको किनारामा तटबन्धन निर्माण कार्यक्रम भन्नाले क्षति पुऱ्याइरहेको खोलाको किनारालाई संरक्षण गर्न लागु गरिने (निर्माण गरिने) आवश्यक वानस्पतिक (Vegetative) तथा संरचनात्मक (Structural) विधिहरु (Measures) लाई बुझाउंदछ ।

**उद्देश्य :** खोला किनारामा हुने भू-क्षय, पहिरो र नदी कटान रोकथाम गरी उक्त जमिन एवं वस्ती र पूर्वाधारको संरक्षण गर्नु ।

**समेटिने सम्भावित क्रियाकलापहरु :** यस अन्तर्गत साधारणतया तलका कार्यहरु आवश्यकता अनुसार गर्नुपर्नेछ :

- Revetments निर्माण
- Spurs निर्माण
- Flow retarding संरचना निर्माण
- वहावलाई व्यवस्थापन गर्न Channelization गर्ने कार्य
- Bio-engineering प्रविधिबाट डुबान क्षेत्र स्थिरिकरण (Flood plain stabilization) गर्ने कार्य
- बांधमा घाँस /बाँस लगायतका विरुवा लगाउने वानस्पतिक संरक्षण प्रविधि (Vegetative measures)
- संरक्षण गरिने क्षेत्रमा तारंवार (Fencing) गर्ने कार्य

**कार्यान्वयन प्रक्रिया :**

- खोला किनार संरक्षण गर्नुपर्ने सम्पूर्ण क्षेत्रलाई कार्य इकाई (Working unit) को रुपमा लिइनेछ । नदी किनाराबाट कम्तिमा ५-१० मिटरसम्मको क्षेत्र समेट्नुपर्दछ ।
- नदी उकास जग्गा उपयोग तथा दर्ता सहमति निर्देशिका २०६५ लाई आधार मानी उच्च बाढीको सतह ( High flood level) निर्धारण गरी सोही अनुसार गर्नुपर्नेछ ।
- आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू-संरक्षण विधिहरु (Erosion control measures) लाई प्याकेजको रुपमा उक्त कार्य इकाई भरि नै लागु गरिनेछ ।
- बायोइन्जिनियरिङ प्रविधि (Bio-engineering technique) लाई प्राथमिकता दिनुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था (CBO) मार्फत कार्य संचालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संचालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।

- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गनुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET, र कार्यालय /उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मुल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र सम्बन्धित उपभोक्ता समिति/समूहले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नु पर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलब्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** खोला किनारामा हुने भू-क्षय र नदी कटान रोकथाम भई त्यस्ता क्षेत्रमा भएका जमिनहरु एवं बस्ती र पूर्वाधारहरुको संरक्षण भएको हुनेछ ।

## ५५. क्षतिग्रस्त भूमिको पुनर्स्थापना तथा उत्पादकत्व वृद्धि कार्यक्रम/किसानसँग भू-संरक्षण तथा खेतबारी संरक्षण

क्षतिग्रस्त भूमि पुनर्स्थापना भन्नाले विविध मानवीय तथा प्राकृतिक कारणबाट क्षतविक्षत भै उत्पादकत्वमा ह्रास आएको वन, नाङ्गो जमिन, बलौटे तथा ढुङ्गे नदी/खोलाको बगरलाई पुरानै उत्पादनशिल अवस्थामा फर्काउने प्रकृयालाई बुझाउँदछ । क्षतिग्रस्त भूमि पुनर्स्थापना कार्यले क्षतिग्रस्त भूमिलाई पुन प्रयोगमा ल्याउनको लागि लागु गरिने आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू-संरक्षण विधिहरु (Erosion control measures) लाई समेट्दछ । किसानसँग भू-संरक्षण तथा खेतवारी संरक्षण एवं उत्पादकत्व वृद्धि कार्यक्रम

भन्नाले विभिन्न संरक्षणका विधि अपनाई माटो तथा पानीको संरक्षणद्वारा खेती प्रणालीलाई समेत सुधार गरी कृषि जमिनको उत्पादकत्व वृद्धि गर्ने कार्यलाई बुझाउँदछ ।

**उद्देश्य :**

- माटो तथा पानीको संरक्षणद्वारा भू-क्षय नियन्त्रण गरी क्षतिग्रस्त भूमिको उत्पादकत्व वृद्धि गर्ने ।
- भू-संरक्षण तथा खेती प्रणाली सुधारद्वारा कृषि भूमिको उत्पादकत्व वृद्धि गर्ने ।

**समेटिने सम्भावित क्रियाकलापहरु :** यस अन्तर्गत विविध कार्यहरु आवश्यकता अनुसार लागु गर्नुपर्दछ :

- अत्यावश्यक भएको खण्डमा कन्टुर टेरेसिङ (Contour terracing), कन्टुर ट्रेन्चिङ (Contour trenching) र कन्टुर वन्डिङ (Contour bunding) जस्ता आवश्यक संरक्षणका विधिहरु अपनाई फलफूल, घांस, बांस, बुट्यान रोपण गर्ने कार्यहरु ।
- साना गल्छी रोकथाम (Micro-gully plugging), कन्टुर वाटलिङ (Contour wattling), चेक ड्याम ( Check dam), रिटेनिंग वाल (Retaining wall) जस्ता आवश्यक भू-संरक्षणका संरचना निर्माण ।
- बिरुवा उत्पादन तथा वितरण (Seedling production /Distribution) ।
- सो क्षेत्रको तारबार गर्ने कार्य (Fencing) ।
- फलफूल बिरुवा वितरण (Fruit seedling distribution) ।
- घांस रोपण, सुरक्षित भल/पानी तर्काउने नाला निर्माण (Diversion channel and safe drainage) ।
- आवश्यकता अनुसार साल्ट प्रविधि (Sloping Agricultural Land Technology) प्रयोग गर्ने ।

**कार्यान्वयन प्रक्रिया :**

- सम्बन्धित क्षतिग्रस्त भूमि र कृषि भूमि तथा कृषकका घरधुरीलाई कार्य क्षेत्रको रुपमा लिइनेछ ।
- आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू-संरक्षण विधिहरु (Erosion control measures) लाई प्याकेजको रुपमा उक्त कार्य इकाई भरि नै लागु गरिनेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार तथा लाभको वितरणसम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह /समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य सञ्चालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नैपर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- स्थानीय तहसँगको समन्वय र सिफारिसमा योजना सन्चालन गर्नुपर्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- बस्तुस्थितिको विश्लेषण गर्दायोजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र सम्बन्धित् उपभोक्ता समिति/समूहले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नुपर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलव्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :**

- माटो तथा पानीको संरक्षणद्वारा भू-क्षय नियन्त्रण भई क्षतिग्रस्त भूमिको उत्पादकत्वमा वृद्धि भएको हुनेछ।
- भू-संरक्षण तथा खेती प्रणाली सुधारद्वारा किसानको कृषि भूमिको उत्पादकत्व वृद्धि भएको हुनेछ ।

## ५६. मुस्ताङ्ग एकीकृत भू-संरक्षण कार्यक्रम

धरातलीय, भौगर्भिक बनोट, हावापानी र मौसमको दृष्टिकोणले विषम अवस्थितिमा रहेको मुस्ताङ जिल्लाको भू-क्षय तथा जलाधारीय स्वरुपलाई मध्यनजर गर्दा अन्य जिल्लाहरुको तुलनामा फरक रहेको देखिन्छ । उच्च हिमाली क्षेत्र मुख्यत: कालिगण्डकीको किनार एवं यसका सहायक नदी, खोला, खोल्सा र खहरेहरुले सिर्जना गरेको केही समथर जमिनहरुमा बस्तीहरु केन्द्रिकृत भएको पाइन्छ । यीनै बस्तीहरुको संरक्षण एवं कृषिभूमिको उत्पादकत्वमा सुधार ल्याउनु चुनौतीको रुपमा रहेको छ । बिशेष कार्यक्रमको रुपमा क्षतिग्रस्त भूमिको सघन उपचारद्वारा एकीकृत भू संरक्षण कार्यक्रमलाई प्याकेजको रुपमा सञ्चालन गर्नुपर्ने हुन्छ ।

**उद्देश्य :**

- एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापनको कार्यक्रम कार्यान्वयनद्वारा प्रति इकाई जमिनको उत्पादकत्वमा वृद्धि ल्याउने ।
- भूक्षय कम गरी हरियाली बढाउने ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

**समेटिने सम्भावित क्रियाकलापहरु :** भू-संरक्षण तथा जलाधार व्यवस्थापनका विभिन्न कृयाकलापहरुको कार्यान्वयनद्वारा जमिनमा पानीको उपलब्धतामा वृद्धि ल्याउने, हरियाली बढाउने, भूमिको प्रति इकाई उत्पादकत्वमा वृद्धि ल्याउनुपर्ने देखिन्छ । तसर्थ हिमाल तथा पहाडको उपल्लो भूमि (जलाधार) क्षेत्रबाट भलपानी एवं हिमपहिरोले बगाई ल्याउने ढुङ्गा, माटो र गेग्रानले खोला किनारका खेतबारी र बस्तीको वरिपरी पुर्नुका साथै जमिनमा बर्षाको पानीको उपलब्धतामा कमी आउंछ । अधिकांश भूभाग सुख्खा, मनसुनी बर्षामा कमी र माटो एवं भूमिको बनौटको हिसाबले बिरुवा हुर्काउन धेरै सयम लाग्छ । तसर्थ, यसका लागि सघन रुपमा जमिनमा चिस्यान बढाउने, छिटो बढ्ने तथा बहुबर्षीय प्रजातिको हावापानी सुहाउँदो बिरुवाहरु खास गरी बैंस र भोटेपीपलका कटिङ्गको बिरुवा विस्तार गर्नुपर्ने हुन्छ । यस प्रयोजनको लागि निम्न बमोजिमका कृयाकलापहरु समावेश गर्न सकिनेछ ।

**कृयाकलापहरु:**

- स-साना पहिरो/गल्छी नियन्त्रण ।
- गेग्रान थिग्रीकरण गर्ने संरचनाहरु (चेकड्याम) निर्माण ।
- तटबन्धन निर्माण ।
- सडक पाखो संरक्षण ।
- जल प्रवाहको व्यवस्थापनका लागि समोच्च रेखामा भल तर्काउने कुलेसा (contour trenching) ।
- भलपानी सञ्चय गर्न पुनर्भरण पोखरी निर्माण/संरक्षण पोखरी ।
- हरित पेटिका (Green Belt) निर्माण ।
- वृक्षारोपण/घाँस रोपण/फलफूल रोपण/तारवार ।
- कम-खर्चिलो भू-संरक्षण प्रविधिका विभिन्न उपायहरुको प्रयोग ।
- नर्सरी स्थापना, बिरुवा/कटिङ्ग, उत्पादन, खरिद तथा वितरण कार्यक्रम ।
- सिंचाई कुलो संरक्षण ।
- पानी मुहान संरक्षण ।
- प्रतिवेदन तयारी/प्रकाशन/प्रचार-प्रसार सामाग्री खरिद तथा वितरण ।

**कार्यान्वयन प्रक्रिया**

- स्थान छनौट ।
- जिल्ला समन्वय समिति, गा.पा., न.पा.हरुसँग आवश्यकता अनुसार समन्वय गरी उपजलाधार क्षेत्र अन्तर्गतका उपयुक्त स्थानहरुको प्राविधिक हिसाबले छनौट, समस्या पहिचान तथा संक्षिप्त योजना तयारी।
- स्थानीय समुदाय तथा अन्य सरोकारवालाहरुसँगको छलफल तथा सम्भाव्यता सम्बन्धी अर्न्तक्रिया ।
- समूह गठन ।

- जलाधार क्षेत्र र सो क्षेत्रमा बसोबास गर्ने समुदायहरुसँगको छलफल, समस्या र सम्भाव्यताको अध्ययनको आधारमा भावी योजना र स्थान विशेषको कार्यक्रम छनौट गर्ने ।
- कार्यक्रमको उद्देश्य बमोजिमका संरक्षण समूहहरु र उपयुक्त पकेट क्षेत्रहरुका पहिचान गर्ने ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नैपर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), . UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET, र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्थाः** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र सम्बन्धित उपभोक्ता समिति/समूहले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नुपर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलव्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :**

- माटो तथा पानीको संरक्षणद्वारा भूमिको उत्पादकत्व अभिवृद्धि भएको हुनेछ ।
- मुस्ताङ जिल्लामा सहभागितात्मक एकीकृत भूसंरक्षण कार्यक्रमको नमुना विकास भएको हुनेछ ।

## ५७. आकासेपानी संकलन तथा भलपानी व्यवस्थापन गरी जलसिंचन अभिवृद्धि तथा पुनर्भरण कार्यक्रम/कुवा,पोखरी, सिमसार र ताल संरक्षण कार्यक्रम/पानी श्रोत व्यवस्थापन तथा बहुउपयोग (ताल, रनअफ हार्भेष्टिङ ड्याम निर्माण)

आकासे पानी संकलन तथा भलपानी व्यवस्थापन गरी जलसिंचन अभिवृद्धि तथा पुनर्भरण (Ground water Recharge) एक हाइड्रोलोजिक प्रकृया (Hydrologic-Recharge) हो जहाँ सतहको पानी (Surface water) जमिन भित्र पस्दछ । यो पुनर्भरण (Recharge) प्रकृया प्राकृतिक र मानवीय (Natural and anthropogenic) दुवै तरिकाबाट हुन सक्दछ । भूमिगत जल पुनर्भरण प्राकृतिक रुपमा वर्षा तथा हिउँ पग्लिएर हुन्छ र न्यूनमात्रामा खोला तथा पोखरीबाट समेत हुने गर्दछ । भूमिगत जल पुनर्भरण (Ground water Recharge) एउटा दिगो भूमिगत जल व्यवस्थापनको महत्वपूर्ण प्रकृया हो । भूमिगत जल पुनर्भरण मात्रा भन्दा भूमिगत पानी उपयोग गर्ने मात्रा कम हुनुपर्दछ । जल पुनर्भरणले बिरुवाको जरा क्षेत्र (Root zone) मा रहेको बढी नुन (Excess salts) लाई अझ निकै तल पुऱ्याइदिन्छ ।

सिमसार संरक्षण (Wetland conservation) भन्नाले जमिन सतहमा सँधै जसो पानी पाइने क्षेत्रको समग्रमा संरक्षण तथा व्यवस्थापन भन्ने कार्यलाई बुझाउँदछ । रन अफ हार्भेष्टिङ ड्याम (Run-off Harvesting Dam) भन्नाले भल (runoff) संकलन गर्नको लागि खोल्सी, गल्छीको वारपार (Across) निर्माण गरिएको बाँधलाई बुझाउँदछ । यसलाई खास गरी तराई, भावर र चुरिया क्षेत्रमा निर्माण गर्ने गरिन्छ । जलाधार संरक्षण पोखरी भन्नाले भू-क्षय नियन्त्रण तथा संकलित पानीको बहुउपयोगको लागि निर्माण गरिएको भल तथा अन्य पानीको श्रोत संकलन गर्ने क्षेत्रलाई बुझाउँदछ । यस कार्य अन्तर्गत आवश्यक पर्ने सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू-संरक्षण विधिहरु (Erosion control measures) अपनाइनेछ ।

**उद्देश्य :**

- बर्षाको पानी /भलपानी (Runoff/rain water) संकलन गर्ने
- भूमिगत अक्यूफर (Aquifers) जलसेचन /पुनर्भरण गर्ने (Recharge)
- भूमिगत जलको गुणस्तर सुधार गर्ने
- जैविक विविधताको संरक्षणद्वारा मानविय जीवनस्तर उकास्ने
- पानीको आपूर्ती, माछापालन, कृषि, वन, पर्यटन आदिमा सहयोग पूऱ्याई स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउने
- माथिल्लो क्षेत्र (Up-stream) बाट ल्याएको गेग्रान (Sediment)लाई छेकी तल्लो तटिय क्षेत्र (Down-stream) मा बाढीको समस्या कम गर्ने
- सिंचाइको लागि पानी संचिति गर्ने
- घरपालुवा जनावर तथा वन्यजन्तुको लागि पानी (Water-hole) श्रोतको रुपमा प्रयोग गर्ने
- चिस्यानको अभिवृद्धि गर्ने ।
- अति पानी - न्यून पानीको कारणबाट सृजित समस्या समाधान गर्ने

- भू-क्षय नियन्त्रण तथा पानीको बहुउपयोग गर्ने ।

**समेटिने सम्भावित क्रियाकलापहरु :** यस अन्तर्गत साधारणतया तलका कार्यहरु आवश्यकता अनुसार गर्नुपर्नेछ :

- पानी संकलन गर्न निर्माण गरिने जलाधार संरक्षण पोखरी (Conservation pond/catchment pond), रन अफ हार्भेष्टिङ ड्याम (Run-off Harvesting Dam), ताल, सिमसार संरक्षण (Wetland conservation), भूमिगत जलसेचन संरचना निर्माण ।
- संरक्षण वृक्षारोपण (Conservation plantation)
- अत्यावश्यक भएको खण्डमा कन्टुर टेरेसिङ (Contour terracing),कन्टुर ट्रेन्चिङ (Contour trenching) र कन्टुर वन्डिङ (Contour bunding) जस्ता आवश्यक संरक्षणका विधिहरु अपनाई घाँस, बाँस लगायतका बिरुवाहरु रोपण गर्ने कार्यहरु
- साना गल्छी रोकथाम (Micro-gully plugging), कन्टुर वाटलिङ (Contour wattling), चेक ड्याम ( Check dam), रिटेनिंग वाल (Retaining wall) जस्ता आवश्यक भू-संरक्षणका संरचना निर्माण
- भल तर्काउने नाला निर्माण (Diversion channels) गर्ने
- सिमसारको सरसफाई गर्ने कार्य
- पानी तर्काउने नाला निर्माण (Water ways – inlet/outlet ) गर्ने
- Bio-engineering प्रविधिको प्रयोग
- चट्टान, ग्राभेल, बालुवा, सिल्ट तथा क्ले मिसिएका माटोको ड्याम (Earthen dams) बनाउने कार्य, सिमेन्ट मेशिनरी ड्याम (Machienary dams), आर.सि.सि. ड्याम निर्माण
- आवश्यकतानुसार पुराना पोखरीको मर्मत सुधार ।

**कार्यान्वयन प्रक्रिया :**

- पानी संकलन गर्न निर्माण गरिने जलाधार संरक्षण पोखरी (Conservation pond/catchment pond), रन अफ हार्भेष्टिङ ड्याम (Run-off Harvesting Dam), ताल, सिमसार संरक्षण (Wet land conservation), भूमिगत जल पुनर्भरण (Ground water Recharge) र यीनै पोखरी, ताल, तथा सिमसारको जलाधार क्षेत्रलाई कार्यक्षेत्र (Working unit) को रुपमा लिइनेछ ।
- आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू-संरक्षण विधिहरु (Erosion control measures) लाई प्याकेजको रुपमा उक्त कार्य इकाई भरि नै लागु गरिनेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरणसम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको

सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सन्चालन गर्नु पर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।

- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गनुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । संभाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET, र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिस भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र सम्बन्धीत उपभोक्ता समिति/समूहले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नुपर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलव्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** पोखरी, ताल, रन अफ हार्भेस्टिङ ड्याम जस्ता पानीको संचय गर्ने संरचनाको निर्माणद्वारा पानीको उपलब्धता वृद्धि भई पानी बहुउपयोगमा आउनुको साथै वाढी, पहिरो, भू-क्षय, सुख्खा, खडेरी जस्ता समस्या कम हुनेछन् ।

## ५८. विद्युतीय आयोजनाहरुको जलाधार क्षेत्र संरक्षण कार्यक्रम

नेपालमा उर्जा क्षेत्रको एक महत्वपूर्ण श्रोतको रुपमा जलविद्युतलाई मानिन्छ । यस क्षेत्रको विकासका लागि अन्य सरोकारवाला निकायहरुको भूमिका महत्वपूर्ण हुँदाहुँदै पनि जलाशय क्षेत्रको जलाधार व्यवस्थापनमा भू तथा जलाधार व्यवस्थापनको भूमिका महत्वपूर्ण हुनुका साथै प्रमुख हिस्साको रुपमा हेरिएको छ । यसले मूलभूत रुपमा जलाशयको जलाधार क्षेत्रमा हुने वातावरणीय असरहरु जस्तै भू-स्खलन (गल्छी, पहिरो), असन्तुलित मानवीय क्रियाकलापहरु (भू-उपयोग, कृषि प्रणाली, विकास निर्माण कार्य) लाई व्यवस्थित र संतुलित गर्दै जलविद्युतको लागि पानीको मात्रा र गुणस्तरमा अभिवृद्धि गर्नुका साथै जलाशय क्षेत्रको थिग्रिकरण समस्यालाई न्यूनीकरण गर्ने अपेक्षा राखिएको छ । यस कार्यक्रमले एकीकृत जलाधार व्यवस्थापनका मूलभूत सिद्धान्तलाई आत्मसात् गर्दै जल उर्जा क्षेत्रको व्यवस्थापनलाई टेवा पुऱ्याउने छ । कार्यसञ्चालन गर्दा जिल्ला समन्वय समिति र स्थानीय तहहरुसँग



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

समन्वय गरी प्राथमिकता प्राप्त विद्युतीय आयोजनाहरुको जलाधार क्षेत्र पहिचान गरी उल्लेखित क्षेत्रहरुमा सालवसाली रुपमा कार्यक्रम संचालन गरिनेछ ।

**उद्देश्य :**

१) जलाधार क्षेत्रमा हुने भू–क्षय, बाढी, पहिरोजन्य प्रकोप र त्यसबाट जलविद्युतको जलाशयमा हुन सक्ने माटो, बालुवा तथा गेग्रान बहाव एवं जलविद्युत गृहहरुमा पर्ने असर न्यूनीकरण गर्ने ।

२) जलाधार क्षेत्रमा रहेका पानीका स्रोतहरु र नदी तथा खोलाको जल बहावमा स्वच्छता अभिवृद्धिमा टेवा पुऱ्याउने ।

३) जलाधार क्षेत्रका खेतियोग्य जमिन, गाँउ बस्ती, बजार तथा विकासका पूर्वाधारमा भू–क्षय, बाढी, पहिरोबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्दै हरियाली बढाउने तथा भूगोल र वातावरणमैत्री विकासमा जोड दिदै उत्पादकत्व वृद्धिमा सघाउ पुऱ्याउने ।

४) जलाधार क्षेत्रमा एकीकृत भू तथा जलाधार संरक्षण कार्यक्रमको माध्यमबाट स्थानीय जनताको आयवृद्धिमा टेवा पुऱ्याउने ।

५) जलवायु परिवर्तनका असर, प्राकृतिक प्रकोप तथा विपद् न्यूनीकरणमा टेवा पुर्याउने ।

**समेटिने सम्भावित क्रियाकलापहरु :**

१) जलाधार क्षेत्र पहिचान, तथ्यांक संकलन तथा उप जलाधार संरक्षण कार्ययोजना तयारी

२) गेग्रान छेकबाँध संरचना निर्माण (Sediment loads Trap Structure)

३) पहिरो तथा गल्छी उपचार

४) ग्रामीण सडकसँगै भू संरक्षण तथा हरियाली प्रवर्द्धन

५) पानीको मूलाधार पहिचान तथा संरक्षण प्याकेज कार्यक्रम

६) भलपानी व्यवस्थापन तथा जलाधार संरक्षण पोखरी निर्माण

७) किसानको खेतवारीमा भू संरक्षण

८) सहभागितामूलक वन तथा चरण व्यवस्थापन

९) कम खर्चिलो तथा वायो इन्जिनियरीङ्ग प्रविधि तालिम/प्रवर्द्धन

१०) संरक्षणमा स्थानीय सरोकारवालाहरुबीच समन्वय तथा साझेदारीका लागि बैठक तथा गोष्ठी

११) कार्यक्रम कार्यान्वयन भएको दोश्रो वर्षदेखि यस कार्यक्रमको प्रभाव अध्ययन गर्ने

**कार्यान्वयन प्रक्रिया :** भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा अन्य सरोकारवाला निकायहरुको संयुक्त प्रयासबाट सञ्चालन गरिनेछ । सम्बन्धित जलाधारको प्रारम्भिक अध्ययन, अनुसन्धान तथा प्राविधिक परामर्शको लागि प्रदेश वन निर्देशनालय जिम्मेवार हुनेछ । स्थलगत रुपमा अध्ययनमा सहजीकरण कृयाकलापहरुको सञ्चालन तथा गुणस्तर कायम गर्ने जिम्मेबारी सम्बन्धीत भू–तथा जलाधार व्यवस्थापन कार्यालयमा हुनेछ । प्रदेश मन्त्रालय र वन निर्देशनालयले नियमित रुपमा अनुगमन र आवश्यक सल्लाह सुझाव र निर्देशन दिनेछ भने त्यसको पालना गर्नु जिल्लास्थित कार्यालयहरुको दायित्व हुनेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

कार्यक्रम सञ्चालनको लागि विद्युतीय जलाशयको जलाधार क्षेत्रसँग सम्बन्ध रहने विभिन्न तहको सरकारी निकाय, विकास साझेदार, गैह्सरकारी निकाय तथा स्थानीय समुदाय र संघ संस्था समेतको समन्वय र सहकार्यमा कार्यक्रमको योजना तयारी तथा कार्यान्वयन गरिनेछ ।

- विद्युतीय जलाशय क्षेत्रको जलाधार क्षेत्र पहिचान, नक्साङ्कन तथा उप जलाधार संरक्षण कार्ययोजना तयारी ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरणसम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित भएको हुनुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नैपर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गनुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । संभाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र सम्बन्धीत उपभोक्ता समिति/समूह ले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नुपर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलब्ध गराउनुपर्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा

**अपेक्षित उपलब्धीहरु :**

१) जलाशयमा गेग्रान बहावमा कमी आउने र जलविद्युत आयोजनाहरुको दिगोपनामा वृद्धि हुने ।

२) गाउँबस्ती र खेतवारीहरुमा  भू क्षय र पहिरोको प्रकोपमा कमी आउने ।

३) किसानको खेतवारीको उत्पादकत्व वृद्धि भई जीवनस्तर सुधार हुने ।

४) विकासका पूर्वाधारहरुको संरक्षण भई दिगोपना अभिवृद्धि हुने ।

५) जलाधार क्षेत्रमा पानीका स्रोतहरुको निरन्तरता ।

६) नदी, खोलामा बाढीको मात्रमा कमी आई स्वच्छ जलप्रवाह हुने ।

७) समग्रमा जलाधार क्षेत्रको संरक्षणबाट जनताको संमृद्धिमा टेवा पुग्ने ।

## ५९. उप जलाधार क्षेत्रहरुको पहिचान, प्राथमिकिकरण, प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन

भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत जलाधार क्षेत्रहरुको संरक्षण तथा सम्बर्द्धनद्वारा बाढी पहिरो भू-क्षय जस्ता जल उत्पन्न तथा जलवायुजन्य प्राकृतिक प्रकोपहरुको चापलाई कम गर्दै पारस्थितिक सन्तुलन कायम राख्न सघाउ पुऱ्याउनुको साथै जलाधार क्षेत्रको समुचित व्यवस्थापनको माध्यमबाट जमिनको उर्वराशक्तिको संरक्षण एवं विकासका पूर्वाधारहरुको संरक्षणमा टेवा पुऱ्याउन एकीकृत जलाधार व्यवस्थापनको कार्यशैली अपनाई प्रभावकारी रुपमा सेवा संचालन गर्ने उद्देश्यले जलाधार क्षेत्रभित्रका उप-जलाधार क्षेत्रहरुको पहिचान गर्ने, सोको प्राथमिकिकरण गर्ने, प्रकोप नक्साकंन गर्ने र संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन गर्ने हो । प्राथमिकताक्रमका आधारमा उक्त उप-जलाधार क्षेत्रहरुको व्यवस्थापन योजना तयार गर्न सकिनेछ । योजना तर्जुमा भएका उप-जलाधार क्षेत्रहरुमा साधारणतया ३ देखि ५ बर्षसम्म भू-संरक्षण तथा जलाधार व्यवस्थापनका कृयाकलापहरु केन्द्रित गरी कार्यान्वयन गरिनेछ ।

**उद्देश्य :** बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको र जलवायु परिवर्तनको दृष्टिकोणबाट उपजलाधारहरुको पहिचान, प्राथमिकीकरण भई भू-संरक्षण तथा जलाधार व्यवस्थापन र जलवायुको असर न्यूनीकरण तथा अनुकूलन सम्बन्धि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न मार्गदर्शन गर्नेछ ।

**समेटिने सम्भावित क्रियाकलापहरु :** यस कार्यक्रम भित्र उप-जलाधार प्राथमिकीकरण, संकटासन्नता नक्साङ्कन र व्यवस्थापन योजना तर्जुमा तर्जुमासँग सम्बन्धित विविध क्रियाकलापहरु समावेश हुन सक्दछ जस्तैः

- जिल्लाभित्र रहेका उपजलाधारहरुको पहिचान
- उपजलाधारहरुको भौतिक पक्ष (Bio-physical parameter) र सामाजिक-आर्थिकपक्ष (Socio-economic parameter), का आधारमा समेत प्राथमिकिकरण  (prioritization) गर्ने कार्य
- संकटासन्नता नक्साङ्कनं गर्ने कार्य
- प्राथमिकताका आधारमा त्यसमा संचालन गर्नुपर्ने कार्यहरु समेत समावेश गरी उप-जलाधार योजना तर्जुमा गर्न सकिनेछ (Sub-watershed management plan preparation)



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

**कार्यान्वयन प्रक्रिया :**

- गहन प्राविधिक बिषय समावेश र जि.आई.एस.को बढी मात्रामा प्रयोग गरी संचालन गर्ने क्रियाकलाप भएको साथै तथ्यांक विश्लेषणका लागि समेत धेरै समय लाग्ने भएको हुँदा TOR तयार गरी बाहिरी सेवा प्रदायक निकाय (परामर्शदाता व्यक्ति वा संस्था) बाट कार्य सञ्चालन गरिनेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** अनुगमन/मूल्यांकनको लागि कार्यसञ्चालन चरणमा वन निर्देशनालय र मन्त्रालयले अनुगमन गर्न सक्नेछन् । कार्यक्रमसँग सम्बन्धित ज्ञान, विज्ञान तथा विविध परामर्सको आवश्यकता महसुस भएको अवस्थामा अन्य संघ संस्था, व्यक्तिहरुको सहयोग तथा परामर्श लिन सकिने छ ।

**अपेक्षित उपलब्धी :** संवेदनशिल उप-जलाधारहरुको पहिचान तथा संकटासन्नता नक्साङ्कन भई सोही अनुसारको उप-जलाधार योजनाहरु तर्जुमा भएको हुनेछ ।

## ६०. नदी प्रणालीमा आधारित भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्रको जि.आइ.एस. नक्सांकन गरी एट्लास बनाउने कार्य

भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुको माथिल्लो तटीय तथा तल्लो तटीय क्षेत्रहरुको अन्तर सम्वन्ध (Upstream-down stream linkages) प्राकृतिक रुपमा नै हुने गर्दछ । अत: यस्ता कार्यक्रमहरुको सफलताको मापन गर्न र प्रभावकारीरुपमा कार्यक्रमहरु कार्यान्वयन गर्न गराउन नदी प्रणालीमा आधारित जलाधार क्षेत्रहरुलाई नै कार्यक्षेत्र (working unit) को रुपमा लिई विविध भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गरिँदै आएको छ ।

यस गण्डकी प्रदेशमा भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्नका लागि तनहुँ र पर्वतमा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु स्थापना भएका छन् । नदी प्रणालीमा आधारित कार्यक्षेत्रको रुपमा तनहुँको लागि सेती-मर्स्याङदी जलाधार क्षेत्र (समेटिएका जिल्लाहरु- मनाङ, लमजुङ, गोरखा, तनहुं, नवलपुर र कास्की गरी ६ जिल्ला) र पर्वतका लागि माथिल्लो कालीगण्डकी जलाधार क्षेत्र (समेटिएका जिल्लाहरु- मुस्ताङ, म्याग्दी, बाग्लुङ, पर्वत र स्याङजा गरी ५ जिल्ला) तोकिएको छ । अत: नदी प्रणालीमा आधारित भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको कार्यक्षेत्रको जि.आई.एस. नक्साङ्कन गरी एट्लास बनाउने कार्य भन्नाले सम्बन्धित् भू तथा जलाधार व्यवस्थापन कार्यालयले आफ्नो कार्यक्षेत्रको रुपमा तोकिएको जलाधार क्षेत्रको जि.आई.एस.मा आधारित नक्साङ्कन गर्ने कार्यलाई बुझाउँछ ।

**उद्देश्य** : भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्रको रुपमा रहेको जलाधार क्षेत्रसँग अन्तर सम्बन्धित वृहत जलाधार, जलधार, उप-जलाधारहरु, सुक्ष्म जलाधारहरु र नदी प्रणालीसमेत प्रष्टसँग देखिने गरी नक्साङ्कन (Delinate, mapping) भई उप-जलाधारहरुको प्राथमिकीकरण गर्न सहयोग पुऱ्याउने ।

**समेटिने सम्भावित क्रियाकलापहरु :** यस कार्यमा तलका क्रियाकलापहरुलाई समावेश गर्नुपर्नेछ :

- यस प्रदेश अन्तर्गतका प्रमुख तथा सहायक सबैस्तरका जलाधारहरु (वृहत जलाधार, जलाधार, उप-जलाधार र सुक्ष्म जलाधार) को नक्साङ्कन (Delineat, mapping) गर्नु पर्दछ ।
- सो सम्भव नभएमा सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेका नदी प्रणालीहरुको सबैस्तर (Order) का नदी/खोला/नाला (Stream) हरुको नक्साङ्कन गर्नुपर्दछ ।
- सम्भव भएसम्म यस प्रदेश अन्तर्गत रहेका प्रमुख नदी प्रणालीहरु स्यान्दी, कालीगण्डकी, मोदी, सेती, मादी, मर्स्याङदी, दरौंदी, बुढीगण्डकी, नारायणी, त्रिशुली लगायतका महत्वपूर्ण जलाधार क्षेत्र प्रष्ट देखिने गरी नक्साङ्कन गर्नुपर्दछ ।

**कार्यान्वयन प्रक्रिया :**

- सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम परामर्श सेवा अन्तर्गत सेवा प्रदायक संस्था छनौट गरी सोही अनुसार एट्लास बनाई प्रकाशन समेत गर्नुपर्नेछ ।
- यस कार्यमा वन निर्देशनालयको जलाधार व्यवस्थापन तथा समन्वय शाखा र अन्य सरोकारवालाहरुलाई समेत संलग्न गराई राय सुझाव लिनुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** अनुगमन/मूल्यांकनको लागि नक्साङ्कनको चरणमा सम्बन्धित सरोकारवालाहरु र वन निर्देशनालयलाई समेत संलग्न गराई सुझाव समावेश गर्नुपर्नेछ । कार्यसम्पन्न पश्चात् वन निर्देशनालयलाई समेत १ प्रति एट्लास (Atlas) उपलव्ध गराउनु पर्नेछ ।

**अपेक्षित उपलब्धी :** सरोकारवालाले र कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रयोगमा ल्याउन सक्ने खालको एट्लास तयार भएको हुनेछ ।

## ६१. गल्छी तथा पहिरो उपचार/गल्छी, पहिरो नियन्त्रण तथा फलफूल सहितको बायोइन्जिनियरिङ

जमिनको माथिल्लो भागबाट साधारणतया पानीले पूर्ण रुपमा गलाई सकेको माटोको ठूलै ढिक्का, ढुंगा सहितको चट्टान वा दुवै (माटो र ढुंगा) मिश्रण सहितको गेग्रान पृथ्वीको गुरुत्वाकर्षण शक्तिले गर्दा तलतिर विस्तारै खसिरहेको हुन्छ वा कहिलेकाही जमिनको सम्पूर्ण भाग वनजंगल, खेतबारी र गाउँ बस्ती समेत बग्ने, भास्सिने र चर्किने प्रक्रियालाई पहिरो भनिन्छ । पहिरोले भिर पाखा, खोला तथा नदी किनारमा अवस्थित जमिन जहाँ प्रशस्त वर्षा भई बस्ती, कृषियोग्य जमिन, वन क्षेत्र तथा अन्य महत्वपुर्ण पूर्वाधारहरुलाई समेत ठूलो क्षति पुर्‍याउँछ ।
गल्छी भन्नाले लगातार भइरहने वा अप्रत्यासित रुपमा हुने भारी वर्षा लगत्तै जमिनको सतहको माटो बगाई धर्सा धर्सा बन्दै जाने तथा बेलैमा उपचार वा रोकथामको काम नहुँदा भूक्षयको मात्रा बढ्दै गएपछि कालान्तरमा गहिरिएर जमिनमा ठूलै खाडल वा खोल्सीको रुप धारण गरेको जमिनको अवस्थालाई बुझाउँदछ । जसबाट बस्ती, कृषियोग्य जमिन, वन क्षेत्र तथा अन्य महत्वपूर्ण विकासका पूर्वाधारहरुलाई क्षति पुर्‍याइरहेको हुन्छ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

नेपालको मध्यपहाड, चुरे र महाभारत क्षेत्रहरुमा समस्याको रुपमा रहेको गल्छी तथा पहिरोले बर्षेनी क्षति गर्दै आएको छ । विकासका कार्यहरु खास गरी सडक निर्माण गर्दा डोजर प्रयोग गरी अव्यवस्थित रुपले फालिएको माटो र भलपानीको उचित व्यवस्थापन नहुँदा पहाडी क्षेत्रमा गल्छी र पहिरो समस्या अत्याधिक मात्रामा बढेको छ । बेलैमा भूसंरक्षण एवं वातावरणमैत्री हरियाली सडकको अवधारणा लागू गराउन नसकिए समस्याले विकराल रुप लिने निश्चित छ ।

गल्छी तथा पहिरो उपचार भन्नाले गल्छी तथा पहिरोले क्षति पुऱ्याइरहेको जलाधार क्षेत्र भित्रका जमीन तथा भिरपाखा संरक्षण गर्न लागु गरिने/अपनाउने (निर्माण गरिने) आवश्यक वानस्पतिक (Vegetative) तथा संरचनात्मक (Structural) विधिहरु (Measures) लाई बुझाउँदछ ।

**उद्देश्य :**

- गल्छी र पहिरोबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्दै जिउधनको सुरक्षा गर्ने ।
- माथिल्लो तटीय क्षेत्रबाट हुने भूक्षय घटाउने ।
- नदी तथा खोलामा भूक्षयको माध्यमबाट आउने ग्रेग्रानको आयतन घटाउन सहयोग पुऱ्याउने ।
- गल्छी तथा पहिरो उपचार गरी जमिनको सुरक्षा गर्ने तथा हरियाली अभिवृद्धी गर्ने ।

**कार्यान्वयन प्रक्रिया :** भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई निम्नानुसारको कार्यान्वयन प्रक्रिया पूरा गरी कार्य सञ्चालन गरिनेछ ।

- भिरपाखामा रहेको दलदल जमिन सहितको पहिरो र त्यसैको तल्लो भाग तथा गल्छीको जलाधार क्षेत्रलाई कार्य इकाईको रुपमा लिइनेछ ।
- आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू-संरक्षण विधिहरु (Erosion control measures) लाई प्याकेजको रुपमा उक्त कार्य गल्छी तथा पहिरो प्रभावित क्षेत्र भरि नै लागु गरिनेछ ।
- उपचारको कार्य गर्दा बायोइन्जिनियरिङ प्रविधि (Bio-engineering technique) लाई प्राथमिकता दिनुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नैपर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।

- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दायोजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**समेटिने सम्भावित क्रियाकलापहरु :** यस अन्तर्गत साधारणतया तलका कार्यहरु आवश्यकता अनुसार गर्नुपर्नेछ :

- पानी व्यवस्थापनसँगै आसपासमा भल तर्काउने नाला निर्माण (Diversion channels) गर्ने
- Retaining wall र Check dam निर्माण/मर्मत गर्ने
- गल्छी पहिरो गएको स्थानलाई घांस र विरुवा रोपण गर्ने, वाटलींग (wattling), कन्टुर (Contour) बाट भिरालोपना कम गर्दै लैजाने
- Drainage area लाई सुधार गर्दै जमिनको आवश्यक अनुसार प्रयोग गर्ने
- गल्छीको शिरमा Diversion ditches बनाउने
- गल्छीको शिरमा माटोले पुर्ने Gully head plugging
- गल्छीको वाहिरी धार निर्माण गर्ने Gully rim edging
- Bio-engineering प्रविधिबाट गल्छी पहिरो उपचार गर्ने
- स्थानीयस्तरमा पाइने बोटबिरुवा जस्तैः बाँस, निगालो, अम्रिसो, नेपियर, हाँगा सर्ने प्रजातिहरुका अलावा स्थानीय हावापानी सुहाउँदो फलफूलका विरुवाहरु रोपण गरी गल्छी तथा पहिरोलाई उपचार गर्ने
- आवश्यकतानुसार संरक्षण गरिने क्षेत्रमा तारवार गर्ने

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र सम्बन्धित् उपभोक्ता समिति/समूहले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नुपर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलव्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी**

- गल्छी तथा पहिरो उपचार भई जमिन संरक्षित हुनेछ ।
- समुदायको आयआर्जनको माध्यम बन्नेछ ।
- हरियाली अभिवृद्धि भएको हुनेछ ।

## ६२. प्रचार प्रसार सामग्री उत्पादन र वितरण

भू तथा जलाधार व्यवस्थापन कार्यालयले संचालन गर्ने कार्यक्रमहरु आम जनमानसमा जानकारी गराउन र भू तथा जलाधार संरक्षणको महत्वलाई व्यापक बनाउनका लागि प्रचारप्रसारको भूमिका महत्वपूर्ण मानिन्छ । वर्तमान परिप्रेक्ष्यमा प्रचारप्रसार जनमानसमा सूचना प्रवाह गर्ने बलियो औजार पनि हो ।

**उद्देश्य :**

- कार्यालयको परिचय, महत्व, उद्देश्य तथा सञ्चालन हुने कार्यक्रम आम नागरिकमा जानकारी गराउने ।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित प्रविधि तथा यसका फाईदाहरुको बारेमा आम जनमानसमा जानकारी फैलाउने ।

**सम्भावित क्रियाकलापहरु :** कार्यालय सम्बन्धी पुस्तिका, ब्रोसर, होर्डिङ बोर्ड, डिस्प्ले, भित्तेलेखन, पार्श्वचित्र, वृत्तचित्र, पत्रिका, टिभी, एफ.एम. रेडियो र विभिन्न संचार माध्यमबाट प्रकाशन तथा प्रशारण हुने सूचनामूलक सन्देशहरु यस अन्तर्गत समावेश गर्न सकिनेछ ।

**कार्यान्वयन प्रक्रिया :** भू तथा जलाधार व्यवस्थापन कार्यालयलाई आवश्यक पर्ने प्रचारप्रसारमूलक सामग्रीहरु कार्यालयका कर्मचारीबाट तथा आवश्यक परे विज्ञबाट विवरण संकलन तथा लेखन गरी प्रकाशन तथा प्रसारण गरिनेछ यसमा निम्नानुसारको कार्यान्वयन प्रक्रिया पूरा गरी कार्य संचालन गरिनेछ ।

- प्रचारप्रसारमूलक सामग्रीहरुको पहिचान र छनौट
- ल.ई. गरी स्वीकृत
- प्रचारप्रसार गर्ने सरोकारवालाहरुसँग छलफल
- संझौता गरी कार्य संचालन
- सामग्री छपाइ तथा प्रकाशन र प्रशारण
- वितरण

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** प्रचारप्रसारमूलक सामग्रीहरु हेरेर, सुनेर कार्यालय तथा अन्य सरोकारवालाहरुबाट मूल्यांकन हुनेछ । अनुगमन तथा मूल्यांकनको कार्य कार्यालयको माथिल्लो निकायका पदाधिकारीहरुबाट हुनेछ । कार्यालय संबन्धी पुस्तिका, ब्रोसर, पार्श्वचित्र, सिडिहरु, पत्रिका आदि प्रचार प्रसार सामग्रीहरु १/१ प्रति वन निर्देशनालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

**अपेक्षित उपलब्धी :**

- कार्यालयको परिचय, महत्व, उद्देश्य तथा संचालन हुने कार्यक्रम आम नागरिकमा जानकारी भएको हुनेछ
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित प्रविधि तथा यसका फाईदाहरुको बारेमा आम जनमानसमा जानकारी भएको हुनेछ ।

## ६३. बाँस, निगालो तथा राइजोम वितरण

बाँस, निगालो नेपालको ग्रामीण जनजीवन एवं खेती प्रणालीको एक महत्वपूर्ण अंग हो । यसको प्रयोग घर बनाउन, फर्निचर बनाउन, डोको, डालो, नाम्लो, डोरी, आकर्षक हस्तकलाका सामग्रीहरु बनाउन, खडेरीको मौसममा गाईवस्तुलाई खुवाउन र भू-संरक्षण कार्यका लागि महत्वपूर्ण मानिन्छ । खोल्सा, खोल्सी, फालिएको जग्गा, खोलाको किनार, सडक पाखाहरुमा व्यवस्थित रुपले बाँस र निगालो लगाउनाले आम्दानीको श्रोत बढाउन सकिने देखिन्छ ।

**उद्देश्य :**

- भूक्षय, गल्छी, पहिरो उपचार तथा खोलाको कटानी नियन्त्रण गर्ने ।
- समुदायलाई आयआर्जन अभिबृद्धिमा टेवा पुऱ्याउने ।
- हरियाली अभिवृद्धि गर्ने ।.

**सम्भावित क्रियाकलापहरु :** यस कार्यक्रम अन्तर्गत विभिन्न गल्छी, पहिरो उपचार, सडक पाखो संरक्षण र क्षतिग्रस्त भुमि पुनर्उत्थान गर्नका लागि उपभोक्तालाई बाँस निगालोको विरुवा तथा राइजोम उत्पादन, खरिद तथा वितरण गरिनेछ साथै यस अन्तर्गत कम्तिमा तीन गोटा स्लिप भएको अम्रिसोको राइजोम समेतलाई समावेश गरेर संरक्षण कार्यलाई थप प्रभावकारी बनाउन सकिनेछ।

**कार्यान्वयन प्रक्रिया :** भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गरी निम्नानुसारको कार्यान्वयन प्रक्रिया पूरा गरी कार्य संचालन गरिनेछ ।

- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संचालन गर्नुपर्दछ तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीयतहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF

LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET, र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।

- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र सम्बन्धित उपभोक्ता समिति/समूहले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नुपर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलव्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :**

- भूक्षय, गल्छी, पहिरो उपचार तथा खोलाको कटानी नियन्त्रण भई जमिन संरक्षित र सुरक्षित हुनेछ ।
- समुदायको आयआर्जनको माध्यम बन्नेछ ।
- हरियाली अभिवृद्धि भएको हुनेछ ।

## ६४. शहरी खानेपानीको जलाधार क्षेत्र संरक्षण कार्यक्रम

पर्याप्त र सफा पानीको उपलब्धता भनेको कुनै पनि मानव वस्ती एवं शहरी विकासको आधारभुत आवश्यकता हो । भू–उपयोगको परिवर्तन, वन जंगलको फँडानी, अव्यवस्थित भू उपयोग, अनियन्त्रित पूर्वाधार विकास र शहरीकरण लगायतका कारणले पानीको मुहान, पानीको उपलब्धताको मात्रा र गुणस्तरमा कहालिलाग्दो समस्या आईरहेको पाईएको छ । यसका साथै भू–बनोट र प्रतिकुल जलचक्र र बदलिंदो जलवायु परिवर्तनको कारणले जलवायुजन्य विपद्को क्रम पनि बढ्दो रुपमा रहेको छ । शहरी क्षेत्रमा मानव समुदायले भोगिरहेको मूख्य समस्या भनेको पानीको अभाव, प्रदूषित पानी र कतिपय अवस्थामा अत्याधिक पानीबाट सिर्जित प्रकोप लगायतका समस्याहरु हुन् ।

जनसहभागितामा आधारित एकीकृत जलाधार व्यवस्थापनको माध्यमबाट माटो तथा पानीको संरक्षण, भू-उत्पादकत्वमा अभिवृद्दि र सन्तुलित जलाधार कायम गर्ने कार्यमा हालसम्म छिटफुट उपलब्धी हासिल गर्न सकिएको छ । अबका दिनहरुमा समुदायको आवश्यकता, विकासको प्राथमिकता र स्रोतको उपलब्धतालाई मध्यनजर गर्दै पानी केन्द्रित संरक्षणका कार्यक्रमहरुलाई प्राथमिकिकरण गर्दै अघि बढ्नुपर्ने चुनौती हाम्रा सामु आएको छ । सोहि सन्दर्भमा शहरी क्षेत्रका समुदायको बढ्दो खानेपानीको आवश्यकता तथा सो क्षेत्रसँग जोडिएको

उपल्लो तहको पानी ढलोले घेरिएको जलाधार क्षेत्रको संवेदनशिलतालाई सम्बोधन गर्ने गरी शहरी जलाधार क्षेत्र संरक्षणको कार्यक्रम संञ्चालन र विस्तार गर्न लागिएको छ ।

**उद्देश्य :** शहरी क्षेत्र भन्दा उपल्लो तटिय क्षेत्रमा माटो तथा पानीको संरक्षण गर्दै जमिनमुनी पानी सञ्चित गर्ने क्षमता बढाउने, शहरी क्षेत्रमा उपलब्ध हुने पानीको मुहानको जलाधार एवं मूल आधार क्षेत्रको संरक्षण, पुनरुत्थान एवं एकीकृत जलाधार व्यवस्थापन मार्फत खानेपानीको उपलब्धता बढाउने मुख्य उद्देश्य रहेको छ ।

- शहरको उपल्लो तटीय क्षेत्र तथा शहरमा बसोबास गर्ने समुदायहरुले उपभोग गरी राखेको खानेपानी श्रोतहरुको जलाधार एवं मूल आधार क्षेत्रहरुको एकीकृत व्यवस्थापन गर्ने ।
- शहरी खानेपानीको जलाधार क्षेत्र तथा आसपासका क्षेत्रहरुमा सम्भावित प्राकृतिक प्रकोप रोकथाम तथा जलवायुजन्य नकारात्मक असरहरुको व्यवस्थापन गर्ने ।
- पानीको मुहान तथा श्रोत संरक्षण गर्ने ।
- पानीको व्यवस्थित उपयोग र पुनःउपयोगलाई बढावा दिने ।
- जलाधार अर्न्तगत मूलाधार क्षेत्रमा जमिनमा तथा जमिनमुनी पानी सञ्चित गर्ने क्षमतामा अभिवृद्दि गर्ने ।
- शहरी समुदाय र जलाधारको अन्तरसम्बन्धलाई थप व्याख्या गर्ने र सरोकारवालाहरुलाई सुसुचित गर्ने ।
- लैगिंक तथा सामाजिक समावेशितालाई आत्मसात गर्दै कार्यक्रम सञ्चालन गर्ने ।

**सम्भावित क्रियाकलापहरु :** शहरी जलाधार क्षेत्रको मुख्य समस्या भनेको बढ्दो जनसंख्या अनुसार पानीको उपलब्धतामा कमी हुँदै जानु हो । यसको मुख्य कारणहरु मध्ये जमिनको पानी सोस्ने क्षमतामा कमी हुनु, पानीको मुहान सुक्नु, पानीमा प्रदूषणको मात्रा बढ्नु, पानीले ढुंगा माटो तथा गेग्रान बोकेर कुलेसोको आकार, क्षमता र दिशामा परिवर्तन हुनु, अव्यवस्थित पूर्वाधार विकासबाट पानीको प्राकृतिक निकास अबरुद्ध भएको तथा कतिपय स्थानमा नयाँ खोल्सा, कुलेसा र ढल निकासको बाटो बनेको स्थिति बिद्यमान रहेका छन् । बढ्दो शहरीकरणसँगै पिउने पानीको समस्या विकराल बनेको र शहर बजार क्षेत्रमा आपूर्ति हुने पानीको मात्रा र गुणस्तरमा समेत ह्रास आएको अवस्थामा शहरी क्षेत्रमा आपूर्ति हुने पानीको मुहान तथा खोलाको जलाधार क्षेत्रमा भू तथा जलाधार संरक्षणका एकीकृत कार्यक्रमहरु महत्वपूर्ण सावित हुन सक्दछन् । तसर्थ यस प्रकारका समस्याहरुलाई सम्बोधन गर्न निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

- **शहरी जलाधार तथा खानेपानी व्यवस्थापन योजना तयारी**

  भू तथा जलाधार व्यावस्थापन कार्यालयहरुले प्रदेश मन्त्रालय, वन निर्देशनालय र विषयविज्ञहरुको समेत राय सुझाव र सम्बन्धित् जिल्ला समन्वय समिति तथा स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरी कम्तीमा आगामी ५ वर्षको लागि शहरी खानेपानीको जलाधार व्यवस्थापन योजना तयारी गर्ने । योजना तयारीको सिलसिलामा स्थानीय सरकार तथा सम्बन्धित शहरी विकाससँग सम्बन्धित् सरोकारवालाहरुसँग समेत छलफल गरी तयार गर्नुपर्नेछ ।

- **स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अन्तरक्रिया**

  शहरी खानेपानीको जलाधार संरक्षण नयाँ विषय भएकोले सम्वन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयले स्थानीय जनप्रतिनिधि तथा सरोकावालाहरुसँग कार्यक्रमको शुरुवातमा तथा कार्यान्वयनको चरणमा छलफल र अन्तरक्रिया गर्ने । नविनतम कार्यक्रमको उद्देश्य, कार्यान्वयनको विधि र भावी योजनाबारे स्थान बिशेष केन्द्रित रहेर अन्तरक्रिया गर्नुपर्नेछ ।

- **संरक्षण समूह पहिचान र सशक्तिकरण**

  शहरी क्षेत्र र सोको जलाधार क्षेत्रमा बसोबास गर्ने जनसमुदायहरुबाट शहरी खानेपानीको जलाधार क्षेत्रको कार्यक्रमलाई टेवा पुग्ने तथा स्थानियको अपनत्व हांसिल गर्ने रणनीति अनुसार संरक्षण समूह पहिचान गर्नुपर्नेछ र सोको लागि आवश्यक अभिमुखीकरण तथा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

- **थिग्रीकरण रोकथाम संरचना निर्माण**

  बाढी, पहिरो तथा भू–क्षय लगायत अनुचित भूउपयोगबाट माटो, बालुवा तथा गेग्रान लगायतका वस्तुहरुको कारणले जलाधारको अवस्थालाई विग्रन नदिन थिग्रीकरण रोकथामका स्थान अनुकुल हुने गरी संरचना निर्माण गर्नुपर्नेछ । संरचना निर्माण गर्दा कृयाकलापहरुलाई प्राथमिकीकरण गरी एकिकृत र क्रमबद्ध तवरवाट योजना मुताविक सञ्चालन गर्नुपर्नेछ ।

- **जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास**

  पानीको सञ्चय, जमिनको पानी सञ्चय गर्ने क्षमता, बहाव नियन्त्रण र पानी मुहानको श्रोत संरक्षण तथा पानी मुहान संरक्षणका साथसाथै पानीको व्यवस्थित निकास र समग्र जलाधारको विकासलाई टेवा पुग्ने गरी कम खर्चिलो, वायोईन्जिनियरिंग तथा अन्य हरित प्रविधीको विकास र विस्तार गर्ने ।

- **पानी श्रोतको अवस्था सर्वेक्षण अध्ययन तथा पानीभरण क्षमता बिकास**

  सम्बन्धित पानीको श्रोतको उत्पति, त्यसको वहावको अवस्था र जलचक्र प्रणालीको बारेमा विस्तृत अध्ययन अनुसन्धानबाट मूलाधार क्षेत्र यकीन गरी पानीभरण क्षमता बढाउने कृयाकलापहरु सञ्चालन गर्ने ।

- **अन्य सम्भावित कृयाकलापहरु**
  - वातावरणीय अध्ययन तथा नियमित अनुगमन/मूल्यांकन
  - पानी मुहान तथा श्रोत संरक्षण
  - वृक्षारोपण तथा पुन रोपण
  - संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन
  - पानीढल/बर्षाझंरी तथा बहाव संकलन पोखरी
  - गेग्रान संकलन तथा गल्छी तथा पहिरो नियन्त्रणको लागि चेक ड्याम निर्माण
  - क्षतिग्रस्त भूमी पुनरुत्थान
  - शहरी जलाधार शिक्षा तथा तालिम कार्यक्रम

- भू उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम
- प्रगती प्रतिवेदन तयारी तथा नतिजा मूल्यांकन
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन

यद्यपी स्थान विशेष, समुदायको आवश्यकता र पृथक परिवेश रहेको सन्दर्भमा अरु नविनतम् कृयाकलाप तथा प्रविधिलाई पनि अनुसरण गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया :** स्थलगत रुपमा अध्ययनमा सहजिकरण कृयाकलापहरुको सञ्चालन तथा गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित भू–तथा जलाधार व्यवस्थापन कार्यालयमा हुनेछ । प्रदेश मन्त्रालय र वन निर्देशनालयको जिम्मेवार शाखाले नियमित रुपमा अनुगमन र आवश्यक सल्लाह सुझाव र निर्देशन दिनेछ भने त्यसको पालना गर्नु जिल्लास्थित कार्यालयहरुको दायित्व हुनेछ । साथै कार्यक्रम सञ्चालनको लागि शहरी जलाधारसँग सम्बन्ध रहने विभिन्न तहको सरकारी निकाय, विकास साझेदार, गैरसरकारी निकाय तथा स्थानीय समुदाय र संघ संस्था समेतको समन्वय र सहकार्यमा कार्यक्रमको योजना तयारी तथा कार्यान्वयन गरिनेछ ।

- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नैपर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार तथा लाभको वितरण सम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्न्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दायोजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET, र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्य सम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नु पर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र सम्बन्धित् उपभोक्ता समिति/समूहले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको

सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नुपर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलब्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** भावी दिनहरुमा शहरी क्षेत्रमा पर्याप्त र सफा पानीको उपलब्धता, विपद् न्यूनीकरण र व्यवस्थित जलाधारबाट प्राप्त हुने वातावरणीय सेवाको सुनिश्चितता नै यस कार्यक्रमको अपेक्षा रहेको छ । यद्यपी अत्यन्त सम्वेदनशिल तथा बहुआयामिक विषय भएकाले छोटो समयमै सबै उपलब्धी हांसिल गर्नु चुनौतिपूर्ण देखिन्छ । यस कार्यक्रमको सञ्चालनबाट शहरी क्षेत्रमा उपलब्ध हुने पानीको श्रोत संरक्षण, पानीको मात्रामा बढोत्तरी तथा भूमिको उत्पादकत्वमा वृद्दि हुने तथा माटो र पानीको संरक्षणबाट जलाधार व्यवस्थित भएको हुनेछ।

## ६५. नर्सरी, विरुवा उत्पादन तथा वितरण कार्यक्रम

स्थानीय उपभोक्ताबाट बढी मागं गरिएका बहुउपयोगी डाले घाँस, बायोइन्जिनियरिङ, सौन्दर्य बढाउने र व्यवसायिक प्रजाति आदिको ठूला स्केलमा स्थायी नर्सरीमा उत्पादन गरी कार्यक्षेत्रका जिल्लाहरुमा ती उत्पादित बिरुवा नि:शुल्क वितरण गर्ने, गल्छी, पहिरो, सडक पाखो, खाली जमिन, नदी तथा खोलाको किनार आदिमा बृक्षारोपण गर्ने, विभिन्न सामुदायिक वन उपभोक्ता समूह, संघ संस्था, व्यवसायिक कृषि फर्म, उद्यान, पार्क, मठ, मन्दिर, विद्यालय, सरकारी तथा गैरसरकारी निकाय, स्थानीय तह तथा सर्बसाधारण जनताहरुलाई सहज र सरल तरिकाले बिरुवा उपलब्ध गराउने अभिप्रायले यो कार्यक्रमको व्यवस्था गरिएको हो ।

**उद्देश्य**

- बहुउपयोगी डाले घाँस, वायोइन्जिनियरिङ, सौन्दर्य बढाउने र व्यवसायिक प्रजाति आदिको ठूला स्केलमा गुणस्तरीय र बहुबर्षे बिरुवा उत्पादन गर्ने ।
- उत्पादित बिरुवा नि:शुल्क र सरल तरिकाले सर्वसाधारण जनता, व्यवसायिक किसान र विभिन्न संघसंस्थालाई वितरण गर्ने ।
- भूक्षय, पहिरो, गल्छी तथा नदी र खोलाका किनार, सार्वजनिक खाली जग्गा, सरकारी तथा सामुदायिक वन क्षेत्रमा वृक्षारोपण गर्ने ।
- वातावरण स्वच्छ, सफा र हराभरा बनाउन सहयोग गर्ने ।

**सम्भावित क्रियाकलापहरु :**

- सम्बन्धित डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयको समन्वयमा विरुवाको प्रजाति पहिचान गरी प्रजाति नदाहोरिने गरी दुवै कार्यालयहरुबाट उत्पादन गरिने विरुवा प्रजाति सुचीकृत गर्ने ।
- नयाँ नर्सरी स्थापना गर्ने साथै आवश्यक तार वार, स्थायी प्रकारको छायाँ दिने संरचना निर्माण, नर्सरीका सामान राख्ने साने टहरा । घर निर्माण आदि गर्न सकिने ।
- नयाँ नर्सरी बेड, मदर बेड निर्माण ।

- वातानुकुलित प्लाष्टिक टनेल निर्माण ।
- सिंचाईको लागि पानी ट्यांकी, पाइप आदि ।
- सुचीकृत भएका प्रजातिको विउ संकलन ।
- बिरुवा उत्पादन संबन्धी प्रविधि बारे नर्सरी नाइकेलाई तालिम, नर्सरी नाइकेको पारिश्रमिक ।
- विभिन्न जातका बिरुवाको महत्व र बिरुवा रोपण विधिको प्रचार प्रसारमूलक ब्रोसर, होडिङ बोर्ड आदि ।

**कार्यान्वयन प्रक्रिया :** भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षतामा न्यून भएको अवस्थामा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संचालन गर्नु पर्दछ तर ठेक्का वा सेवाप्रदायकबाट कार्यसंचालन गर्न पाइनेछैन । निम्नानुसारको कार्यान्वयन प्रक्रिया पूरा गरी कार्य संचालन गरिनेछ ।

- डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयका बीच समन्वय बैठक गरी विरुवाको प्रजाति पहिचान गरी सुचीकृत गर्ने ।
- नर्सरी स्थापना गर्ने स्थान पहिचान र छनौट ।
- सर्भे, डिजाईन तथा ल.ई. स्वीकृत । स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा ( DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET फारमहरु प्रयोग गर्ने
- कार्यान्वयन चरण: कार्यालयका कर्मचारीबाट अमानतमा नर्सरीका विभिन्न संरचना निर्माण तथा विरुवा उत्पादन कार्य संचालन
- विरुवा उत्पादन
- बिरुवा वितरण

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमितरुपमा वन निर्देशनालयमा समेत पेश गर्नु पर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलब्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :**

- बहुउपयोगी डाले घाँस, बायोइन्जिनियरिङ, सौन्दर्य बढाउने र व्यवसायिक प्रजातिका गुणस्तरीय तथा बहुबर्षे बिरुवा उत्पादन भएको हुनेछ ।
- उत्पादित विरुवा नि:शुल्क र सरल तरिकाले सर्वसाधारण जनता, व्यवसायिक किसान र विभिन्न संघसंस्थाले सहज र सरल तरिकाले प्राप्त गर्नेछन् ।
- भूक्षय, पहिरो, गल्छी तथा नदी र खोलाका किनार, सार्वजनिक खाली जग्गा, सरकारी तथा सामुदायिक वन क्षेत्रमा बृक्षारोपण भई त्यसबाट भूक्षय, पहिरो न्यूनिकरण हुनेछ ।

- कार्य क्षेत्रका जिल्लाका जनताहरु र व्यवसायिक किसानका गाईबस्तुलाई पशु आहाराको सहज आपूर्तिमा सहयोग पुग्नेछ ।
- सामुदायिक तथा सरकारी बन क्षेत्रबाट काठ, दाउरा र घाँस स्थानीयजनताहरुले सहज रुपमा प्राप्त गर्न सक्नेछन् ।
- समग्रमा वातावरण स्वच्छ, सफा र हराभरा भएको हुनेछ ।

## ६६. सडकसँग भूसंरक्षण कार्यक्रम

नेपालको अधिकाँश ग्रामीण क्षेत्रहरुमा ग्रामीण सडक निर्माणका कार्य तिब्र गतिमा भइरहेको तर जथाभावी डोजर लगाएर सडक निर्माण गर्दा निस्केकौ माटो र बर्षात्मा सडक हुँदै बग्ने भलपानीको समुचित व्यवस्थापन तथा वृक्षारोपण गरी हराभरा बनाउने वातावरणमैत्री एवं हरित सडकको अवधारणालाई संबद्ध पक्षले आत्मसात् नगर्दा ठूलो परिमाणमा भू क्षय, पहिरो तथा तल्लो तटीय क्षेत्रमा बाढी र नदी कटानको समस्या अधिक मात्रामा बढ्नुका साथै जनधनको क्षति, खेतीयोग्य जमिनको विनास, विकासका पूर्वाधारमा क्षति, जैविक विविधतामा ह्रास, भू–उपयोग प्रणाली तथा समग्र वातावरण क्षेत्रमा नकारात्मक असर बढ्दै गईराखेको छ । तसर्थ वातावरण तथा भूगोलमैत्री विकासका लागि सहजिकरण र प्रचारप्रसार गर्न तथा नमूना हरियाली ग्रामिण सडक बनाउन टेवा पुगोस् भनी सडकसँग भूसंरक्षण कार्यक्रमलाई सुरुवात गरिएको हो ।

**उद्देश्य :**

- सडकमा हुने भूक्षय, गल्छी, पहिरो तथा खोलाको कटानी नियन्त्रण गर्ने ।
- संरक्षण एवं वातावरणमैत्री विकास कार्यलाई प्रोत्साहित गर्ने ।
- सडकमा हरियाली अभिबृद्धि गर्ने ।

**सम्भावित क्रियाकलापहरु :**

- ग्रामिण सडकहरुको पहिचान
- सरोकारवालाहरुसँग अन्तरक्रिया
- ग्रामिण सडकको दायाँ बाँया हरित प्रविधिको विकास तथा संरक्षणको लागि क्रियाकलाप छनौट
- गल्छी तथा पहिरो रोकथाम
- वृक्षारोपण
- घाँस, डालेघाँस रोपण
- भलपानीको व्यवस्थापन
- एकीकृत भू तथा जलाधार संरक्षणका अन्य कार्यहरु
- स्थानीयपालीकाहरुसँग साझेदारी तथा सहकार्य गरी कार्य संचालन गर्न सकिनेछ ।

**कार्यान्वयन प्रक्रिया :**

- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नु पर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीयतहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना, नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET, र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नु पर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलब्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** सडकमा हुने भूक्षय, गल्छी, पहिरो तथा खोलाको कटानी नियन्त्रण भएको हुनेछ । सडकको दायाँबायाँ क्षेत्रमा हरियाली अभिवृद्धी भएको हुनेछ । संरक्षण एवं वातावरणमैत्री विकासको अवधारणाको प्रचारप्रसार र अनुसरण भएको हुनेछ ।

मुख्यमन्त्री तथा ... को कार्यालय

## ६७. भू संरक्षण प्रर्दशनी स्थल

भू–संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम अन्तर्गत प्रयोगीत्मक प्रदर्शनीका क्रियाकलाप निकै कम भएका छन् । वास्तवमा प्रदर्शनी प्रचार प्रसारको एउटा निकै सशक्त माध्यम हो । यसमा भू–तथा जलाधार संरक्षण कार्यमा प्रयोग गरिने धैरै क्रियाकलाप समेट्न सकिने सुक्ष्म जलाधार क्षेत्रहरुको पहिचान गरी बिभिन्न भू संरक्षण तथा जलाधार व्यवस्थापनका क्रियकलापहरु एउटै क्षेत्रमा निर्माण गर्नुपर्दछ । प्रर्दशनस्थल सुक्ष्म जलाधार क्षेत्र भित्र पर्ने कृषकको जमिन वा सामुदायिक वा सरकारी जमिन वा दुवै पनि हुन सक्नेछ ।

**उद्देश्य :** संरक्षण प्रर्दशनी स्थलहरुको बिकास र बिस्तारबाट स्थानीय समुदायहरु, अवलोकनकर्ता, बिद्यार्थीहरु तथा संरक्षण कार्यमा चासो राख्नेहरुलाई संरक्षण सूचना प्रवाह तथा प्रविधि बिस्तार गरी भूक्षय तथा पहिरोका सम्भावित क्षतिलाई कम तुल्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

**सम्भावित क्रियाकलापहरु :**

- स्थानीय तहहरुको समन्वय र सिफारिश तथा आवश्यक परेमा जिल्ला समन्वय समितिको समेत सिफारिसका आधारमा निर्माण गरिने प्रदर्शन स्थलको छनौट गर्ने ।
- सम्भव भएसम्म सडकको पहुंच हुने स्थानमा निर्माण गर्नुपर्नेछ ।
- सरोकारवालाहरुसँग अन्तरक्रिया
- भू तथा जलाधार व्यवस्थापनसंग सम्वन्धित कृयाकलापहरु आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू-संरक्षण विधिहरु (Erosion control measures) लाई प्रयोग गर्ने
- जैबिक र इन्जिनियरिङ्ग संरचना निर्माण
- संरक्षण वृक्षारोपण, घाँस तथा डालेघाँस रोपण
- कम खर्चिलो भू संरक्षणका प्रविधिहरु
- प्रदर्शनी कक्ष

**कार्यान्वयन प्रक्रिया :**

- प्रर्दशनस्थल सुक्ष्म जलाधार क्षेत्र भत्र पर्ने कृषकको जमिन वा सामुदायिक जमिन वा दुवै पनि हुन सक्नेछ । सो क्षेत्रको रेखदेखको लागि आवश्यक भएमा लागत अनुमानमा समावेस गरी हेरालुको समेत व्यवस्था गर्न सकिन्छ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सञ्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम सञ्चालन गर्नैपर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।

- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, समेत संभार तथा लाभको वितरणसम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नु पर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलव्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** जलाधार व्यवस्थापन सम्बन्धी प्रचार प्रसारमा सहयोग पुगेको हुनेछ । विषयसँग सम्बन्धित् कर्मचारीको ज्ञानलाई प्रयोगमा ल्याउन सहयोग पुगेको हुनेछ । सम्भावित जोखिम सम्वन्धमा जानकारी पाउन सहज भएको हुनेछ । अन्य क्षेत्रमा समेत मोडल अनुसरण गर्न सहयोग पुगेको हुनेछ ।

## ६८. आकस्मिक पहिरो नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम

वर्षायाम तथा अन्य समयमा आकस्मिक रुपमा जानसक्ने र गएका पहिरो र यससँग सम्बन्धित् नकारात्मक असरहरुको लेखाजोखा तथा विश्लेषण र पहिरोबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्दै जिउधन तथा जमिनको सुरक्षा गर्नु जरुरी छ ।

**उद्देश्य :** पहिरोबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्दै जिउधनको सुरक्षा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

**सम्भावित क्रियाकलापहरु :**

- वर्षाको समयमा आकस्मिक रुपमा पहिरो गएका स्थानहरुकाको पहिचान गरी जिल्ला बिपद् व्यबस्थापन समिति, जिल्ला समन्वय समिति वा स्थानीय तहहरुसँग समन्वय र सिफारिशको आधारमा रोकथामको कार्य गर्ने ।
- वर्षाको समयमा आकस्मिक रुपमा जान सक्ने पहिरोलाई मध्यनजर राखी उपलब्ध वजेटबाट केही तारजाली तथा अन्य उपकरण खरिद गरी राख्ने र आवश्कता अनुसार जिल्ला बिपद् व्यबस्थापन समिति, जिल्ला समन्वय समिति र स्थानीय तहहरुसँग समन्वय र सिफारिशको आधारमा आकस्मिक विपद्जन्य घटना परेका स्थानका जनतालाई उपलब्ध गराउने ।
- तत्कालै नियन्त्रणको लागि जनशक्ति परिचालन, घटनास्थलमा आपत्कालीन अवस्थामा जानको लागि सवारी साधन भाडामा लिन, तत्काल पहिरो सफा गरी जनधनको क्षतिलाई कम गर्ने कार्य गर्न सकिनेछ ।

**कार्यान्वयन प्रक्रिया :**

- योजनाको सञ्चालन भएको क्षेत्रमा भू–क्षय नियन्त्रण साथै संरक्षणको लागि वानस्पतीक तथा सिभिल ( Engineering Structure) संरचनात्मक प्रविधिहरु प्रयोग गर्नु पर्नेछ र संभव भएसम्म एकीकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्ने छ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नु पर्दछ । स्थायि प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम,

कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्नेछ र अन्तमा ACTIVITY PROFILE तयार गर्नु पर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नुपर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलव्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** भू क्षय र ठूलो मात्रामा जमीन खस्ने अवस्थामा कमी आई यसबाट पहिरोको आसपास र तल्लो तटीय क्षेत्रमा हुने सम्भावित जनधनको क्षतिमा कमी आउनेछ ।

## ६९. नदी उकास जग्गा पुनस्थापना तथा संरक्षण

नदी तथा खोलाले बहाव परिवर्तन गरेसँगै छोडेको जग्गालाई नदी उकास जग्गा भनिन्छ । यस्ता जग्गा संरक्षण गरी प्रयोगमा ल्याउने कार्यलाई नदी उकास जग्गा पुनस्थापना तथा संरक्षण भनिन्छ ।

**उद्देश्य :** नदी तथा खोलाले बहाव परिवर्तन गरेसँगै छोडेको जग्गालाई संरक्षण गरी प्रयोगमा आउनेछ । कृषिबालीको उब्जनी बढ्नेछ । कृषि योग्य जमिनको संरक्षण हुनेछ । स्थानीय श्रोत साधनको उपयोग भई आयआर्जनमा वृद्धि हुनेछ ।

**सम्भावित क्रियाकलापहरु :**

- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अन्तक्रिया
- संरक्षण समूह पहिचान र सशक्तिकरण
- Revetment/protection wall construction
- Spur/Groynes construction
- थिग्रिकरण रोकथाम संरचना निर्माण /Construction of flow retarding structures
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास /Flood slope stabilization through bio-engineering /vegetative measures (Tree grass planting) on the bank
- Fencing of area for livestocks control
- भू उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम ।
- वन उपभोक्ता समूह गठन, सामुदायिक वन कार्य योजना तयारी/संशोधन गरी नदी उकास क्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्य समावेश गर्ने ।

**कार्यान्वयन प्रक्रिया :**

- योजनाको सञ्चालन भएको क्षेत्रमा भू–क्षय नियन्त्रण साथै संरक्षणको लागि वानस्पतिक तथा सिभिल (Engineering Structure) संरचनात्मक प्रविधिहरु प्रयोग गर्नु पर्नेछ र सम्भव भएसम्म एकीकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET, र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नु पर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलब्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** कृषिवालीको उब्जनी बढेको हुनेछ । कृषि योग्य जमिनको संरक्षण भएको हुनेछ । स्थानीय श्रोत साधनको उपयोग भई आयआर्जनमा वृद्धि भएको हुनेछ ।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

## ७१. संवेदनशिल जलाधार क्षेत्र संरक्षण कार्यक्रम

भौतिक पूर्वाधार संरक्षण, भू–क्षयको दृष्टिकोणले अति सम्वेदनशिल जलाधार क्षेत्र, महत्वपूर्ण तालतलैया तथा पोखरी, महत्वपूर्ण पर्यटकीय क्षेत्र तथा सिमसार क्षेत्रहरुको संरक्षणको लागि विशेष संवेदनशिल मानिएका स्थानहरुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्थापन कार्ययोजना भएका जलाधार व्यवस्थापन योजना कार्यान्वयन गर्नु तथा नयां कार्ययोजना तयार गरी सो को कार्यान्वयन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहनेछ । यस अन्तर्गत सम्भावित कृयाकलापहरुको स्थानहरुको पहिचान, सर्भेक्षण र विस्तृत प्रतिवेदन तयार गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**उद्देश्य :** विशेष संवेदनशिल मानिएका स्थानहरुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्थापन कार्ययोजना भएका जलाधार व्यवस्थापन योजना कार्यान्वयन गर्नु तथा नयाँ कार्ययोजना तयार गरी सो को कार्यान्वयन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहनेछ ।

**सम्भावित क्रियाकलापहरु**

१) जलाधार क्षेत्र पहिचान, तथ्यांक संकलन तथा जलाधार संरक्षण कार्ययोजना तयारी

२) प्रकोप जोखिम न्यूनीकरण र प्राकृतिक प्रकोप व्यवस्थापन

- पहिरोको तथ्याङ्क संकलन र अभिलेखिकरण
- पहिरो तथा गल्छी उपचार
- खहरे नियन्त्रण
- हरित प्रविधिबाट खोला किनारा संरक्षण

३) दिगो भू व्यवस्थापन

- किसानको खेतबारीमा भू संरक्षण
- फलफूल रोपण
- डालेघाँस, भुईघाँस रोपण
- क्षतिग्रस्त भूमि पुनरुत्थान
- SALT Plot स्थापना र व्यवस्थापन
- वन तथा चरण क्षेत्र व्यवस्थापन

४) पानी र थिग्रीकरण व्यवस्थापन

- वर्षाको पानी संकलन प्रणालीको विकास
- भलपानी संकलन पोखरी निर्माण
- भूमिगत जलसेचन संरचना निर्माण
- Green waterways

५) विकासका पूर्वाधार संरक्षण

- सिंचाई कुलो संरक्षण
- हरित प्रविधिबाट सडकपाखो संरक्षण

६) जलवायु परिवर्तन अनुकूलन/समानुकुलन विकास

- पानी मुहान संरक्षण र विकास
- जलाधार पुनर्स्थापना
- संरक्षण पोखरी निर्माण
- नदी उकास जग्गा संरक्षण र खेती विस्तार
- सिमसार संरक्षण

७) समुदाय परिचालन, क्षमता विकास तथा जीविकोपार्जनमा सुधार

- संरक्षण आयमूलक कार्यक्रम
- समूह परिचालन सशक्तिकरण
- संरक्षण कृषकहरुको संजाल निर्माण
- कम खर्चिलो भूसंरक्षण प्रविधि तालिम र अभ्यास
- प्राकृतिक प्रकोप व्यवस्थापन तालिम
- संरक्षण प्रचार प्रसार सामग्री उत्पादन वितरण

८) वार्षिक प्रतिवेदन तयारी र पार्श्वचित्र प्रकाशन

**कार्यान्वयन प्रक्रिया :** प्रदेशभित्रका पहिचान भएका संवेदनशिल जलाधार क्षेत्रहरु यस कार्यक्रमको कार्य ईकाइ हुनेछ । सोको पहिचानको लागि GIS को माध्यमबाट Vulnerability Mapping गरी बढी संवेदनशिल जलाधारलाई प्राथमिकता दिई कार्यक्रम गरिनेछ । पहिचान भएको संवेदनशिल जलाधार क्षेत्रमा गरिने सम्भावित कृयाकलापहरुको स्थान, परिमाण खुलाई स्वीकृत गराई कार्य संचालन गर्नुपर्नेछ ।

- योजनाको सञ्चालन भएको क्षेत्रमा भूक्षय नियन्त्रण साथै संरक्षणको लागि वानस्पतिक तथा सिभिल ( Engineering Structure) संरचनात्मक प्रविधिहरु प्रयोग गर्नुपर्नेछ र सम्भव भएसम्म एकीकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य सञ्चालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार गण्डकी प्रदेश पोखरा, नेपाल

- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार तथा लाभको वितरणसम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (SKETCH OF LOCATION MAP), संरचना नक्सा (DRAWING/DESIGN), UNIT RATE ANALYSIS, DETAILED ESTMATE, ABSTRACT OF COST, SUMMARY SHEET, र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा ACTIVITY PROFILE तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**अनुगमन/मूल्यांकन तथा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था :** सहभागितात्मक अनुगमन/मूल्यांकन प्रणालीलाई अनुसरण गर्नुपर्नेछ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ भने वन निर्देशनालय, मन्त्रालय र अन्य सरोकारवालाहरु समेतको सहभागितामा समय समयमा अनुगमन/मूल्यांकन कार्यको व्यवस्थापन गर्नुपर्नेछ । अनुगमन/मूल्यांकनको प्रतिवेदन नियमित रुपमा वन निर्देशनालयमा समेत पेश गर्नु पर्नेछ । ACTIVITY PROFILE तयार गरी १ प्रति वन निर्देशनालयमा समेत उपलब्ध गराउनुपर्नेछ ।

**अपेक्षित उपलब्धी :** महत्वपूर्ण र संवेदनशिल क्षेत्र तथा श्रोतहरुको पहिचान हुनेछ । भौतिक संरचनाहरुको Life span बढाउन सकिने । जमिनमा चिस्यानको मात्रामा वृद्धि भै हरियालीमा प्रवर्द्धनमा टेवा पुग्नेछ । एकीकृत भू तथा जलाधार व्यवस्थापनको माध्यमबाट संवेदनशिल जलाधार क्षेत्रको संरक्षण भई भूमिको उत्पादकत्वमा सुधार, जमिन र पानीको संरक्षणबाट यसको उपयोगितामा वृद्धि, विकासको पूर्वाधारको संरक्षण साथै समुदायमा जलवायु परिवर्तन अनुकूलन/समयानुकुलन क्षमतामा वृद्धि भई स्थानीयस्तरमा दिगो एवं समन्यायिक जीविकोपार्जनमा सुधार हुनेछ ।

## घ. वातावरण संरक्षणसँग सम्बन्धित कृयाकलापहरु :

### ७२. जियोपार्कको डीपीआर तयारी, मुस्ताङ्ग

गण्डकी प्रदेशको मुस्ताङ्ग जिल्ला भौगोलिक हिसाबले अति महत्वपूर्ण तथा विशिष्ट रहेको हुँदा यसको उच्चतम उपयोग गरी यसमा आधारित Geo-tourism सञ्चालन गर्न सकिने कुरालाई मध्यनजर गर्दै जिओपार्क (Geopark) स्थापना गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न यो बजेटको व्यवस्था गरिएको हो । जिओपार्क भन्नाले अन्तर्राष्ट्रिय भौगोलिक महत्वको एकल वा एकीकृत भौगोलिक क्षेत्रको भूदृश्य संरक्षण, भू



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा

पर्यटन, शिक्षा र दिगो विकासको समग्र अवधारणाको साथै व्यवस्थित क्षेत्र भन्ने बुझिन्छ । जिओपार्क प्राकृतिक सम्पदाको (वन, जैविक विविधता, जलाशय इत्यादि) संरक्षण र दिगो विकासको लागि नयाँ अवधारणा र अवसरको रूपमा रहेको छ ।

**उद्देश्य** : भौगोलिक सम्पदा र त्यस क्षेत्रको प्राकृतिक, सांस्कृतिक र अमूर्त सम्पदाका सबै पक्षहरू बीचको सम्बन्धहरू अन्वेषण र विकास गर्ने, भौगर्भिक उत्पादनको खोजी गरी पर्यटन व्यापार (जस्तै : Rock-Shop) प्रवर्धन गर्ने, जियोटुरिज्मको प्रवर्धन र स्रोतहरूको दिगो उपयोगलाई प्रोत्साहित गर्दै स्थानीय जनतालाई फाइदा पुऱ्याई त्यहाँको भूगर्भीय प्रक्रिया र त्यसको इतिहासको ज्ञान र अनुसन्धानको अन्वेषण गर्ने ।

**कार्यान्वयन प्रकृया :**

- स्थान छनौट गर्ने
- कार्यक्षेत्रगत शर्त तथा लगत इस्टीमेट तयार गर्ने
- कार्यक्षेत्रगत शर्त र लगत इस्टीमेटमा छलफल तथा स्वीकृत गराउने
- प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्था छनौट तथा सम्झौता गर्ने
- प्रदेशस्तरमा Inception गोष्ठी गर्ने
- जिल्लास्तरीय सरोकारवालाहरु सँग छलफल तथा गोष्ठी गर्ने
- स्थानिय, जिल्ला तथा प्रदेश स्तरमा विस्तृत आयोजना प्रतिवेदन मस्यौदा प्रस्तुती तथा पृष्ठपोषणका लागि छलफल गर्ने
- विस्तृत आयोजना प्रतिवेदनको अन्तिम प्रतिवेदन तयार तथा पेश गर्ने

**सेवा प्रदायकको कार्यक्षेत्र र कर्तव्य** :

- जिओपार्क स्थापना सम्बन्धी संभाव्यता अध्ययन गर्ने,
- जिओपार्कको सम्भावित क्षेत्रपर्ने स्थानीयतहको सहमति लिने,
- सरोकारवालाको सहभागितामा जिओपार्क घोषणा गर्न सकिने क्षेत्रको अध्ययन तथा सर्भे गरी सिमाकंन गरी चार किल्ला तथा प्रभावित क्षेत्र समेतको क्षेत्र मन्त्रालयबाट स्वीकृत गराउनु पर्ने,
- सरोकारवालाको विश्लेषण (Stakeholder Analysis) गर्ने,
- उक्त क्षेत्रको भौगोलिक, प्राकृतिक तथा सामाजिक अवस्थाको अध्ययन तथा विश्लेषण गर्ने,
- Geopark product हरु के के हुन सक्छन अध्ययन अनुसन्धान गर्ने,
- UNESCO को मापदण्ड पूरा हुने खालको जिओपार्कको क्षेत्र /अवस्थिति छनौट गर्ने,
- Geopark मा संचालन गर्न सकिने कृयाकलाप तथा कार्यक्रमहरुको पहिचान गरी लगत इस्टीमेट समेत तयार गर्ने,
- उक्त क्षेत्रमा जिओपार्क स्थापनाको SWOT Analysis गर्ने,
- आयोजना कार्यान्वयनबाट पर्ने आर्थिक, सामाजिक तथा वातावरणीय प्रभावको मूल्याँकन गर्न IEE गर्ने,



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

- Rock-Shop लगायतका पर्यटन व्यापार र पर्यटन सम्बन्धी अध्ययन गर्ने,
- वन निर्देशनालयले तयार गरेको कार्यक्षेत्रगत शर्त बमोजिम विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्नेछ जसमा नक्सा Field book, VDO समेत समावेश गर्नु पर्ने,
- अन्य आवश्यकतानुसारका कार्य गर्ने ।

**जनशक्ति व्यवस्थापन :** कार्यक्रम सञ्चालनका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम परामर्श सेवा खरिद गर्नुपर्नेछ ।

**अनुगमनको व्यवस्था :सम्भावीत क्षेत्रको समिाकंन भएको स्थानको अनुगमन तथा** विस्तृत आयोजना प्रतिवेदन तयार सम्बन्धी कार्यको अनुगमन मन्त्रालय तथा मातहतका निकायबाट गरिनेछ । अनुगमन कार्यको व्यवस्थापन तथा खर्चको व्यवस्थाको लागि नियमानुसार कन्टिन्जेन्सी रकमबाट व्यवस्था गर्न सकिनेछ ।

**प्रगतिमा समावेश हुनुपर्ने कुराहरु :**

- विस्तृत आयोजना प्रतिवेदन पुस्तकको रुपमा तयार गरी सोको सफ्ट कपी
- अध्ययनसँग सम्बन्धित नक्शाहरु तथा सो क्षेत्रको विस्तृत दृश्यचित्र
- कृयाकलाप सहितको लगत इष्टिमेट तथा कार्य सम्पन्न प्रतिवेदन

**अपेक्षित उपलब्धी :** गण्डकी प्रदेशको मुस्ताङ्ग जिल्लामा जिओपार्क स्थापना गर्नका लागि स्थान छनौट भई विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुनेछ ।

## ७३. पचभैया प्राणी उद्यान स्थापंना गर्न विस्तृत आयोजना प्रतिवेदन तयारी लगायतका कार्य

गण्डकी प्रदेशको राजधानी पोखरा वा आसपासका क्षेत्रमा विगतका वर्षहरुमा प्राणी उद्यान स्थापना गर्ने प्रयास स्वरुप पचभैया, चैनपुर र चायापानी चिसाकुना सामुदायिक वनहरुको क्षेत्रमा रहने गरी स्थान छनौट भएको र आ.व. २०७५/०७६ मा सोको विस्तृत परियोजना प्रतिवेदन समेत तयार पारिएकोले यसलाई प्रदेशकै गौरवको आयोजनाको रुपमा लिईएको छ । डिभिजन वन कार्यालय कास्कीले यस कार्यक्रमको निर्माण र व्यवस्थापनका कार्य स्थानीय महानगरपालिका वडा पदाधिकारी तथा सामुदायिक वन समूहहरुको संस्थागत समन्वयमा अगाडी बढाउनेछ ।

**उद्देश्य :** प्राणी उद्यान स्थापना गर्नको लागि डि.पि.आर. ले औंल्याएका विभिन्न पूर्वाधार तथा संरचनाहरु निर्माण गर्ने ।

**समेट्नुपर्ने कृयाकलापहरु :** व्यवस्थापन समिति र प्राविधिक परामर्श समिति गठन, DPR मा उल्लेख भएका निर्माण गरिने पूर्वाधार/संरचनाहरुको विस्तृत अध्ययन, डिजाइन तथा ईष्टिमेट, पूर्वाधार/संरचना निर्माण, सस्थागत संरचना निर्माण तथा सुदृढिकरण, विभिन्न सामाजिक सहजीकरणका कार्यहरु, उद्दार गरिएका वन्यजन्तुहरुको लागि आहार तथा संरक्षण र व्यवस्थापन ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

**कार्यान्वयन प्रकृयाः**

- डिभिजन वन कार्यालय कास्कीले महानगरपालिका, सम्बन्धित वडा पदाधिकारी सहभागी समूहहरु र सरोकारवालाहरुको समन्वयमा व्यवस्थापन समिति गठन र संस्थागत सुदृढिकरण गर्नेछ । संरक्षणको लागि कर्मचारी र समूहको सहकार्यको व्यवस्था मिलाउने, निर्माण गर्ने संरचनाहरुको डिजाइन गरी सार्वजनिक खरिद ऐन अनुसार निर्माण गर्ने व्यवस्था निम्न विधि अनुसार गर्नेछ ।
- प्राणी उद्यान स्थापना र व्यवस्थापनको लागि पचभैयाको वनमा कार्य वातावरण श्रृजना गरी कृयाकलापहरु अगाडी बढाईनेछ । प्राणी उद्यानमा रहेका वन्यजन्तुहरुको संरक्षण र उपचार समेत गर्नको लागि व्यवस्थापन समितिसँग सामाजिक सहजीकरण लगायतका विभिन्न कामहरु गर्ने प्रस्ताव माग गरिनेछ ।
- प्रचलित ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम गरी डिभिजन वन कार्यालयले DPR मा भएका भौतिक संरचना निर्माण गर्नेछ ।
- कार्य सम्पन्न भएपछि बिल भरपाई र गरिएका मुख्य कार्यहरुको प्रतिवेदन तथा सार्वजनिक खरिद ऐनबाट निर्माण भएका संरचनाको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिइनेछ ।

**अनुगमन तथा प्रगति प्रतिवेदन :** यस कार्यक्रमको निर्माण र व्यवस्थापन कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयका कर्मचारी तथा सम्बन्धित प्राविधिक मार्फत गरिनेछ । नियमानुसार कन्टिन्जेन्सी रकम छुट्याई अनुगमन लगायतका कार्यहरु गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी :** प्राणी उद्यान स्थापना गर्नको लागि विभिन्न पूर्वाधार तथा संरचनाहरु निर्माण भएको हुनेछ ।

## ७४. देखाकोचौर संरक्षण (गोरेटो निर्माण, हरियाली विकास)

**उद्देश्य :** देखाको चौर क्षेत्रको संरक्षण तथा विकास गरी हरियालि प्रवर्धन गर्ने ।

**समेटनु पर्ने कृयाकलापहरुः** पदमार्ग निर्माण, मर्मत सुधार, वृक्षारोपण र संरक्षण तथा पर्यटन प्रवर्धन केन्द्रित क्रियाकलापहरु ।

**कार्यान्वयन प्रक्रियाः** यस कार्यक्रममा विनियोजित रकम देखाको चौर सामुदायिक वनमा पदमार्ग निर्माण, मर्मत सुधार तथा अन्य पर्यटन प्रर्वधनका क्रियाकलापमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहमार्फत सम्झौता गरी खर्च गर्न सकिनेछ । नियमानुसार लगत इस्टिमेट बनाई उपभोक्ता समूहमार्फत यो कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय श्रोत साधनलाई प्राथमिकता दिनुपर्नेछ । कार्य सम्पन्न प्रतिवेदन, जांचपास, फोटो लगायतका कागजातहरु प्राप्त भएपछि अन्तिम भुक्तानी दिइनेछ ।

**अनुगमन तथा प्रगतिः** यस कार्यक्रमको अनुगमन डिभिजन वन कार्यालयबाट गरिनेछ । कार्य सम्पन्न भएपछि अनुगमन र कार्य सम्पन्न प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धिः** पदमार्ग सहितका पर्यापर्यटन प्रवर्धनभइ हरियाली प्रवर्धनभएको हुनेछ ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा

## ७५. साल्मेडाँडामा निर्मित गोरखा स्मारक पूर्वाधार विकास सहयोग

**उद्देश्य :** निजी क्षेत्रको पहलमा स्याङ्जा जिल्लाको फेदिखोलास्थित साल्मेडांडामा गोर्खा स्मारकमा पूर्वाधार विकासमा सहयोग गर्ने ।

**समेट्नुपर्ने कृयाकलापहरु :** पूर्वाधार विकास अन्तर्गत खानेपानीको व्यवस्था, पदमार्ग, सिँढी निर्माण, प्रतिक्षालय, विश्रामस्थल, चौतारी, पर्खाल, संरक्षण पोखरी, भलपानीको व्यवस्थापन, भल बग्ने कुलो, कुलेसा, छेकबाँध, विभिन्न जातका आकर्षक विरुवाहरु रोपेर रमणीय पार्क निर्माण, वाटर फाउन्टेन जस्ता संरचनाहरु ।

**कार्यान्वयन प्रक्रिया :**

- डिभिजन वन कार्यालयले साल्मेडांडामा गोर्खा स्मारक निर्माणार्थ पूर्वाधार विकासका लागि प्रस्ताव पेश गर्न निजी क्षेत्र समेत संलग्न रहेको उपभोक्ता समितिलाई प्रस्ताव पेश गर्न आव्हान गर्नेछ । सम्बन्धित उपभोक्ता समितिले तोकिएको ढांचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।
- यस कार्यक्रम कार्यान्वयनका लागि पूर्वाधार निर्माण सम्बन्धी डिजाइन तथा लागत ईष्टिमेट सम्बन्धित स्थानीयतहका इन्जिनियरिङ प्राविधिकले गर्नेछ । कार्यक्रमको कार्यान्वयन डिभिजन वन कार्यालयका कर्मचारीको सहयोग एवं सहजीकरणमा उपभोक्ता/व्यवस्थापन समिति मार्फत संचालन गरिनेछ ।
- यस कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित डिभिजन वन कार्यालयले लाभान्वित निजी क्षेत्र समेतको सहभागिता हुने गरी उपभोक्ता समितिसंग द्विपक्षीय सम्झौता गरी सोही उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन गर्नुपर्नेछ ।
- डि.व.का.सँग भएको सम्झौता बमोजिम नियमानुसार पेश्की र भुक्तानी रकम उपलब्ध गराईनेछ ।

**अनुगमन तथा प्रगति प्रतिवेदन :** यस कार्यक्रमको अनुगमन सम्बन्धि सव डिभिजन र डिभिजन वन कार्यालय मार्फत गरिनेछ । कार्यक्रम सम्पन्न भएपछि सम्बन्धित उपभोक्ता समितिले प्रगतिमा निम्न कागजातहरु समावेश गर्नुपर्नेछ :

- स्वीकृत लागत इष्टिमेट
- कार्यक्रम सम्पन्न गर्नका लागि तयार गरिएको सम्झौता
- पूर्वाधार निर्माण सम्बन्धी विस्तृत विवरण
- कार्य सम्पन्न प्रतिवेदन
- कार्यक्रम सम्पन्न गर्दा लागेको जम्मा खर्चको विवरण
- कार्य सञ्चालन अधि, संचालनको क्रममा र सम्पन्न पछि खिचिएका फोटोहरु

**अपेक्षित उपलब्धी :**

- निजी क्षेत्रको पहलमा निर्माणधिन गोर्खा स्मारकलाई प्रदेश सरकारको तर्फबाट सहयोग भई पूर्वाधार निर्माणको काम सम्पन्न हुनेछ ।
- पर्यटकीय उत्पादनको विकास तथा स्तरीकरणबाट प्रदेशको पर्यटन क्षेत्रलाई टेवा पुग्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- स्थानीय समुदायको संलग्नतामा पूर्वाधार निर्माण भई समुदायमा अपनत्वभावको विकास हुनेछ ।
- साल्मेडांडा एक पर्यटकीय गन्तव्यको रुपमा विकास हुनेछ ।

## घ. वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग सम्बन्धित कृयाकलापहरु :

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट प्रदान गरिने तालिमलाई प्रभावकारी ढंगले संचालन गर्न तालिम संचालन पूर्व र पश्चात मुल्यांकन छलफल श्रृंखलाबाट तालिम कार्यक्रमको मूल्यांकन गरी पृष्ठपोषण गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि निम्नानुसारको समिति गठन गरिनेछ :

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव- अध्यक्ष

श्री वन निर्देशनालयका प्रदेश वन निर्देशक- सदस्य

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक - सदस्य

तालिम संयोजक -सदस्य सचिव

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका लेखा शाखा प्रमुख- सदस्य

आवश्यकता अनुसार वढिमा २ जना अन्य कर्मचारीहरु - सदस्य

उल्लेखित मूल्यांकन छलफल श्रृंखलाका सदस्यहरुले कार्यालय समय बाहेक छलफल गर्नु परेको अवस्थामा प्रचलित नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ।

## ७६. प्रदेशस्तरीय जैविक विविधताले महत्वपूर्ण स्थानका नक्साङ्कन (Biodiversity Hotspot Maping)

**उद्देश्य:**

- गण्डकी प्रदेशको खास क्षेत्रमा पाइने जैविक विविधताले महत्वपूर्ण, संकटापन्न तथा लोपोन्मुख वन्यजन्तु जस्तै चितुवा, हिउचितुवा, भालु, रेडपाण्डा, कस्तुरी मृग, डाँफे, घोरल, चराहरु आदिको बारेमा विस्तृत अध्ययन अनुसन्धान र नक्साङ्कन गर्ने।
- गण्डकी प्रदेशको खासं क्षेत्रमा पाइने यार्सागुम्वा, जटामसी, कुट्की, चिराइतो, वनलसुन, लोक्ता, अल्लो आदि जस्ता आर्थिक महत्व भएका जडीबुटी प्रजातिहरु बारेमा अध्ययन अनुसन्धान र नक्साङ्कन गर्ने।
- गण्डकी प्रदेशको खास क्षेत्रमा पाइने साल, सिसौ, खयर, रानी सल्ला, गोब्रे सल्ला, ठिंग्रे सल्ला, चिलाउने, कटुस, उत्तिस आदि जस्ता काठ र दाउराजन्य वन प्रजातिहरुको वारेमा अध्ययन अनुसन्धान र नक्साङ्कन गर्ने।

**कार्यक्रम कार्यान्वियन प्रक्रिया:** यो कार्यक्रम संचालन गर्दा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ ले निर्दीष्ठ गरेका विधि र प्रक्रियाहरु अवलम्वन गरी परामर्श सेवाबाट गरिनेछ।

**आशातित उपलब्धी :**

- गण्डकी प्रदेश क्षेत्र भित्र रहेका महत्वपूर्ण जैविक विविधता क्षेत्रहरुको पहिचान तथा नक्सांकन भई लोपोन्मुख प्रजातिका वन्यजन्तुहरुको संरक्षणमा टेवा पुग्नेछ।
- Nature र Wildlife Advanture Tourism मा बढावा पुगेको हुनेछ।
- गण्डकी प्रदेश क्षेत्र भित्र पाइने आर्थिक महत्व भएका जडीवुटी प्रजातिहरुको संरक्षण र विकास मार्फत यस क्षेत्रका जनताहरुको जीविकोपार्जन तथा आर्थिक विकासमा टेवा पुग्नेछ।
- गण्डकी प्रदेश क्षेत्र भित्र पाइने काठ र दाउराजन्य वन प्रजातिहरुको संरक्षण र विकासबाट यस प्रदेशलाई काठ र दाउरामा आत्म निर्भर वनाउन टेवा पुग्नेछ।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

➢ गण्डकी प्रदेश भित्र रहेका Biodiversity Hotsopt हरुको पहिचान गरी पर्यापर्यटनका कृयाकलापहरु अभिवृद्धि गर्न सहज हुनेछ ।

## ७७. गुगल अर्थ ईन्जिन तालिम

**उद्देश्यः**

- ➢ वनको वैज्ञानिक व्यवस्थापनका लागि आधुनिक प्रविधिको अपरिहार्यतालाई दृष्टिगत गरी रेन्जर/अधिकृत तहका वनका प्राविधिकहरुलाई १० कार्य दिनको गुगल अर्थ ईन्जिन प्रविधिको प्रयोग गर्न सक्षम बनाउने ।
- ➢ दीर्घकालिन रुपमा समग्र वन क्षेत्रको व्यवस्थित तथ्याङ्क तयार गरी तथ्यमा आधारित वन व्यवस्थापन गर्न सक्षम जनशक्ति विकास गर्ने ।

**तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधाः**

- तालिम सञ्चालन गर्नुपूर्व सेशन प्लान तयार गरी निर्देशकबाट स्वीकृत गराइनेछ ।
- प्रचलित नर्मस् अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकबाट स्वीकृत गराइ तालिम सञ्चालन गरिनेछ।
- यस तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्डगियर, तालिमका लागि आवश्यक भौतिक सामग्री खरीद तथा हस्तान्तरण, तालिम व्यवस्थापन भत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, ब्यानर तथा प्रमाणपत्र तयारी, उद्‌घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शिर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।
- तालिमका सहभागीहरुलाई जिल्ला बाहिरका भएमा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।
- तालिमका सहभागीहरु जिल्ला भित्रका भएमा गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ को मापदण्ड अनुसार नै सहभागी भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।
- तालिम व्यवस्थापनमा खटिने कर्मचारीहरुलाई जिल्ला बाहिर कार्यक्रम संचालन हुँदा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता र जिल्ला भित्र सञ्चालन हुँदा उल्लेखित गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ अनुसार नै व्यवस्थापन सहभागी भत्ता उपलब्ध गराइनेछ ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुबाट मात्र सम्भव नभएको अवस्थामा सम्बन्धित विषयवस्तुको विज्ञहरुबाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ ।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

- तालिम कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्न तालिम सञ्चालन पूर्व र पश्चात् मूल्यांकन छलफल श्रृंखलाबाट तालिम कार्यक्रमको मूल्यांकन गरी पृष्ठपोषण गर्ने व्यवस्था मिलाईनेछ । यसका लागि उपयुक्त समिति गठन गरिनेछ । उल्लेखित मूल्यांकन छलफल श्रृंखलाका सदस्यहरुले कार्यालय समय बाहेक छलफल गर्नु परेमा नियम अनुसार भत्ता उपलब्ध गराउन सकिनेछ ।

**अपेक्षित उपलब्धीः**

- यस तालिम प्राप्त गरे पछि सहभागी कर्मचारीले वन क्षेत्रको संरक्षण र व्यवस्थापन कार्यमा गुगल अर्थ प्रविधिको प्रयोग गर्न सक्षम हुनेछन् ।
- तालिमको प्रभावले समग्र वन तथा वन्यजन्तु संरक्षण र वैज्ञानिक व्यवस्थापनमा टेवा पुग्नेछ ।
- दिर्घकालिन रुपमा समग्र वन तथा वन्यजन्तुको तथ्याङ्क तयार गर्न टेवा पुग्नेछ ।

**तालिम कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ :**

- ➢ स्वीकृत लागत इष्टीमेट
- ➢ स्वीकृत पाठ योजना
- ➢ तालिम कार्यकम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा बिल भर्पाइ
- ➢ तालिम र्कायक्रम सञ्चालनका फोटोहरु
- ➢ तालिम मूल्यांकन फारम
- ➢ सहभागीहरुको कार्ययोजना फारम
- ➢ तालिमको विस्तृत प्रतिवेदन

## ७८. जि.आई.एस तालिम

**उद्देश्यः**

- ➢ वन तथा वन्यजन्तु साथै भू तथा जलाधार क्षेत्रहरुको वैज्ञानिक व्यवस्थापनका लागि आधुनिक प्रविधिको अपरिहार्यतालाई दृष्टिगत गरी रेन्जर/अधिकृत तहका वन प्राविधिकहरुलाई १० कार्य दिने आवश्यक जि.पि.एस. तथा जि.आइ.एस. प्रविधिको प्रयोग गर्न सक्षम बनाउने ।
- ➢ दिर्घकालिन रुपमा समग्र वन क्षेत्रको व्यवस्थित तथ्याङ्क तयार गरी तथ्यमा आधारित वन व्यवस्थापन गर्न सक्षम जनशक्ति विकास गर्ने ।

**तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधाः**

- ➢ तालिम सञ्चालन गर्नु पूर्व सेशन प्लान तयार गरी निर्देशकबाट स्वीकृत गराइनेछ ।
- ➢ प्रचलित नर्मश अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकबाट स्वीकृत गराइ तालिम संचालन गरिनेछ ।
- ➢ यस तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्डगियर, तालिमका लागि आवश्यक भौतिक सामग्री खरीद तथा हस्तान्तरण, तालिम व्यवस्थापन भत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, ब्यानर तथा प्रमाणपत्र तयारी, उद्घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शिर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।

- तालिमका सहभागीहरुलाई जिल्ला बाहिरका भएमा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।
- तालिमका सहभागीहरु जिल्ला भित्रका भएमा गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ अनुसार सहभागी भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।
- तालिम व्यवस्थापनमा खटिने कर्मचारीहरुलाई जिल्ला बाहिर कार्यक्रम सञ्चालन हुँदा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता र जिल्ला भित्र सञ्चालन हुँदा उल्लेखित गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड २०७५ अनुसार नै व्यवस्थापन सहभागी भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुबाट मात्र सम्भव नभएको अवस्थामा सम्बन्धित विषयवस्तुको विज्ञहरुबाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ ।
- तालिम कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्न तालिम संचालन पूर्व र पश्चात मूल्यांकन छलफल श्रृंखलाबाट तालिम कार्यक्रमको मूल्यांकन गरी पृष्ठपोषण गर्ने व्यवस्था मिलाईनेछ । यसका लागि उपयुक्त समिति गठन गरिनेछ । उल्लेखित मूल्यांकन छलफल श्रृंखलाका सदस्यहरुले कार्यालय समय बाहेक छलफल गर्नु परेमा नियम अनुसार भत्ता उपलब्ध गराउन सकिनेछ ।

**अपेक्षित उपलब्धीः**

- यस तालिम प्राप्त गरे पछि सहभागी कर्मचारीले वन क्षेत्रको संरक्षण र व्यवस्थापन कार्यमा जि.पि.एस./जि.आइ.एस. प्रविधिको प्रयोग गर्न गर्न सक्षम हुनेछन् ।
- तालिमको प्रभावले समग्र वन तथा वन्यजन्तु संरक्षण र वैज्ञानिक व्यवस्थापनमा टेवा पुग्नेछ ।
- दीर्घकालिन रुपमा समग्र वन तथा वन्यजन्तुको तथ्याङ्क तयार गर्न टेवा पुग्नेछ ।

**तालिम कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ :**

- स्वीकृत लागत इष्टिमेट
- स्वीकृत पाठ योजना .
- तालिम कार्यकम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा बिल भर्पाइ
- तालिम र्कायक्रम सञ्चालनका फोटोहरु
- तालिम मूल्यांकन फारम
- सहभागीहरुको कार्ययोजना फारम
- तालिमको विस्तृत प्रतिवेदन



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा

## ७९. वैज्ञानिक वन व्यवस्थापन तालिम

**उद्देश्य:** सामुदायिक वन लगायत सबैखाले उत्पादनमूलक वनको दिगो र व्यवस्थित व्यवस्थापन गरी वन पैदावारहरुको नियमित आपूर्ति गरी स्थानीयस्तरमा रोजगारीका अवसरहरु सृजना गदै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउने उद्देश्यले रेन्जर/अधिकृत तहका वन प्राविधिकहरुलाई १० कार्य दिने तालिम कार्यक्रम राखिएको हो ।

**तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधा:**

- तालिम सञ्चालन गर्नुपूर्व सेशन प्लान तयार गरी निर्देशकबाट स्वीकृत गराइनेछ ।
- प्रचलित नर्मस् अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकबाट स्वीकृत गराई तालिम सञ्चालन गरिनेछ ।
- तालिम कार्यक्रमलाई सैद्धान्तिकका साथै स्थलगत अवलोकनमा समाहित गरी सञ्चालन गरिनेछ ।
- यस तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्डगियर, तालिमका लागि आवश्यक भौतिक सामग्री खरीद तथा हस्तान्तरण, तालिम व्यवस्थापन भत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, ब्यानर तथा प्रमाणपत्र तयारी, उद्घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शिर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।
- तालिमका सहभागीहरुलाई जिल्ला वाहिरका भएमा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।
- तालिमका सहभागीहरु जिल्ला भित्रका भएमा गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड २०७५ को मापदण्ड अनुसार नै सहभागी भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।
- तालिम व्यवस्थापनमा खटिने कर्मचारीहरुलाई जिल्ला बाहिर कार्यक्रम सञ्चालन हुँदा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता र जिल्ला भित्र संचालन हुँदा उल्लेखित गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ अनुसार नै व्यवस्थापन सहभागी भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुबाट मात्र सम्भव नभएको अवस्थामा सम्बन्धित विषयवस्तुको विज्ञहरुबाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ ।
- तालिम कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्न तालिम सञ्चालन पूर्व र पश्चात् मूल्यांकन छलफल श्रृंखलाबाट तालिम कार्यक्रमको मूल्यांकन गरी पृष्ठपोषण गर्ने व्यवस्था मिलाईनेछ । यसका लागि उपयुक्त समिति गठन गरिनेछ । उल्लेखित मूल्यांकन छलफल श्रृंखलाका सदस्यहरुले कार्यालय समय बाहेक छलफल गर्नु परेमा नियम अनुसार भत्ता उपलब्ध गराउन सकिनेछ ।

**अपेक्षित उपलब्धी:**

- उचित व्यवस्थापन मार्फत वनको हैसियतमा सुधार आउंने र यसबाट वातावरणीय लाभ प्राप्त हुने ।
- वन पैदावारको आपूर्ति निरन्तर हुने ।
- सहभागितात्मक वन व्यवस्थापनबाछ समूहमा हुने आम्दानीले स्थानीयअर्थतन्त्र तथा विकासमा टेवा पुग्ने।
- स्थानीय रोजगार सृजना हुने ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा

- राज्यलाई राजश्व प्राप्त भई राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनिय योगदान पुग्ने ।
- विभिन्न किसिमका विवाद तथा खिचातानि घट्ने र वन क्षेत्रको सुशासनमा सुधार हुने ।

**तालिम कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ :**

- स्वीकृत लागत इष्टिमेट
- स्वीकृत पाठयोजना
- तालिम कार्यक्रम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा बिल भर्पाई
- तालिम र्कायक्रम सञ्चालनका फोटोहरु
- तालिम मूल्यांकन फारम
- सहभागीहरुको कार्ययोजना फारम
- तालिमको विस्तृत प्रतिवेदन

## ८०. सेवाकालीन तालिम

**उद्देश्यः** डिभिजन वन कार्यालयहरु, संरक्षित वन कार्यालय, संरक्षण क्षेत्र आदि कार्यालयहरुमा कार्यरत वनरक्षक, गेमस्काउट, फरेष्टर, सिनियर गेमं स्काउटस्तरका कर्मचारीहरुलाई वन, वन्यजन्तु, वातावरण, जडीबुटी, जलाधार तथा जैविक विविधताका विविध विषयहरुमा आधारभूत ज्ञान प्रदान गर्ने मुख्य उद्देश्यले ३० कार्य दिन यो तालिम संचालन गरिनेछ ।

**तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधाः**

- तालिम सञ्चालन गर्नु पूर्व सेशन प्लान तयार गरी निर्देशकबाट स्वीकृत गराइनेछ ।
- प्रचलित नर्मश अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकबाट स्वीकृत गराइ तालिम सञ्चालन गरिनेछ ।
- सहभागिहरुलाई भत्ता र अन्य सेवा सुविधाहरु सम्बन्धित कार्यालयले गर्नुपर्नेछ ।
- यस तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्डगियर, तालिमका लागि आवश्यक भौतिक सामग्री खरीद तथा हस्तान्तरण, तालिम व्यवस्थापन समूहभत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधनभाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, ब्यानर तथा प्रमाणपत्र तयारी, उद्‌घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शिर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।
- तालिमका सहभागीहरुलाई जिल्ला बाहिरका भएमा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।
- तालिमका सहभागीहरु जिल्ला भित्रका भएमा गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड २०७५ को मापदण्ड अनुसार नै सहभागी भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।
- तालिम व्यवस्थापनमा खटिने कर्मचारीहरुलाई जिल्ला वाहिर कार्यक्रम संचालन हुँदा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता र जिल्ला भित्र संचालन हुँदा उल्लेखित गण्डकी

प्रदेश सरकारको खर्चको मापदण्ड २०७५ अनुसार नै व्यवस्थापन सहभागी भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।

- तालिम साबिकमा स्वीकृत पाठ योजना अनुसार नै संचालन गरिनेछ ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुबाट मात्र सम्भव नभएको अवस्थामा सम्बन्धित विषयवस्तुको विज्ञहरुबाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ ।
- यस तालिम संचालन गर्दा तिन वटा मोड्युल बनाइ हरेक मोड्युलमा दुई वटाका दरले जम्मा छ वटा मूल्यांकन छलफल श्रृंखलाबाट सहभागीहरुको मूल्यांकन गरिनेछ ।
- यस तालिमको मुल्यांकन छलफल श्रृंखलाका लागि निम्नानुसारको समिति गठन गरिनेछ :
  - श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक-अध्यक्ष
  - श्री उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका अधिकृत स्तरका प्रतिनिधि-सदस्य
  - श्री शिक्षा विकास तथा समन्वय इकाईका अधिकृत स्तरका प्रतिनिधि-सदस्य
  - श्री जिल्ला प्रशासन कार्यालयका अधिकृत स्तरका प्रतिनिधि-सदस्य
  - श्री प्रदेश वन निर्देशनालयका वन सेवाका अधिकृत स्तरका प्रतिनिधि-सदस्य
  - तालिम संयोजक-सदस्य सचिव
  - आवश्यकता अनुसार २ जनासम्म विषयगत प्रशिक्षकहरु- सदस्य

उल्लेखित मूल्यांकन छलफल श्रृंखलाका सदस्यहरुले कार्यालय समय बाहेक छलफल गर्नु परेमा नियम अनुसार भत्ता उपलब्ध गराउन सकिनेछ ।

**अपेक्षित उपलब्धी:**

- यस तालिम प्राप्त गरे पछि सहभागी कर्मचारीको क्षमता तथा कार्य दक्षतामा सुधार भई गुणस्तरीय सेवा प्रवाह गर्न सक्षम हुनेछन् ।
- तालिममा सहभागि भई सफलतापूर्वक सम्पन्न गर्ने कर्मचारीहरुको वृत्ति विकासमा टेवा पुग्नेछ ।

**तालिम कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ :**

- स्वीकृत लागत इष्टमेट
- स्वीकृत पाठ योजना
- तालिम कार्यक्रम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा बिल भर्पाइ
- तालिम र्कायक्रम संचालनका फोटोहरु
- तालिम मूल्यांकन फारम
- सहभागीहरुको कार्ययोजना फारम
- तालिमको विस्तृत प्रतिवेद्रन

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

## ८१. बार्षिक प्रगति पुस्तीका तयारी

**उद्देश्यः** वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखराले वार्षिक रुपमा संचालन गरेका कार्यक्रमहरुको अभिलेखिकरण तथा प्रचारप्रसार गर्ने ।

**सञ्चालन प्रक्रिया तथा सेवा सुविधाः**

- प्रचलित नर्मस् अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकबाट स्वीकृत गराई कार्य सम्पादन गरिनेछ ।
- पुस्तीका तयारीका लागि समूह छलफल तथा तथ्याङ्क विश्लेषण गरिनेछ ।
- यस कार्यका लागि विनियोजित रकम यस कार्यमा खटिने कर्मचारीहरुलाई दैनिक भत्ता, यातायात, आवश्यक भौतिक सामग्री खरीद स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन आदि लगायतका विभिन्न शिर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धीः**

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको वार्षिक कार्यक्रमहरुको बारेमा सबैले जानकारी प्राप्त गर्नेछन् ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको बारेमा प्रचारप्रसार हुनेछ ।
- बार्षिक रुपमा सम्पादित कार्यहरुको अभिलेखिकरण भएको हुनेछ ।

**तालिम कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ :**

- स्वीकृत लागत इष्टिमेट
- कार्यक्रम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा बिल भर्पाइ
- र्कायक्रम संचालनका फोटोहरु
- विस्तृत प्रतिवेदन

## ८२. प्रशिक्षक/प्रशिक्षण उद्यमशिलता विकास घरेलु कार्यालय (पुनर्ताजगी/अभिमुखिकरणजस्ता तालिम)

**तालिमको उद्देश्यः** उधमीहरुको उधमशिलता विकास गर्नका लागि घरेलु कार्यालयमा कार्यरत कर्मचारीहरुको प्रशिक्षक प्रशिक्षण तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने ।

**लक्षित स्तरः** प्रशासन पांचौ/अधिकृतस्तर

**तालिम अवधिः** १० कार्य दिन

**तालिम संचालन प्रक्रिया तथा सेवा सुविधा**

- तालिम संचालन गर्नुपूर्व सेशन प्लान तयार गरी निर्देशकबाट स्वीकृत गराइनेछ ।
- प्रचलित नर्मस् अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकबाट स्वीकृत गराइ तालिम संचालन गरिनेछ ।
- तालिम कार्यक्रमलाई सैद्धान्तिकका साथै स्थलगत अवलोकनमा समाहित गरी संचालन गरिनेछ ।
- यस तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्डगियर, तालिमका लागि आवश्यक भौतिक सामग्री खरीद

तथा हस्तान्तरण, तालिम व्यवस्थापन भत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, ब्यानर तथा प्रमाणपत्र तयारी, उद्घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शिर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।

- तालिमका सहभागीहरुलाई जिल्ला बाहिरका भएमा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।
- तालिमका सहभागीहरु जिल्ला भित्रका भएमा गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड २०७५ को मापदण्ड अनुसार नै सहभागी भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।
- तालिम व्यवस्थापनमा खटिने कर्मचारीहरुलाई जिल्ला बाहिर कार्यक्रम संचालन हुँदा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता र जिल्ला भित्र संचालन हुँदा उल्लेखित गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ अनुसार नै व्यवस्थापन सहभागी भत्ता र खाजा खर्च उपलब्ध गराइनेछ ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुबाट मात्र सम्भव नभएको अवस्थामा सम्बन्धित विषयवस्तुको विज्ञहरुबाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ ।
  - तालिम कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्न तालिम संचालन पूर्व र पश्चात मुल्यांकन छलफल श्रृंखलाबाट तालिम कार्यक्रमको मूल्यांकन गरी पृष्ठपोषण गर्ने व्यवस्था मिलाईनेछ । यसका लागि उपयुक्त समिति गठन गरिनेछ । उल्लेखित मूल्यांकन छलफल श्रृंखलाका सदस्यहरुले कार्यालय समय बाहेक छलफल गर्नु परेमा नियम अनुसार भत्ता उपलब्ध गराउन सकिनेछ ।

**अपेक्षित उपलब्धी:**

- कर्मचारीहरुको उद्यमशिलता सम्बन्धि क्षमता अभिवृद्धि हुने ।
- सर्वसाधारणलाइ उद्यमी बन्न सहयोग पुग्ने ।
- घरेलु उद्योग विकासमा टेवा पुग्ने ।
- स्थानीय रोजगार सृजना हुने ।

**तालिम कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नु पर्नेछ :**

- स्वीकृत लागत इष्टिमेट
- स्वीकृत पाठयोजना
- तालिम कार्यकम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा बिल भर्पाई
- तालिम कार्यक्रम संचालनका फोटोहरु
- तालिम मूल्यांकन फारम, सहभागीहरुको कार्ययोजना फारम र तालिमको विस्तृत प्रतिवेदन

## ८३. पदमार्गको डिजिटल म्यापिङ/पदमार्गको डिजिटाइजेसन र म्यापिङ

**उद्देश्य :** गण्डकी प्रदेशमा भएका पर्यटकीय पदमार्गहरुको डिजिटल नक्सा तयार गरी गुगल म्यापमा राखी वेवसाइट तथा प्रकाशनमा र प्रचार प्रसारमा लैजानुका साथै पर्यटकमैत्री नक्सा तयार गर्नु हो ।

**समेट्नुपर्ने कृयाकलाप :**

पदमार्गको जि.पि.एस. बिन्दु लिई नक्सा तयार गर्ने GPS नक्सालाई google map मा overlay गर्ने नक्सालाई web site मा portal बनाई राख्ने र mobile app तयार गर्ने ।

**कार्यान्वयन प्रक्रिया :**

- पदमार्गको सूचि बनाई क्रियाकलापहरु सम्पादन गर्ने कार्य सूचि बनाउने ।
- ToR अनुसार परामर्शदाताबाट कार्य सम्पादन गर्ने सूचना जारी गर्न पर्न आएका आर्थिक र प्राविधिक प्रस्ताव सार्वजनिक खरिद ऐन अनुसार छनौट गर्ने ।
- खरिद इकाइले छनौट गरेका संस्था वा परामर्श दातासंग संझौता गरी कार्य आदेश दिने ।
- छनौट भएका परामर्शदाताले प्रारम्भिक प्रतिवेदन र सम्पादन गर्ने कार्यको प्रस्तुति गर्नुपर्नेछ ।
- कार्य सम्पादन भएपछि परामर्शदाताले अन्तिम प्रस्तुति गरी सुझाव समेटी Hardcopy र Softcopy सम्वन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।
- यस कार्यको लागि तोकिएको कुल बजेटको ४ प्रतिशत Contingency राख्नुपर्नेछ ।
- यस शिर्षकमा छुट्याइएको बजेटबाट नियमानुसार कन्टिन्जेन्सी छुट्याई अनुगमन, समन्वय र बैठक लगायतका कृयाकलापहरु आर्थिक ऐन अनुसार संचालन गर्न सकिनेछ ।

**अनुगमन र प्रगति प्रतिवेदन :**

कार्यालयले तोकेको फिल्ड Officer ले नियमित अनुगमन गर्नुपर्नेछ भने सम्वन्धित निकायवाट समेत नियमित अनुगमन हुनेछ ।

**अपेक्षित उपलब्धि :** पदमार्गको डिजिटल म्याप तयार भएको हुनेछ र मोवाइल एप पनि तयार भएको हुनेछ ।

## ८४. पदमार्ग निर्माण, मर्मत र सौन्दर्यीकरण

**उद्देश्य :** यस कार्यक्रमको मुख्य उद्देश्य पर्यापर्यटनको वृद्धि गर्ने/soil conservation गर्नु रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** सर्भे, डिंजिटाइजेसन, माटो खन्ने, stone pitching, छाप्ने ढुंगा खरिद ढुवानी, सिडि निर्माण, रेलिङ निर्माण, पदमार्गमा दाँया बाँया सौन्दर्यमूलक बिरुवा रोपण, पानीका मुहान संरक्षण, साइड ड्रेन र विश्राम चौतारी, साइन पोष्ट निर्माण जस्ता क्रियाकलाप संचालन गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया :**

- पर्यटकीय स्थल जोड्ने गरी पहिलाका पदमार्ग निरन्तर हुने गरी सर्भे लागत तयार गर्ने
- उपभोक्ता समिति मार्फत कार्य सम्पन्न गर्ने सम्झौता गर्ने
- स्थानीय ढुंगा, स्लेट लगायतका मेटेरियल प्रयोग गरी १.२ मिटरदेखि १.५ मिटर चौडाइ भएको पदमार्ग निर्माण गर्ने । उपभोक्ता मार्फत काम गरेमा ८० प्रतिशत खर्चको व्यवस्था गर्ने, उपभोक्ता नहुने स्थानमा सार्वजनिक खरिद ऐन अनुसार टेण्डर गर्ने टेण्डर वा उपभोक्ताबाट कार्य गर्दा जिल्ला दर रेट अनुसार गर्ने

➢ सम्वन्धित कार्यालयका प्राविधिकले कम्तिमा ४ पटक अनुगमन गर्ने

**अनुगमन र प्रगति प्रतिवेदन :**

अनुगमन र Contingency को लागी ४ प्रतिशत बजेटको व्यवस्था गर्ने र कार्य सम्पन्न भए पछि कार्यसम्पन्न प्रतिवेदन र फोटो पेश गर्ने ।

**अपेक्षित उपलब्धि :** तोकिएको दुरीको पदमार्ग निर्माण भई पर्यटकले पदमार्ग प्रयोग गरेका हुने ।

## ८५. वेव पोर्टल र मोवाइल एप्स निर्माण

**उद्देश्य :** Data base Management,analysis, Data Entry र Update गर्नुका साथै software संचानल मार्फत सूचना प्रवाह गर्ने र मोबाइल एप्स प्रयोग गरी सूचना सम्प्रेषण गर्ने यसको मुख्य उद्देश्य रहेको छ ।

**समेट्नुपर्ने कृयाकलाप :** आवश्यक पर्ने तथ्यांक संकलन गर्ने, Software निर्माण गर्ने, आवश्यकताको पहिचान गर्ने, सार्वजनिक निकायको कार्य प्रगति हेर्ने र दुरुस्त राख्ने साथै सूचना संप्रेशण गर्ने जस्ता क्रियाकलाप संचालन गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया :**

- सूची दर्ता गर्ने, लागत अनुमान गर्ने र सार्वजनिक खरिद ऐन अनुसार खरिद प्रकृयालाई अगाडि बढाउने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** यस कार्यको अनुगमन सम्वन्धित विज्ञबाट र सम्वन्धित निकायवाट गरिनेछ ।

**अपेक्षित उपलब्धि :** छिटो र छरितो रुपमा आवश्यक सूचना सम्प्रेषण भएको हुनेछ ।

## ८६. धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, सम्वर्धन र विकास

**उद्देश्य :** धार्मिक र ऐतिहासिक मठमन्दिरको मर्मत तथा जिर्णोद्धार गरी संस्कृतिक महत्वको स्थलहरुमा धार्मिक पर्यटन वृद्धि गर्ने ।

**समेट्नुपर्ने कृयाकलाप :** आवश्यक पर्ने तथ्यांक संकलन गर्ने, Software निर्माण गर्ने, आवश्यकताको पहिचान गर्ने, सार्वजनिक निकायको कार्य प्रगति हेर्ने र दुरुस्त राख्ने साथै सूचना सम्प्रेषण गर्ने जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया :** सूची दर्ता गर्ने, लागत अनुमान गर्ने र सार्वजनिक खरिद ऐन अनुसार खरिद प्रकृयालाई अगाडि बढाउने ।

**अनुगमन र प्रगति प्रतिवेदन :** यस कार्यको अनुगमन संम्वन्धित विज्ञबाट र सम्बन्धित निकायवाट गरिनेछ ।

**अपेक्षित उपलब्धि :** छिटो, पारदर्शी र छरितो रुपमा आवश्यक सूचना सम्प्रेषण भएको हुनेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

## च. उद्योग, वाणिज्य तथा आपूर्तिसँग सम्बन्धित कृयाकलापहरु

### ८७. निकासीजन्य वस्तुको पहिचान, संकलन, प्रशोधन, भण्डारण, विकास र उत्पादन वृद्धि जस्ता विषयमा अभिमुखीकरण एंव सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन

चालु आ.व.मा उक्त कार्यक्रमका लागि रु. १५,००,०००/- (अक्षरुपी पन्ध्र लाख) विनियोजन भएको छ । वाणिज्य नीति २०६५ र नेपाल व्यापार एकीकृत रणनीति २०१० समेतले नयाँ निर्यात बजार र वस्तु पहिचान गरी निकासी वृद्धिमा जोड दिँदै आएको सन्दर्भमा गण्डकी प्रदेशमा निकासीजन्य वस्तुको पहिचान, संकलन, प्रशोधन, भण्डारण विकास र उत्पादन वृद्धि गर्नको लागि आयात र निर्यातको स्थितिको अध्ययन विश्लेषण गरी निकासीजन्य वस्तुको पहिचान गरेर उत्पादन गर्ने वा उत्पादनमा वृद्धि गर्ने तर्फ केन्द्रित भई उत्पादित वस्तुको संकलन, प्रशोधन तथा भण्डारणको समुचित व्यवस्था मिलाई निर्यात वृद्धिको योजना बनाउन अति आवश्यक रहेको छ । सोको लागि सीपमूलक तालिम सञ्चालन गर्न जरुरी भएकोले लक्षित समूहलाई सक्षम र सबल बनाउन सीप विकास तालिम संचालन गरिनेछ ।

गण्डकी प्रदेशमा विशेष गरी स्याउ, सुन्तला, जडीबुटी, अल्लो, नेपाली कागज र अन्य हस्तकलाका सामान, कृषिजन्य उपज, खनिजजन्य पदार्थ लगायतका सम्भावित निकासीजन्य वस्तुहरु रहेका छन् भने अन्य वस्तुहरुमा अलैंची, अदुवा, मह, च्याङग्रा पस्मिनाको वस्तु तथा उनी वस्तु, तयारी चाउचाउ, दुग्ध र दुग्धजन्य वस्तु, पर्यटन सेवा, जलविद्युत र पारवहन सेवा आदि सम्भाव्य निकासीजन्य वस्तु र सेवामा पर्दछन् । सम्वन्धित क्षेत्रका सरोकारवाला व्यक्ति, निकाय र विज्ञहरुसँग सहकार्य गरी गोष्ठी संचालन गरी प्राप्त निचोडका आधारमा अगाडी बढ्ने ।

**कार्यक्रम**

१) लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।

२) गण्डकी प्रदेश भित्र निकासीजन्य वस्तुको लगत संकलन गर्ने

३) उत्पादन, भण्डारण र विकास सम्वन्धि खाका तयार गर्ने

४) प्रदेश भित्रका जिल्लाहरुमा अभिमुखीकरण तथा सीप विकास तालिम कार्यक्रम एंव गोष्ठी सञ्चालन गर्ने

### ८८. उपभोक्ता जनचेतनाको लागी सूचनामूलक जागरण अभियान (प्रशिक्षण)

चालु आ.व. मा उक्त कार्यक्रमका लागी रु. १०,००,०००/- (अक्षरुपी दश लाख) विनियोजन गरिएको छ । आम उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उपभोग गर्न सचेत गर्दै सो सम्वन्धमा जनचेतना अभिवृद्धिका लागि सूचनामूलक जागरण अभियान संचालन गर्न संघीय उपभोक्ता संरक्षण ऐन, २०७५, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३, उपभोक्ता हक हित संरक्षण सम्वन्धि प्रदेश कानून तथा अन्य कानून र उपभोक्ता अधिकार सम्वन्धी प्रचलित संवैधानिक व्यवस्था वमोजिम उपभोक्ता अधिकार हनन हुन नदिन र अधिकारको सदुपयोगका लागी सक्षम बनाउन चेतनामूलक कार्यक्रम सञ्चालन प्रसारण तथा चेतनामूलक सामग्रीको वितरण गर्ने ।

**कार्यक्रम:**

(क) उपभोक्ता जनचेतनाको लागी प्रदेश भित्रका जिल्लाहरुमा तथा स्थानीय तहहरुमा अन्तरक्रिया, प्रशिक्षण एंवमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।

(ख) सन्देशमूलक सामग्री निर्माण गरी प्रदेशस्तरका टेलिभिजन च्यानल, रेडियो, एफ.एम, पत्रपत्रिका आदिबाट प्रसारण गर्ने, गराउने ।

(ग) बजार अनुगमन तथा उपभोक्ता जागरण सम्वन्धि कार्यमा खटिने पदाधिकारी (टोली) तथा कर्मचारी एंव उपभोक्ता संस्थाका प्रतिनिधिलाई (प्रचलित कानून वमोजिम दर्ता र नविकरण भएका) उपभोक्ता जागरण सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने, गराउने ।

(घ) विद्यालय तथा विश्वविद्यालय तहसम्मका निकायसँगको सहकार्य, समन्वय र साझेदारीमा विद्यार्थीहरुलाई उपभोक्ता जागरण प्रशिक्षण र कक्षा सञ्चालन गर्ने, गराउने ।

(ङ) मार्च १५ मा विश्व उपभोक्ता दिवस विविध कार्यक्रमका साथ मनाउने ।

लागत अनुमान तयार गरी स्वीकृत पश्चात् उक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसबाट प्रदेशका उपभोक्ताहरु जागरण र सचेत भई संविधान र प्रचलित कानुन वमोजिम प्राप्त अधिकार उपयोग गर्न सक्षम हुनेछन् ।

## ८९. प्रदेश भित्रका पेट्रोल पम्पको स्तरोन्नति गर्न मापदण्ड तयारी र कार्यान्वयन:

चालु आ.व.मा उक्त कार्यक्रमका लागी रु ५,००,०००/- (अक्षरुपी पाँच लाख) बजेट विनियोजन भएको छ । पेट्रोल पम्पको स्तरोन्नती सम्बन्धी मापदण्ड तयार गर्न ३ महिनाको समयावधि दिई निम्नानुसारको समिति गठन गरिएको छ र सो समितिले तयार गरेको मापदण्ड प्रदेश मन्त्रालयबाट स्वीकृत भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

१. उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक -संयोजक

२. ई.अ.सं. पश्चिमाञ्चल क्षेत्रीय क्याम्पस पोखराका मेकानिकल इन्जिनियर सम्बन्धी प्राध्यापक -सदस्य

३. मन्त्रालयको वाणिज्य महाशाखा हेर्ने अधिकृत -सदस्य

४. गुणस्तर तथा नापतौल कार्यालय पोखराका प्रमुख/अधिकृत प्रतिनिधि -सदस्य

५. उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको प्रतिनिधि -सदस्य

६. पेट्रोलियम एसोसियनको अध्यक्ष प्रतिनिधि -सदस्य

७. निर्देशनालयको वाणिज्य तथा आपूर्ति शाखा हेर्ने सातौं वा आठौं तहको अधिकृत -सदस्य सचिव

- लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।
- फिल्ड, सर्भे, मापदण्ड तयारी बैठकहरु एंव मापदण्ड लेखन कार्यका लागि नियमानुसारको दैनिक भ्रमण भत्ता, बैठक भत्ता र प्रतिवेदन तयारी खर्च दिने व्यवस्था हुनेछ ।
- चालु आ.व.मा प्रदेश भित्रका पेट्रोल पम्पहरुको स्तरोन्नति गर्नका लागि मापदण्ड तयार भै कार्यान्वयनमा आउनेछ ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा

## ९०. प्रादेशिक सार्वजनिक संस्था/संस्थानको विकास, औद्योगिक विकास र अध्ययन अनुसन्धान

प्रादेशिक सार्वजनिक संस्था/संस्थानको विकास, औद्योगिक विकास र अध्ययन अनुसन्धान (अन्य पूँजीगत अनुसन्धान परामर्श) को लागि छुट्टाइएको रकमबाट लागत अनुमान तयार गरी परामर्श सेवामार्फत उक्त अध्ययन अनुसन्धान गर्नको लागि आवश्यक तथ्यांक संकलन, अनुगमन, अध्ययन प्रतिवेदन समेत तयार गरी स्वीकृत गरिनेछ ।

## ९१. विजनेश इन्कुवेसन सेन्टर

चालु आ.व. को लागि विजनेश इन्कुवेसन सेन्टर स्थापना गर्न रु. १०,००,०००/- (अक्षरुपी दस लाख) विनियोजन भएकोमा उक्त सेन्टरलाई पूर्णता दिन लागत अनुमान तयार गरी स्वीकृत पश्चात् पुरानो भवन मर्मत, सञ्चार, पर्दा र कार्पेटको व्यवस्था, विद्युत वाइरिङ्ग तथा इलेक्ट्रोनिक सामग्री खरिद गरी सञ्चालनमा ल्याउनका लागि आवश्यक जनशक्ति तथा अन्य आवश्यक सामग्री व्यवस्थापन गरी सम्बन्धित सरोकारवाला उद्यमी एवं निकायसँग अन्तरकृया कार्यक्रम गर्ने । चालु आ.व.मा इन्कुवेसन कार्यविधि तयार गर्न, अवलोकन, निरिक्षण, तथ्यांक संकलन लगायतका कार्यको लागि भ्रमण भत्ता तथा कार्यविधि तयारीको लागि बैठक भत्ता लगायतमा खर्च गर्ने ।

## ९२. आयात निर्यात बाहेक देशभित्र वस्तु वा सेवा व्यापार र व्यवसाय गर्ने उद्देश्य भएका व्यवसायीहरुको दर्ता अनुमति, नविकरण, खारेजी अनुगमन लगायतका कामको नियमित गर्न १/१ जना कर्मचारी

आयात निर्यात बाहेक देश भित्र बस्तु वा सेवा व्यापार गर्ने उद्देश्य भएका व्यवसायीहरुको दर्ता अनुमति, नविकरण, खारेजी अनुगमन लगायतका कामको नियमित गर्न १/१ जना कर्मचारी (अध्ययन सर्वेक्षण/ अनुसन्धानको लागि) रु. ३६,००,००० (छत्तीस लाख) विनियोजन भएकोमा यस निर्देशनालय अर्न्तगतका कार्यालयहरुमा उद्योग, वाणिज्य, प्रशासन सम्वन्धी काम गर्नेको लागि उद्योग सम्वन्धि कम्तिमा १० दिने उद्यमशिलता विकास तालिम लिएका व्यक्तिहरु मध्येबाट १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी १२ जना सहजकर्ता निर्देशिकाको अधिनमा छनौट गरी आवश्यकता अनुसार काममा लगाउने ।

## ९३. व्यवसाय अनुगमन

जतिसुकै पूँजी भएको थोक तथा खुद्रा प्रकृतिका पसल स्टोर केन्द्र गृह, डिपो, फार्मेसी, गहना सम्बन्धी पसल स्टोर वा गृह जीवजन्तु बिक्री सम्बन्धी पसल वा केन्द्र वा गृह, व्यापारीक कम्पलेक्स, डिपार्टमेन्टल स्टोर्स, माटे वा मल ग्यास तथा इन्धन बिक्री गर्ने पम्प, इन्धन डिपो, मनी एक्सचेन्ज आदि जस्ता व्यवसाय अनुगमन (अध्यापन) सर्वेक्षण/ अनुसन्धान) कार्यको लागि रु. १५,००,००० (पन्ध्र लाख) विनियोजन भएको छ । लागत अनुमान तयार गरी स्वीकृत पश्चात् गण्डकी प्रदेश भित्रका ११ वटै जिल्लामा त्यस्ता छुट्टै प्रकृतिका कति वटा पसल वा व्यवसाय छन्, दर्ता कति छन्, नविकरण कति भएका छन्, कति दर्ता तथा नविकरण नभई सञ्चालनमा रहेका छन्, तिनको छुट्टाछुट्टै विवरण तयार गरी गण्डकी प्रदेशमा समग्र रुपमा तथ्यांक संकलन गरी अनुगमन गर्ने र सोको प्रतिवेदन तयार गर्ने । प्रतिवेदनमा विद्यमान सबल तथा दुर्बल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु उल्लेख हुनेछन् ।

## ९४. बजार अनुगमन र नियमन

बजार अनुगमन र नियमन (प्रशिक्षण) मा १५,००,००० (पन्ध्र लाख) विनियोजन भएकोमा प्रदेश बजार अनुगमन नियमावली, २०७६ बमोजिम आवश्यकता अनुसार लागत अनुमान अनुसार अनुगमन र भ्रमण गर्ने । अनुगमन कार्यका लागि नियमावली बमोजिम गठित बजार अनुगमन टोलीद्वारा प्रदेश अन्तर्गतका जिल्लाहरुमा अनुगमन गर्दा टोलीलाई विविध खर्च लगायत आवश्यक कार्यका लागि खाजा र यातायात खर्च दिईनेछ । बजार अनुगमन टोलीको बैठक बस्दा नियमानुसारको बैठक भत्ता उपलब्ध गराईनेछ ।

## ९५. कुमाल तथा दलित जाति उत्थान कार्यक्रम

प्रदेश सरकार उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा मातहत रहेको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय पोखराले आ.व. २०७६/७७ मा संचालन गर्ने आदिवासी जनजाति अर्न्तगत रहेका ५८ जनजाति मध्ये कुमाल जाति र दलित जाति उत्थान कार्यक्रम सञ्चालन गर्न प्रचलित नीति, नियम, कानुनको परिधिमा रही खर्च गर्न सकिनेछ ।

**कार्यक्रम**

क) गण्डकी प्रदेश भित्र रहेका कुमाल, दलित तथा अन्य जातिको लगत तथा पेशागत तथ्याङक संकलन गरी अद्यावधिक गर्ने,

ख) कुमाल, दलित तथा अन्य जातिको सामाजिक, शैक्षिक, आर्थिक तथा साँस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा एवं कार्यन्वयन गर्ने,

ग) कुमाल तथा दलित जातिको भाषा, लिपी, सँस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रर्वद्धन गर्दै परम्परागत सिप र पेशाको संरक्षण र प्रर्वद्धन गरी व्यवसायिक बनाउन सिप विकास तालिम संचालन गर्ने तथा उपयुक्त प्रविधि हस्तान्त्रण गर्ने,

घ) विश्वविद्यालय लगायतका अन्य निकायहरुसँगको सहकार्यमा विशेषज्ञताको सेवा परामर्श तथा तालिम कार्यक्रम सञ्चालन गर्ने,

ङ) कुमाल, दलित तथा अन्य जातिहरुको भाषा, लिपि, सस्कृति, साहित्य, कला, पेशा र इतिहासको संरक्षणका लागि विभिन्न संचार माध्यम तथा अन्तरक्रिया कार्यक्रम सचेतना गराउने ।

## ९६. उद्यमीका लागि उपयुक्त प्रविधि हस्तान्तरण

नेपाल सरकार एवं प्रदेश सरकारले अङ्गिकार गरेको नयाँ नेपालको अवधारणालाई आत्मसात गर्दै घरेलु तथा साना उद्यमीहरुको वृहत्तर हित र व्यवसायिक क्षमता अभिवृद्धिको लागि यस कार्यालयको लक्ष्य र उद्धेश्य अनुरुप भावी दिनहरुमा सरकारी, गैह्र सरकारी, निजी क्षेत्र एवं सहकारी क्षेत्रहरुमा हातेमालो गर्दै अगाडि बढ्ने निर्देशित कार्यलक्ष्य तयार गरिएको छ । सोहि लक्ष्य अनुरुप किस्तावन्दिमा उद्यमीहरुलाई आवश्यक कोरामाल मेशिन, ज्यावल तथा औजार आदि अनुदानमा वा सहुलियत दरमा आवश्यकता अनुसार उपयुक्त प्रविधि खरिद गरी विक्रि, वितरण तथा हस्तान्तरण गरिनेछ ।

**कार्यक्रमहरु**

क. उपयुक्त प्रविधि हस्तान्तरणको लागि आवेदन माग गरी सार्वजनिक सुचना प्रकाशन गर्ने,

ख. सूचनाको म्याद भित्र प्राप्त हुन आएका माग निवेदन मध्ये छनौटमा परेका सञ्चालित उद्योगहरुलाई परल मूल्यमा २० प्रतिशत सहभागी गराई ८० प्रतिशत छुट प्रदान गरी प्रविधि हस्तान्तरण गर्ने,

ग. हस्तान्तरित प्रविधिको उचित कार्यान्वयन भए नभएको सम्वन्धमा कार्यालय वा समय समयमा अनुगमन मुल्याङ्कन गरिनेछ ।

## ९७. उद्यमशिलता विकास तालिम

गण्डकी प्रदेश सरकारले आफ्नो लक्ष्य, उद्धेश्य प्राप्ती गर्नका लागि अवलम्वन गरेको समृद्ध प्रदेशको अवधारणालाई आत्मसात गर्दै प्रदेशको ग्रामिण एवं शहरी क्षेत्रमा कामको खोजिमा रहेका व्यक्तिहरुलाई स्थानीयस्तरबाटै रोजगारीको अवसर प्रदान गर्न स्थानीय श्रोत साधन सीपको सदुपयोग गर्दै आत्मनिर्भरता बढाउन व्यक्तिहरुमा सुषुप्त अवस्थामा रहेका उद्यमशिलताका लक्षणहरु जागृत गराई सफलतापूर्वक उद्योग व्यवसाय संचालन गर्न सक्ने उद्यमी व्यवसायी तयार गर्ने उद्धेश्य अनुरुप यस प्रदेशमा रहेका घरेलु तथा साना उद्योग विकास कार्यालयवाट उद्यमशिलता विकास तालिम संचालन गरिने । उक्त तालिम सञ्चालन गर्नको लागि तपशिल वमोजिम कार्यक्रम तय गर्नुपर्नेछ ।

**कार्यक्रमहरु**

(१) उद्यमशिलता सम्वन्धी तालिम संचालन गर्न सहभागी छनौटको लागि सुचना प्रकाशन गर्ने,

(२) प्राप्त सुचनाहरु संकलन गरी छनौटको उचित प्रक्रिया अवलम्वन गरि सहभागि छनौट गर्ने,

(३) तालिमस्थल र तालिम अवधि निर्धारण गर्ने,

(४) तालिमको प्रकृति अनुसार प्रशिक्षक छनौट गर्ने,

(५) उद्यमशिलता सम्वन्धि तालिम सञ्चालन गर्ने,

(६) अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

## ९८. युवा उद्यमशिलता सीप विकास तालिम

प्रदेशमा रहेका सक्षम, योग्य तथा कामको अवसर प्राप्त गर्न नसकेका ग्रामिण एंव सहरी क्षेत्रमा बसोबास गरेका १६ देखि ३५ वर्षका युवाहरुलाई उनीहरुको कार्यदक्षताको पहिचान गरी सीप विकास तालिम सञ्चालन गर्नुपर्ने आवश्यकता. देखि समृद्ध नेपाल सुखि नेपालीको अवधारणालाई मूर्त रुप दिइनेछ । स्वदेशमा नै रोजगारीको अवसर प्रदान गरी बढ्दो वैदेशिक गमनलाई कम गर्दै लैजाने उद्धेश्यको साथ युवा उद्यमशिलता सीप विकास तालिम संचालन गर्न तल उल्लेख भए बमोजिम कार्यक्रम तय गरिनेछ ।

**कार्यक्रमहरु**

(१) युवा उद्यमशिलता सीप विकास सम्वन्धी तालिम संचालन कार्यविधि तयार परिमार्जन गर्ने,

(२) तालिम संचालन गर्न सहभागी एवं प्रशिक्षक छनौटको लागि निश्चित अवधि तोकि सूचना प्रकाशन गर्ने,

(३) तालिम संचालन गर्नको लागि तालिम अवधि, तालिम स्थलको निर्धारण गर्ने,

(४) तालिम संचालनको लागि तोकिएको प्रक्रिया प्रा गरी सहभागि एवं प्रशिक्षक छनौट गर्ने,

(५) युवा उद्यमशिलता सीप विंकास सम्वन्धि तालिम संचालन गर्ने,

(६) तालिमको अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने ।

## ९९. उद्यमी सिर्जना तथा रोजगारी सीप विकास कार्यक्रम

प्रदेशको विभिन्न शहरी एवं ग्रामिण क्षेत्रमा रहेका एवं उपलब्ध हुन सक्ने श्रोत साधनको समुचित पहिचान गरी उद्यमी सिर्जना तथा रोजगार दिनको लागि सीप विकास कार्यक्रम आवश्यक देखिएको छ । देशमै उद्यमी सृजना गरी रोजगारीका लागि प्रचलित ऐन नियम निर्देशिका बमोजिम सीप विकास कार्यक्रम संचालन गरिनेछ । देशमा व्याप्त रहेको वेरोजगारी समस्या समाधान गर्न सिप विकास कार्यक्रम तपशिल बमोजिम तय गरिनेछ ।

**कार्यक्रमहरु**

(१) उपयुक्त श्रोत साधन पहिचान गरी उद्यमी सिर्जना तथा रोजगारी सीप विकास कार्यक्रम कार्यविधि तय गर्ने,

(२) उद्यमी सिर्जना तथा रोजगारी सीप विकास सचेतना तालिम दिन सहभागी छनौट गर्ने,

(३) सहभागि छनौट पश्चात प्रशिक्षक एवं तालिम स्थल छनौट गर्ने,

(४) अवधि (१ महिने, २ महिने, ३ महिने) निर्धारण गरी तालिम सञ्चालन गर्ने,

(५) अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

## १००. परम्परागत सीपमा आधारित व्यवसाय प्रवर्द्धन

परापूर्वकालदेखि अपनाउँदै आइरहेका परम्परागत सीपहरु जस्तैः सुती तथा ढाका बुनाई, रोजगारी तथा कम्बल बुनाई, उनी धागो कताई, डोको, डाला भकारी स्याखु मान्द्रो बुनाई कलात्मक बस्तुहरु भाडाकुँडा, कृषि औजार तथा सामाग्री आदि तयार गर्ने सिपको प्रवर्द्धन गर्न र आवश्यकता अनुसार आधुनिकिकरण र वजार योग्य सामान उत्पादन गर्न सहयोग पुग्ने खालका व्यवसाय प्रवर्द्धनमा सहयोग पुर्ने गरी व्यवसाय प्रवर्द्धन कार्यक्रम गर्न सकिन्छ ।

**कार्यक्रमहरु**

(१) परम्परागत सीपमा आधारित व्यवसाय प्रवद्धन कार्यविधि तयार गर्ने,

(२) परम्परागत सीपमा आधारित व्यवसायको पहिचान गर्ने,

(३) परम्परागत सीपमा आधारीत व्यवसाय प्रवर्द्धन गर्नको लागि तालिम संचालन गर्न सुचना प्रकाशन एंव माग संकलन गर्ने,

(४) संकलित माग अनुसार तोकिएको स्थानमा निश्चित अवधिको (१ महिने, २ महिने, ३ महिने),

(५) तालिम अवधिमा अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

## १०१. उद्योग प्रवर्द्धन

लघु, घरेलु तथा साना उद्योग व्यवसाय गर्न ईच्छुक व्यक्ति रुग्ण भई पूर्ण क्षमतामा संचालन हुन नसकेका लघु घरेलु तथा साना उद्यमीहरुलाई माग अनुसार विभिन्न विषयका व्यवस्थापन सम्वन्धी तालिम प्रदान गर्नुका साथै प्राविधिक र व्यवस्थापकीय सहयोग पुऱ्याई पूर्ण क्षमतामा उद्योग संचालन गर्न सक्षम बनाउनु यो कार्यक्रमको उद्धेश्य रहेको छ । उद्योग प्रवर्द्धनको लागि आवश्यकता पहिचान गरी निम्न अनुसार कार्यक्रम संचालन गर्न सकिनेछ ।

**कार्यक्रमहरु**

(१) उद्योग प्रवर्द्धन सम्वन्धि कार्यविधि परिमार्जन गर्ने ,

(२) रुग्ण वा पुर्ण क्षमतामा संचालन हुन नसकेका घरेलु तथा साना उद्योगको विवरण संकलन गर्ने,

(३) पुर्नताजगी एवं एडभान्स तथा विशिष्ट तालिम संचालन गर्ने,

(४) तालिम संचालनका लागि प्रशिक्षार्थी एवं प्रशिक्षक छनौट गर्ने,

(५) अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

## १०२. उद्यमी स्तरोन्ती कार्यक्रम

नेपालको आर्थिक विकासमा कृषि क्षेत्र माथिको निर्भरतालाई कम गर्दै औद्योगिक विकासको गतिलाई तिब्रता दिनु आजको टड्कारो आवश्यकता हो । यसै प्ररिप्रेक्ष्यमा गैह्र कृषि क्षेत्रमा आयमूलक रोजगारीको थप अवसरहरु सृजनाका लागि घरेलु तथा साना उद्योग विकास कार्यालयका माध्यमबाट उद्यमीको स्तरोन्नती गर्नका लागि विविध प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ । उद्यमी स्तरोन्नती गर्नका लागि तपसिल वमोजिम कार्यक्रम गरिनेछ ।

**कार्यक्रमहरु**

(१) उद्यमी छनौटको लागि सूचना प्रकाशन गर्ने,

(२) उद्यमी छनौटको लागि प्रकाशित सूचना वमोजिम प्राप्त माग संकलन गर्ने,

(३) उद्यमी छनौट गरी उद्यमी स्तरोन्नती सम्वन्धी तालिम संचालन गर्ने,

(४) तालिम प्राप्त उद्यमीलाई वर्ग अनुसार क्रमशः प्रविधि हस्तान्तरण गर्ने,

(५) अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

## १०३. जिल्लास्तरीय प्रगति समिक्षा कार्यकम तर्जुमा गोष्ठी

घरेलु तथा साना उद्योग विकास कार्यलयबाट बार्षिक रुपमा सम्पन्न गरिने कार्यकमहरुको जिल्ला स्तरीय प्रगति समिक्षा कार्यकम तर्जुमा गोष्ठी आयोजना गरिनेछ । यसरी गोष्ठीको आयोजनाले बार्षिक रुपमा भएको प्रगति एवं आगामी बर्षमा गर्नुपर्ने सुधारको बारेमा समिक्षा गरिने उद्धेश्यका साथ गोष्ठीमा तपशिलका कार्यकम समावेश गरिनेछ ।

**कार्यकमहरु**

(१) बर्ष भरिमा सम्पन्न गरिएका कार्यकमहरुको सिलसिलेवार रिपोर्ट तयार गर्ने,

(२) तयार गरीएको रिपोर्ट बमोजिम प्रगति समिक्षा कार्यकम तर्जुमा गोष्ठी संचालन गर्ने,

(३) गोष्ठीमा उठेका सवाल जवाफ अनुसार आगामी वर्षमा गर्नुपर्ने सुधारको संकलन गर्ने,

(४) जिल्लास्तरीय प्रगति समिक्षा कार्यकम तर्जुमा गोष्ठीको प्रतिवेदन तयार गर्ने ।

## १०४. कार्यालय सञ्चालनका लागि सोलार खरिद

घरेलु तथा साना उद्योग विकास कार्यालयबाट सेवा प्रवाह सञ्चालन गरिरहेको छ । यस्तो सेवालाई निरन्तर एवं नियमित रुपमा सञ्चालन गर्ने क्रममा समय समयमा विद्युत सेवा अवरुद्ध भएमा सेवामा अवरुद्ध नहोस भन्ने हेतुले कार्यालय्र सञ्चालनका लागि सोलार खरिद गरिनेछ ।

**कार्यकमहरु**

(१) कार्यालय सञ्चालनका लागि सोलार खरिद प्रस्ताव आव्हान गर्ने,

(२) प्राप्त प्रस्तावकहरुको संकलन गरी मुल्याङ्कन गर्ने,

(३) छनौट भएको प्रस्तावकलाई सोलार खरिदको जिम्मा दिने ।

## १०५. उपभोक्ता जनचेनताको लागि सूचनामूलक जागरण अभियान

नेपाल सरकारको समृद्ध नेपाल, सुखि नेपाली अभियानलाई सफल बनाउनको लागि घरेलु तथा साना उद्योग विकास कार्यालयको माध्यमबाट लघु, घरेलु तथा साना उद्योगलाई सुदृढ गरी उपभोक्ताको आर्थिक अवस्थालाई अगाडी बढाउन उपभोक्ता जनचेतनाका लागि सूचनामुलक जागरण अभियान सञ्चालन गरिनेछ ।

**कार्यकमहरु**

(१) उपभेक्ता जनचेतनाको लागि सुचनामुलक जागरण अभियान कार्यविधि तयार गर्ने,

(२) कार्यविधि अनुरुप अन्तरक्रिया कार्यकम संचालन गर्ने,

(३) विभिन्न संचार माध्यमवाट सुचनामुलक सन्देश प्रवाह गर्ने,

(५) अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

## १०६. उद्योग दर्ता अनुमति नविकरण, खारेज एवं नियमन

लघु तथा साना उद्योगहरुको स्थापना गरी सञ्चालन गर्नका लागि निश्चित नीति नियम वमोजिम घरेलु तथा साना उद्योग विकास कार्यालयमा दर्ता गरिन्छ । यसरी दर्ता भएका उद्योगहरुलाई वार्षिक रुपमा नविकरण गरिनेछ । दर्ता उद्योगहरुले तोकिएको मापदण्ड पूरा नगरेमा त्यस्ता उद्योगको दर्ता खारेजी गरिनेछ । त्यस्ता उद्योगहरुको नियमित रुपमा नियमन गरिनेछ ।

**कार्यक्रमहरु**

(१) उद्योग दर्ता नविकरण खारेज एवं नियमन प्रक्रिया भएको हुँदा निर्धारित नीति नियम, निर्देशिका बमोजिम दर्ता नविकरण खारेजी एवं नियमन गर्ने,

(२) उद्योग दर्ता नविकरण खारेजी एवं नियमन सम्वन्धी अभिलेख तयार गर्ने,

(३) अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

## १०७. औद्योगिक वातावरणमैत्री प्रशिक्षार्थी रोजगार कार्यक्रम

उद्योगहरुको स्थापना र संचालनका चरणमा नितान्त आवश्यक हुने प्राविधिक परामर्श तथा सेवा कार्यक्रममा औद्योगिक वातावरणमैत्री प्रशिक्षार्थी रोजगार कार्यक्रम सञ्चालन गरिनेछ । औद्योगिक वातावरणमैत्री प्रशिक्षार्थी रोजगार कार्यक्रमले लघु, घरेलु तथा साना उद्योगको व्यवस्थापकीय तथा प्राविधिक कठिनाईहरु निराकरण भई उद्योग व्यवसायको संचालन र प्रवर्द्धनमा सघाउ पुग्नेछ ।

**कार्यक्रमहरु**

(१) औद्योगिक वातावरणमैत्री कार्यविधि तयार गर्ने,

(२) औद्योगिक वातावरणमैत्री प्रशिक्षार्थी रोजगार कार्यक्रम सञ्चालन गर्नको लागि निवेदन माग गरी सूचना प्रकाशन गर्ने,

(३) सूचना वमोजिम प्राप्त निवेदन संकलन गर्ने,

(४) कार्यक्रम संचालन गर्न सहभागी छनौट गर्ने,

(५) औद्योगिक वातावरणमैत्री प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गर्ने,

(६) अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

## १०८. उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धि कार्य

देशको राष्ट्रिय अर्थतन्त्र अनुकुल घरेलु, लघु तथा साना उद्योहरुको स्थापना गरी उक्त उद्योगको माध्यमबाट वाणिज्य प्रशासनलाई सबल बनाईनेछ । उद्योग व्यवसायहरुको आपूर्ति व्यवस्था मिलाउनुका साथै घरेलु तथा साना उद्योग विकास कार्यालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय गठन भएको छ ।

**कार्यक्रमहरु**

(१) उद्योग तथा वाणिज्य प्रशासन सम्वन्धि कार्यविधि तयार गर्ने,

(२) उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी अन्तरक्रिया तथा गोष्ठी तयार गर्ने,

(३) उद्योग तथा वाणिज्य प्रशासन सम्वन्धी अन्तरक्रिया तथा गोष्ठीको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

## १०९. ढाका वस्तु विकास कार्यक्रम

परापूर्वकालदेखि अपनाइँदै आएका परम्परागत सीप मध्येको एक सीपका रुपमा रहेको ढाका वस्तु विकास कार्यक्रम महत्वपूर्ण कार्यक्रमको रुपमा रहेको छ । ढाका वस्तुको विकास कार्यक्रमको माध्यमद्धारा स्थानीय सीप, श्रोत र साधनलाई उचित प्रयोग गरी आर्थिक विकासमा टेवा पु-याउन देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ ।

**कार्यक्रमहरु**

(१) ढाका वस्तु विकास कार्यक्रम सञ्चालन गर्न निवेदन माग गरी सूचना प्रकाशन गर्ने,

(२) ढाका वस्तु विकास कार्यक्रम सञ्चालन गर्नको लागि प्राप्त मागहरु संकलन गर्ने,

(३) प्राप्त निवेदनहरु मध्येबाट सहभागी छनौट गर्न तथा प्रशिक्षणस्थल निर्धारण गर्ने,

(४) ढाका विकास कार्यक्रम सञ्चालन गर्ने,

(५) अनुगमन मूल्याङकन तथा प्रतिवेदन तयार गर्ने ।

## ११०. प्रचारप्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण (उत्पादन सामग्री सेवा तथा अन्य कार्यक्रम)

घरेलु तथा साना उद्योग विकास कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाइ व्यवस्थित, नियमित पारदर्शी रुपमा संचालन गर्न प्रचार प्रसारका सामाग्री उत्पादन तथा प्रकाशन र वितरण गरिनेछ । यसरी प्रचार प्रसारको माध्यमबाट सेवा प्रवाहलाई सिघ्र, शुन्य सहनशिलता, समावेशिता आदि रुपमा संचालन गर्न देहाय बमोजिम कार्यक्रम तय गरिनेछ ।

**कार्यक्रमहरु**

(१) प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण गर्न गोष्ठी, अर्न्तक्रिया कार्यक्रम संचालन गर्ने,

(२) प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण गर्न संस्थाको माग गरी सूचना प्रकाशन गर्ने,

(३) प्राप्त मागहरुको संकलन गरी मूल्याङ्कन गर्ने,

(४) संस्थाहरुको छनौट गरी प्रचार प्रसार एव सामाग्री उत्पादनको जिम्मेवारी दिने,

(५) कार्य जिम्मेवारीको प्रतिवेदन माग गरी अन्तिम रुप दिने ।

## १११. अल्लो अनुसन्धान कार्यक्रम

गण्डकी प्रदेशका पर्वत, म्याग्दी, बाग्लुङ्ग लगायतका जिल्लामा उत्पादनको सम्भावना रहेको अल्लो खेती आर्थिक बिकासको एउटा राम्रो श्रोत हो । अल्लो उत्पादन गरी देशको आर्थिक बिकासमा सहयोग पुऱ्याउने उद्धेश्यका साथ अल्लो अनुसन्धान कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ । अल्लो अनुसन्धान कार्यक्रम सञ्चालन गर्न तपसिल बमोजिम कार्यक्रम गरिनेछ ।

**कार्यक्रमहरु**

(१) अल्लो अनुसन्धान कार्यबिधि तयार गर्ने,

(२) अल्लो अनुसन्धानको लागि संस्थाहरुको माग गरी सूचना प्रकाशन गरी संस्था छनौट गर्ने,

(३) छनौट संस्थाहरुको मूल्याङ्कन गर्ने,

(४) छनौट संस्थाहरुको सम्झौता गर्ने,

(५) अल्लो अनुसन्धान कार्यक्रम संचालन गर्ने,

(६) प्रतिवेदन माग गरी अन्तिम रुप दिने ।

## ११२. अल्लो उत्पादन उद्यमी भ्रमण

अल्लो उत्पादन सम्बन्धी तालिम प्राप्त गरी व्यवसायमा संलग्न उद्यमीहरुलाई सोही प्रकृतिका अन्य उत्पादन कहिले के कस्तो किसिमले अल्लो उत्पादन कसरी गरेका छन् र बजार मागलाई कसरी पूर्ति गरी रहेका छन् भन्ने जानकारी गराई आफ्नो उत्पादनका रणनीति बनाई सफलतापूर्वक व्यवसाय संचालन गर्न यस भ्रमणले सहयोग पुऱ्याउने विश्वासका साथ अल्लो उत्पादन उद्यमी भ्रमण गरिनेछ ।

**कार्यक्रमहरु**

१) अल्लो उत्पादन उद्यमी भ्रमण सम्बन्धी प्रस्ताव तयार गर्ने,

२) अल्लो उत्पादन उद्यमी भ्रमणको लागि सहभागी छनौट गर्ने,

३) अल्लो उत्पादन उद्यमी भ्रमण कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्ने,

४) भ्रमणका क्रममा प्राप्त भएका देखिएका समस्या आदिको विवरण समावेश गरी प्रतिवेदन तयार गर्ने ।

**पुनश्च :** सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम हुने र अन्यको हकमा यस कार्यविधि वमोजिम हुने साथै यस कार्यविधिले नसमेटिएका सम्बन्धमा संघीय सरकारले तयार गरेको कार्यविधि, नर्मस् समेत प्रयोग गर्न सकिनेछ । संघीय सशर्त अनुदानको कार्यक्रमको हकमा संघीय सरकारले तयार गरेको कार्यविधि, नर्मस् नै प्रयोग गर्नुपर्नेछ ।